सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ चैत २०८२, शनिबार (4 Apr 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३४५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बिचौलिया भट्टसँगको 'कनेक्सन' खुलेपछि व्यवसायी अग्रवाल पक्राउ

सम्पत्ति शुद्धीकरणमा अनुसन्धान हुँदै



शंकरलाल अग्रवाल

नयाँ पत्रिका

शंकर ग्रुपका संस्थापक तथा अध्यक्ष शंकरलाल अग्रवाललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले नियन्त्रणमा लिएको छ। बिचौलिया दीपक भट्टसँग मिलेर नीतिगत अनियमिततामा जोडिँदै आएको शंकर ग्रुपमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छानबिन थालेसँगै अग्रवाल पक्राउ परेका हुन्।

विभागले उनलाई शुक्रबार कार्यालयमै बोलाएर सोधपुछ गरेको थियो। बयान नसकिएका कारण उनलाई ललितपुर प्रहरी हिरासतमा पठाइएको छ। जिल्ला प्रहरी परिसर, ललितपुरका एसपी गौतम मिश्रले भने विस्तृत विवरण आइनसकेको बताए। 'विभागले हामीलाई थुनामा राख्न पठाएको हो। अनुसन्धानको विषयमा विस्तृत जानकारी हामीसँग छैन,' उनले भने।

विभागले शंकर ग्रुपसँग निकट रहेका बिचौलिया दीपक भट्टलाई बिहीबार पक्राउ गरेको थियो। उनी विभिन्न कम्पनीका रकम दुरुपयोगमा संलग्न रहेको आरोपमा छानबिनमा छन्। भट्टले विगतमा शंकर ग्रुपलाई फाइदा हुने गरी विभिन्न नीतिगत निर्णय गराउन सफल भएको बताइएको छ। शंकर ग्रुपको मुख्य लगानीमा रहेको हिमालयन रि-इन्स्योरेन्समा ठुलो भ्रष्टाचारको आरोप लाग्दै आएको छ। रकम अनियमितताको विषयमा विभागले पछिल्लो समय विस्तृत अनुसन्धान गरेको थियो। विभागले थुनामै राखेर मुद्दा दायर गर्ने तयारी गरेको छ। भट्टसँग निकट रहेका अन्य व्यावसायिक घरानामाथि पनि विभागले छानबिन गरिरहेको स्रोतले जनाएको छ।

बहुदलपछि ११ सदस्यीय चुस्त क्याबिनेटदेखि ६४ जनाको भीमकाय सरकारसम्मको नालीबेली

०४७ प्रधानमन्त्री
कृष्णप्रसाद भट्टराई
११ सदस्यीय मन्त्रिपरिषद्
(१० मन्त्री)

०४८ प्रधानमन्त्री
गिरिजाप्रसाद कोइराला
२४ सदस्यीय मन्त्रिपरिषद्
(९ मन्त्री, ७ राज्यमन्त्री, ७ सहायकमन्त्री)

०५१ प्रधानमन्त्री
मनमोहन अधिकारी
१५ सदस्यीय मन्त्रिपरिषद्
(८ मन्त्री, ६ राज्यमन्त्री)

०५२ प्रधानमन्त्री
शेरबहादुर देउवा
५२ सदस्यीय मन्त्रिपरिषद्
(२७ मन्त्री, १६ राज्यमन्त्री, ८ सहायक मन्त्री)

०५३ प्रधानमन्त्री
लोकेन्द्रबहादुर चन्द
३४ सदस्यीय मन्त्रिपरिषद्
(२४ मन्त्री, ९ राज्यमन्त्री)

०५४ प्रधानमन्त्री
सूर्यबहादुर थापा
४७ सदस्यीय मन्त्रिपरिषद्
(२६ मन्त्री, १५ राज्यमन्त्री, ५ सहायक मन्त्री)

०५५ प्रधानमन्त्री
गिरिजाप्रसाद कोइराला
३२ सदस्यीय मन्त्रिपरिषद्
(२० मन्त्री, ४ राज्यमन्त्री, ७ सहायक मन्त्री)

०५५ प्रधानमन्त्री
गिरिजाप्रसाद कोइराला
१० सदस्यीय मन्त्रिपरिषद्
(९ मन्त्री)

०५६ प्रधानमन्त्री
कृष्णप्रसाद भट्टराई
३२ सदस्यीय मन्त्रिपरिषद्
(१८ मन्त्री, ८ राज्यमन्त्री, ५ सहायक मन्त्री)

०५६ प्रधानमन्त्री
गिरिजाप्रसाद कोइराला
३७ सदस्यीय मन्त्रिपरिषद्
(१७ मन्त्री, १४ राज्यमन्त्री, ५ सहायक मन्त्री)

०५८ प्रधानमन्त्री
शेरबहादुर देउवा
४१ सदस्यीय मन्त्रिपरिषद्
(१७ मन्त्री, १६ राज्यमन्त्री, ७ सहायक मन्त्री)

०५९ प्रधानमन्त्री
लोकेन्द्रबहादुर चन्द
२२ सदस्यीय मन्त्रिपरिषद्
(१४ मन्त्री, ७ सहायकमन्त्री)

०६० प्रधानमन्त्री
सूर्यबहादुर थापा
१९ सदस्यीय मन्त्रिपरिषद्
(१७ मन्त्री, १ राज्यमन्त्री)

०६१ प्रधानमन्त्री
शेरबहादुर देउवा
३० सदस्यीय मन्त्रिपरिषद्
(१८ मन्त्री, ७ राज्यमन्त्री, ४ सहायक मन्त्री)

०६३ प्रधानमन्त्री
गिरिजाप्रसाद कोइराला
२३ सदस्यीय मन्त्रिपरिषद्
(१७ मन्त्री, ५ राज्यमन्त्री)

०६५ प्रधानमन्त्री
पुष्पकमल दाहाल प्रचण्ड
२६ सदस्यीय मन्त्रिपरिषद्
(२५ मन्त्री)

०६६ प्रधानमन्त्री
माधवकुमार नेपाल
४४ सदस्यीय मन्त्रिपरिषद्
(२७ मन्त्री, १४ राज्यमन्त्री, २ सहायक मन्त्री)

०६७ प्रधानमन्त्री
झलनाथ खनाल
३९ सदस्यीय मन्त्रिपरिषद्
(२६ मन्त्री, १२ राज्यमन्त्री)

०६८ प्रधानमन्त्री
डा. बाबुराम भट्टराई
४९ सदस्यीय मन्त्रिपरिषद्
(२६ मन्त्री, २२ राज्यमन्त्री)

०६९ अध्यक्ष
खिलराज रेग्मी
११ सदस्यीय मन्त्रिपरिषद्
(१० मन्त्री)

०७० प्रधानमन्त्री
सुशील कोइराला
२४ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, २ राज्यमन्त्री)

०७२ प्रधानमन्त्री
केपी शर्मा ओली
४१ सदस्यीय मन्त्रिपरिषद्
(२८ मन्त्री, १० राज्यमन्त्री, २ सहायक मन्त्री)

०७३ प्रधानमन्त्री
पुष्पकमल दाहाल प्रचण्ड
४३ सदस्यीय मन्त्रिपरिषद्
(२८ मन्त्री, १४ राज्यमन्त्री)

०७४ प्रधानमन्त्री
शेरबहादुर देउवा
६४ सदस्यीय मन्त्रिपरिषद्
(३३ मन्त्री, ३० राज्यमन्त्री)

०७४ प्रधानमन्त्री
केपी शर्मा ओली
२५ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, ३ राज्यमन्त्री)

०७८ प्रधानमन्त्री
केपी शर्मा ओली
२५ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, ३ राज्यमन्त्री)

०७८ प्रधानमन्त्री
शेरबहादुर देउवा
२५ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, ३ राज्यमन्त्री)

०७९ प्रधानमन्त्री
पुष्पकमल दाहाल प्रचण्ड
२३ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, १ राज्यमन्त्री)

०८१ प्रधानमन्त्री
केपी शर्मा ओली
२५ सदस्यीय मन्त्रिपरिषद्
(२१ मन्त्री, ३ राज्यमन्त्री)

०८२ प्रधानमन्त्री
सुशीला कार्की
१५ सदस्यीय मन्त्रिपरिषद्
(१४ मन्त्री)



अहिले बालेन्द्र शाह नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषद्ले देश चलाउँदै, अधिकतम १७ सम्म बनाउने

● विगतमा दलहरूले मन्त्री पदलाई गठबन्धन र सत्ता टिकाउने 'औजार' बनाउँदा मन्त्रिपरिषद् जम्मो हुने मात्र होइन, एउटै सरकारमा आठ मन्त्री र आठ राज्यमन्त्री तथा विनाविभागीयसमेत नियुक्त गरिए। भागबन्डा मिलाउन ६ जनासम्म उपप्रधानमन्त्री बनाइए।



● तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित सरकारलाई अपदस्त गर्दै शासनसत्ता हातमा लिँदा पनि ३५ सदस्यीय जम्बो मन्त्रिपरिषद् बनाएर ढुकुटीमा रजगज गरे।

सुवास भट्ट/नयाँ पत्रिका

साढे तीन दशकको राजनीतिक उतारचढावपछि देशमा सानो र छरितो मन्त्रिपरिषद्को पुनरागमन भएको छ। बहुदलपछि ०४७ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ११ सदस्यीय अन्तरिम सरकार बनेको थियो। ३५ वर्षपछि अहिले प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले पनि प्रारम्भिक संरचनामा सानो आकारको मन्त्रिपरिषद् बनाएका छन्। बिचका वर्षहरूमा मन्त्री पदलाई दलीय गठबन्धन र सत्ता टिकाउने 'औजार' बनाइँदा मन्त्रपरिषद्को आकार नै भीमकाय हुने गरेको इतिहास छ।

०४६ को जनआन्दोलनपछि भएको निर्वाचनमा बहुमतप्राप्त कांग्रेसका नेता गिरिजाप्रसाद कोइराला ०४७ को संविधानअनुसार १२ जेठ ०४८ मा प्रधानमन्त्री नियुक्त भए। उनले २४ सदस्यीय मन्त्रिपरिषद् गठन गरे। उनीपछि प्रधानमन्त्री बनेका मनमोहन अधिकारीले १५ सदस्यीय छरितो क्याबिनेट बनाएका थिए। तर, त्यसपछिका वर्षहरूमा क्रमशः अस्वस्थ राजनीतिक प्रतिस्पर्धा र भागबन्डाले मन्त्रिपरिषद्को आकार पनि मनलाग्दी बढाउने प्रवृत्ति मौलाउँदै गयो।

बहुदलपछिका ३० प्रधानमन्त्रीमध्ये अधिकांशको अभ्यासले मन्त्रिपरिषद् गठन नीति निर्माणभन्दा

» पृष्ठ २ मा क्रमशः

झ्न्नयाँ

गीतलाई माया, समुदायलाई हेला



जातीय विभेदविरुद्ध गाइएका प्रायः गीत समाजमा हिट हुन्छन्, तर विभेद रोकिँदैन, किन ?

● पवन बराइली

■ गहना खोज्ने जात्रा



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

काठमाडौंको हाँडीगाउँमा शुक्रबार गहना खोजेर जात्रा मनाउँदै स्थानीय। जात्राका क्रममा गहना पोखरीमा टुँडालदेवीको खटलाई पोखरीभित्र तीनपटक परिक्रमा गराइन्छ। खटलाई पोखरीभित्र परिक्रमा गराएर देवीको गहना खोजिने भएकाले यो जात्रालाई गहना खोज्ने जात्रा भनिएको हो। कथनअनुसार छोरी भाटभटेनी आमा टुँडालदेवीलाई भेट्न जाँदा गोप्य सम्बन्ध रहेका पोडेसँग घुम्न हिँडेकी थिइन्। यसबाट रिसाएकी भाटभटेनी राति नै फर्किएकी थिइन्। यही क्रममा हराएको गहना प्रत्येक वर्ष यसरी नै खोज्ने गरिन्छ।

सभामुखमा अर्याल निर्विरोध

सभामुख पदका लागि डोलप्रसाद अर्यालको मात्र उम्मेदवारी दर्ता भएपछि निर्विरोध हुने प्रक्रिया सुनिश्चित, आइतबार बस्ने प्रतिनिधिसभा बैठकले घोषणा गर्ने

काठमाडौं/ प्रतिनिधिसभाको सभामुख पदमा रास्वपा उपसभापति डोलप्रसाद अर्याल निर्विरोध निर्वाचित भएका छन्। शुक्रबार सभामुख पदका लागि अर्यालको मात्र उम्मेदवारी दर्ता भएपछि निर्विरोध हुने प्रक्रिया सुनिश्चित भएको हो। नयाँ प्रतिनिधिसभामा २२ चैतमा सभामुख निर्वाचन हुन लागेको छ।

संसद् सचिवालयका अनुसार अर्यालको प्रस्तावकमा रवि लामिछाने र समर्थकमा स्वर्णिम वाग्ले, सोविता गौतम र सुनील लम्साल रहेका छन्। २२ गते बस्ने पहिलो बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावक र समर्थकले प्रस्ताव राख्ने, उम्मेदवारीमाथि छलफल गर्ने र दर्ताक्रमानुसार निर्णय गर्ने प्रक्रिया पूरा गरिनेछ। संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले अर्यालको एकल उम्मेदवारी परेसँगै उनी निर्विरोध निर्वाचित हुने र आइतबार बस्ने सभाले घोषणा गर्ने बताए। धादिङनिवासी अर्याल काठमाडौं ९ बाट निर्वाचित सांसद हुन्।

संविधानअनुसार प्रतिनिधिसभाको पहिलो बैठक भएको १५ दिनभित्र सभामुख र उपसभामुख निर्वाचित हुनुपर्छ। पहिलो बैठक १९ चैतमा सम्पन्न भएको थियो।



● मनोनयन दर्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै डोलप्रसाद अर्यालले भने–

हामीसँग संविधान छ, कानुन छ। सभामुखको काम, कर्तव्य र अधिकार संविधान र कानुनले नै निर्धारण गरेका छन्। म त्यहीअनुसार अघि बढ्नेछु। मैले जुन जिम्मेवारी पाउँदै छु, जिम्मेवारीमा पुगेपछि संविधान, कानुन, नेपाली जनताको हितमा र राष्ट्रियताको हितमा व्यवस्थापिकाले गर्नुपर्ने काम न्यायसम्मत गर्नेछु।

पश्चिम एसियाबाट १५ दिनभित्र नेपालीको उद्धार गर्ने तयारी

● **परराष्ट्र मन्त्रालयको पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काले भने–**



विशेषतः रोजगार गुमाएका, बिरामी परेका तथा विपन्न नागरिकको हकमा हरेक उद्धार उडानमा सम्बन्धित नेपाली नियोगको सिफारिसमा पाँचजनालाई न्यूनतम भाडादरमा स्वदेश आउने व्यवस्था गरिएको छ।

नयाँ पत्रिका

परराष्ट्र मन्त्रालयले पश्चिम एसियाका मुलुकमा आपत्कालीन अवस्थामा स्वदेश फर्किनुपर्ने नेपाली नागरिकलाई १५ दिनभित्र उद्धार गर्ने निर्णय गरेको छ। नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्समार्फत योजनाबद्ध उद्धार उडान सञ्चालन गर्दै रोजगार गुमाएका, बिरामी र अशक्त नेपालीलाई न्यूनतम भाडादरमा

» पृष्ठ २ मा क्रमशः

३८ शव ल्याउन बाँकी

पश्चिम एसियामा विभिन्न कारणले मृत्युवरण गरेका, तर जारी द्वन्द्वका कारण ३८ नेपालीको शव ल्याउन बाँकी छ। परराष्ट्रका अनुसार दुबईमा १५, साउदी अरबमा १७, कतारमा दुई, साइप्रसमा दुई, इजरायलमा एक, बहराइनमा एक गरी जम्मा ३८ जनाको शव ल्याउन बाँकी छ। अब उद्धार उडानमार्फत शव ल्याउन गम्भीर गृहकार्य भएको परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। उद्धारलगायतका लागि सरकारले पश्चिम एसियाली मुलुकमा रहेका नेपाली नियोगहरूलाई १० लाख रुपैयाँको दरले बजेट व्यवस्था गरेको छ।

इरानमा ११ जना नेपाली छन्। द्वन्द्व सुरु हुनुभन्दा अघि नै इरानी प्रहरीले पत्राउ परेका अमृत भा हाल हिरासतमा छन्। भासँग वकिलले भेटेको तथा उनी सुरक्षित रहेको जानकारी प्राप्त भएको प्रवक्ता क्षेत्रीले बताए। इरानी अदालतले भाविरुद्धको सजाय सुनाइसकेको छैन।

बोलपत्र प्रणाली नै ह्याक गरेर अर्बौंका ठेक्का कब्जा

ठुला ठेकेदार प्रहरी छानबिनमा

अनलाइन बोलपत्र प्रणाली ह्याक गरी प्रतिस्पर्धीका प्रस्ताव चोरी हेर्ने र अन्तिम क्षणमा सस्तो 'बिड' हाल्ने संगठित जालोमाथि प्रहरीको अप्रेसन

नयाँ पत्रिका

सरकारी विद्युतीय बोलपत्र प्रणाली ह्याक गरी ठेक्का हत्याउने प्रकरणमा संलग्न ठेकेदार पत्राउ पर्न थालेका छन्। बिहीबार सिआइबीले ठेकेदार सागर कटवाललगायतलाई पत्राउ गरी सोधपुछ थालेको छ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले दुई महिना लामो अनुसन्धानपछि कारबाही प्रक्रिया अघि बढाएको हो। प्रहरी स्रोतका अनुसार यस प्रकरणमा दर्जनौं 'ए' वर्गका ठेकेदारहरूकै मिलेमतो देखिएको छ। सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले अनुसन्धान जारी रहेकाले विस्तृत विवरण सार्वजनिक गर्न नमिल्ने र अनुसन्धान सकिएपछि सबै तथ्य सार्वजनिक गर्ने बताए। 'सरकारी बोलपत्रमा भएको ह्याकिङको विषयमा विस्तृत अनुसन्धान भइरहेको छ,' अनुसन्धान पूरा भएपछि सबै विवरण सार्वजनिक गर्छौं,' उनले भने।

प्रारम्भिक अनुसन्धानले देखाएअनुसार ठुला ठेकेदारहरूले ह्याकरसँग मिलेर सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत पहुँच पुऱ्याउँथे। त्यसमार्फत प्रतिस्पर्धी कम्पनीहरूको आर्थिक प्रस्ताव हेरेर अन्तिम समयमा त्यसभन्दा कम दरमा 'बिड'

» पृष्ठ २ मा क्रमशः



सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रडटकमडटएनपीमार्फत अनलाइन बोलपत्रको व्यवस्थापन गर्दै आएको छ। सोही वेबसाइटमा ठेकेदारहरूले बोलपत्र प्रविष्ट गर्नुपर्ने हुन्छ। तर, केही गिरोहले बोलपत्रको प्रणाली ह्याक गरी अरूले पेस गरेको बोलपत्र हेर्ने गरेका थिए। बोलपत्र पेस गर्न तोकिएको समयभन्दा केही मिनेट मात्र अगाडि सबैको भन्दा कम हुने गरी आफ्नो आर्थिक प्रस्ताव राखेर ठेक्का कब्जा गर्दै आएको कार्यालयको प्रारम्भिक छानबिनले देखाएको छ। कार्यालयको सिफारिसमा अहिले सिआइबीले विस्तृत अनुसन्धान गरिरहेको छ।

● **एआइजी मनोज केसी**, प्रमुख, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)



सरकारी बोलपत्रमा भएको ह्याकिङको विषयमा विस्तृत अनुसन्धान भइरहेको छ। अनुसन्धान पूरा भएपछि सबै विवरण सार्वजनिक गर्छौं।

● **रामप्रसाद आचार्य**, प्रवक्ता, सार्वजनिक खरिद अनुगमन कार्यालय



हिजोका दिनमा लुपहोलमा खेलेर गलत गतिविधि भए, अहिले राज्यले नै यसमा अग्रसरता लिएर छानबिन र सुधार अघि बढाएको छ। प्रहरीबाट पनि विस्तृत अनुसन्धान भइरहेको छ। हामीले पनि सिस्टमलाई बलियो बनाउने काम गरिरहेका छौं।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जनमत अस्वीकार गर्ने विवादास्पद अभिव्यक्ति एमालेले सच्यायो

नयाँ पत्रिका

२१ फागुनको निर्वाचन परिणामप्रति विवाद उत्पन्न गर्ने संसदीय अभिव्यक्तिलाई एमालेले 'तुरुन्तै' सच्याएको छ। संसदीय दलका नेता तथा कार्यवाहक अध्यक्ष रामबहादुर थापा 'बादल'ले संसद्को पहिलो बैठकमा बिहीबार नेपाली सेना, कर्मचारीतन्त्र र विदेशी एनजिओको रास्वपाको जितमा निर्णायक भूमिका रहेको बताएका थिए।

थापाको अभिव्यक्तिले एमालेको लोकतन्त्रप्रतिको प्रतिबद्धता, राज्यका अंगप्रति दृष्टिकोण र अन्तर्राष्ट्रिय सम्बन्धमा असर पर्न सक्ने भन्दै उपाध्यक्ष विष्णु पौडेल र उपमहासचिव योगेश भट्टराईलगायतले आपत्ति जनाएका थिए। त्यसपछि अर्को दिन शुक्रबार केन्द्रीय सचिवालय बैठकले विवादास्पद अभिव्यक्तिलाई स्पष्ट गर्दै जनमतको सम्मान गर्ने पक्षमा पार्टीको धारणा सार्वजनिक गरेको हो।

'संसदीय दलका नेताका अभिव्यक्तिबारे गम्भीरतापूर्वक छलफल गरेर केही अस्पष्टलाई बैठकले स्पष्ट पार्ने काम गरेको छ। उहाँको कुरा गलत थिएन, तर त्यसले केही अन्तरविरोध देखा पर्‍यो। उहाँको अभिव्यक्तिबाट जनमतलाई अलिकति नस्विकारेको जस्तो देखिएको हुनाले जनताले दिएको मतलाई हामीले सम्मान गर्छौं भनेर कन्फ्युजन स्पष्ट पारेको छौं,' बैठकपछि उपमहासचिव लेखराज भट्टले भने, 'मुलुकको संविधान र प्रचलित कानुनबमोजिम निर्माण भएका नेपाली सेनालगायत राज्यका सबै सुरक्षा निकाय, निजामती प्रशासन (ब्युरोक्रेसी) र अन्तर्राष्ट्रिय समुदायप्रति हाम्रो पार्टीको सम्बन्ध पूर्ववत् एवं मित्रवत् रहेको र यस्तो सम्बन्ध भविष्यमा अझ सुदृढ बनाइने कुरा बैठकले स्पष्ट पारेको छ।'

संसद् बैठकमा थापाले कलर रिभोलुसनमार्फत रास्वपाको विजयमा नेपाली सेनासहित अन्य संस्थाको निर्णायक भूमिका रहेको दाबी गरेका थिए। उनको विवादास्पद अभिव्यक्तिलाई संसद्मा रेकर्ड भइसके पनि हटाइएको छैन। त्यसलगत्तै उनले त्यस्तो विजयमा नेपाली सेनासहितले भूमिका खेलेको तथ्यहरूले पुष्टि गरेको दाबी गरेका थिए। 'यो अभूतपूर्व विजयमा आन्तरिक रूपमा क-कसको निर्णायक भूमिका रह्यो ? रास्वपाको अभूतपूर्व विजयमा तथ्यहरूले के स्पष्ट गर्छ भने नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग, बाराबरा फाउन्डेसन, एनजिओ आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो। त्यसैले ती संस्था र पात्रहरूलाई पनि एमालेको तर्फबाट धेरै-धेरै बधाई भन्न चाहन्छु,' बादलले भनेका थिए।

उपमहासचिव रघुवीर महासेठले संसदीय दलका नेताको अभिव्यक्तिबारे सामान्य छलफल गरेर बैठकले निर्णय लिएको बताए। 'उहाँ (रामबहादुर थापा 'बादल') दलको नेता र कार्यवाहक अध्यक्ष हुनुभएकोमा बधाई दियो र उहाँको अभिव्यक्तिको आशयमाथि सामान्य छलफल गरेर पार्टीले धारणा बाहिर ल्याएको हो,' महासेठले भने।

पार्टीको अकल्पनीय पराजय र पछिल्लो जनमतलाई सम्मान गर्दै एमालेभित्र पुनर्गठनमार्फत युवाको अभिमत कदर गर्नुपर्ने दबाब बढिरहेका वेला संसदीय दलको नेता बन्ने रुचि राखेका सुहाङ नेम्वाङलाई रोकेर थापालाई बनाइएकोमा ठुलो पंक्ति असन्तुष्ट छ। दुई दिनदेखि विरोध प्रदर्शन गर्दै आएको विद्यार्थीको समूहले बैठक सुरु हुनुअघि पदाधिकारीलाई हातमा गुलाफको फूल दिएर पार्टीको नेतृत्व क्रमशः युवाहरूमा हस्तान्तरण गर्ने गरी छलफल अगाडि बढाउन ध्यानाकर्षण नै गराएका थिए। उनीहरूको लगातारको ध्यानाकर्षणलाई बैठकले सुझावका रूपमा ग्रहण गरेको बैठकले निर्णयमा उल्लेख गरेको छ। 'यस निर्वाचनका सम्बन्धमा पार्टी पंक्ति, खासगरी युवा पंक्तिबाट प्राप्त भएका सकारात्मक सुझावहरूलाई पार्टीले गम्भीरतापूर्वक लिएको छ,' निर्णयमा लेखिएको छ।

त्यस्तै, बैठकले संसदीय दल नेताको निर्वाचनका सम्बन्धमा सार्वजनिक सञ्चारमाध्यममा आएका प्रतिक्रियाहरूप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। पार्टीको निर्देशन र हस्तक्षेपविनै सर्वसम्मत नेतृत्व चयन भएको स्पष्ट पारेको छ। साथै, बैठकले लोकतान्त्रिक विधिबाट भएको निर्णयलाई सम्मान गरेर सार्वजनिक रूपमा नकारात्मक टिप्पणी नगर्न एमालेले पार्टी पंक्तिलाई आह्वान पनि गरेको छ।

त्यस्तै, बैठकले प्रधानमन्त्रीका रूपमा निर्वाचित बालेन्द्र शाहलाई संस्थागत रूपमा बधाई दिँदै चुनावमा सहभागी सम्पूर्ण मतदाता, निर्वाचन आयोग, सुरक्षा निकाय, राष्ट्रसेवक कर्मचारी, निर्वाचन प्रहरी, पर्यवेक्षक, सञ्चारकर्मी, नागरिक समाजलगायत सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गरेको छ।

त्यस्तै, बैठकले महिला नेता, कार्यकर्ता र शुभेच्छुकमाथि भइरहेको साइबर आक्रमणको निन्दा गर्दै कानुनी उपचारमा सक्रिय हुन आह्वान गरेको छ। विद्यार्थी संगठनहरूको खारेजी, सरकारी विज्ञापन वितरण प्रक्रिया र प्रेस स्वतन्त्रतासम्बन्धी विषयमा पनि बैठकले सरकारको ध्यानाकर्षण गराएको छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्मः
२०१० मार्ग ०१

स्वर्गारोहणः
२०८२ चैत्र ०९

स्व. केशव प्रसाद आचार्य

यस संस्थाका संस्थापक सदस्य तथा सल्लाहकार **केशव प्रसाद आचार्य**को मिति २०८२ चैत्र ०९ गते ७२ वर्षको उमेरमा भएको दुःखद निधनमा हामी शोकाकुल भएका छौं। यस संस्थाको तर्फबाट दिवंगत आत्माप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछौं।

साबल सहकारी संस्था लि.
परिवार
धुम्बाराहीचोक, चक्रपथ, का.म.पा.-४

७८ गाउँपालिका र ४९ नगरपालिकामा खटाइयो प्रमुख प्रशासकीय

काठमाडौं/ संघीय मामिला मन्त्रालयले स्थानीय तहमा लामो समयदेखि देखिएको प्रमुख प्रशासकीय अधिकृत अभाव समाधान गर्ने प्रक्रिया तीव्र बनाएको छ। मन्त्रालयले हालसम्म ७८ गाउँपालिका र ४९ नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत खटाइसकेको छ भने थप ४६ नगरपालिकामा पठाउने तयारी अन्तिम चरणमा पुगेको छ। बिहीबार मात्र ७८ गाउँपालिकामा कर्मचारी खटाइएसँगै गाउँपालिका तहमा प्रमुख प्रशासकीय अधिकृतको अभाव लगभग समाप्त भएको मन्त्रालयले जनाएको छ। मन्त्री प्रतिभा रावलका अनुसार मेरिट, कार्यसम्पादन र मानवीय अवस्थालाई आधार बनाएर खटनपटन गरिएको छ।

सिटी वालेट प्रा.लि. र छिटो पैसा प्रा.लि. एक आपसमा गाभिई 'सिटी वालेट प्रा.लि.' कायम हुने सम्बन्धी सार्वजनिक सूचना

यस बैंकबाट भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरू **सिटी वालेट प्रा.लि. र छिटो पैसा प्रा.लि.** एक आपसमा गाभिई साविकका संस्थाहरूको सम्पूर्ण सम्पत्ति तथा दायित्व गाभिएपश्चात् बन्ने संस्थामा सर्नेगरी गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान भएअनुरूप दुवै संस्थाबाट सञ्चालन हुँदै आएको भुक्तानीसम्बन्धी सम्पूर्ण कारोबार मिति २०८३/०१/०३ गते बिहीबारका दिनदेखि एकीकृत रूपमा '**सिटी वालेट प्रा.लि.**' को नामबाट सञ्चालन हुने भएकोले '**भुक्तानी तथा फछ्र्यौट विनियमावली** (**पहिलो संशोधन**, २०८०), २०७७' को विनियम ३७ को उप-विनियम १३ मा भएको व्यवस्थाबमोजिम सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग
बालुवाटार, काठमाडौं

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

कालंगा हाइड्रो लिमिटेड
Kalanga Hydro Limited

रजिष्टर्ड कार्यालय : ल.पु.म.न.पा.-३, धोबिघाट, ललितपुर, नेपाल, फोन नं. ०१-५५२००२७ र ५५२४३३५
इमेलः hydrokalanga@gmail.com वेवसाइटः www.kalangahydro.com.np

वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका निमित्त निष्काशन गरिएको साधारण शेयरको बाँडफाँड तथा रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

कालंगा हाइड्रो लिमिटेडको रु. १००/- अंकित दरको ३,५०,००० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुकको लागि मिति २०८२ चैत्र १० गतेदेखि २०८२ चैत्र १५ गतेसम्म बिक्री खुल्ला गरिएकोमा सो अवधिभित्र रितपूर्वक आवेदन दिनु हुने आवेदकहरु मध्ये ३५,००० जना आवेदकहरुलाई ३,५०,००० कित्ता शेयर बाँडफाँड सम्बन्धी प्रचलित कानून बमोजिम मिति २०८२/१२/२० गते शुक्रबार बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको लागि सूचित गर्दछौं।

बाँडफाँडमा परेका शेयरहरुको विवरण धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइडः www.sanima.capital अथवा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित वेबसाइडः iporesult.cdsc.com.np /meroshare.cdsc.com.np बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा शेयर पर्न सफल आवेदकहरुको रकम निष्काशन तथा बिक्री प्रबन्धकले उपलब्ध गराएको बैंक खातामा रकमान्तरण गर्नुहुन र बाँडफाँडमा नपरेको शेयर वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाताबाट फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराईन्छ।

निष्काशन तथा बिक्री प्रबन्धक :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)
रजिष्टर्ड कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ, फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimacapital.com, Website: www.sanima.capital

बहुदलपछि...

पृष्ठ १ बाट क्रमशः

बढी दलीय सन्तुलन मिलाउने माध्यम बन्दै गएको देखाएको छ। मन्त्री, राज्यमन्त्री र सहायक मन्त्री थप्दै जाँदा क्याबिनेट 'जम्बो' बन्थ्यो। यसको चरम उदाहरण ०७४ मा देखियो, जब शेरबहादुर देउवाले ६४ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दै इतिहासकै सबैभन्दा ठुलो क्याबिनेट बनाए।

यो प्रवृत्तिले सत्ताको फोहरी खेललाई मलजल मात्र गरेन, राज्यको खर्च बढायो, निर्णय प्रक्रिया जटिल बनायो र कार्यसम्पादनमा प्रभाव पार्‍यो। सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले समेत मन्त्रालय संख्या घटाउन सुझाएको थियो। आयोगका अध्यक्ष डा. डिल्लीराज खनालका अनुसार १६ मन्त्रालय पर्याप्त हुने निष्कर्ष निकालिएको थियो। यही पृष्ठभूमिमा हालको १५ सदस्यीय मन्त्रिपरिषद् महत्त्वपूर्ण मोडलका रूपमा पनि हेरिएको छ।

प्रतिनिधिसभा निर्वाचनपछि दुईतिहाइनजिक सिट प्राप्त राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बनेको सरकारले सानो क्याबिनेट रोजेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले १३ चैतमा शाहलाई प्रधानमन्त्री नियुक्त गरेपछि १५ सदस्यीय मन्त्रिपरिषद् गठन भएको छ। यद्यपि, केही मन्त्री थपिएर १७ पुग्ने सम्भावना छ।

सरकारले पहिलो बैठकमै शासकीय सुधारसम्बन्धी सय कार्यसूची पारित गरेको छ। त्यसअन्तर्गत ३० दिनभित्र मन्त्रालय संख्या घटाएर १७ मा झार्ने प्रस्ताव अघि बढाइएको छ। यसलाई प्रशासनिक पुनर्संरचना र मितव्ययिताउन्मुख प्रयासका रूपमा हेरिएको छ।

हाल २२ मन्त्रालय भए पनि प्रधानमन्त्रीसहित अधिकतम २५ सदस्यीय मन्त्रिपरिषद् बनाउन सकिने संवैधानिक प्रावधान छ। तर, दोहोरो जिम्मेवारीसहित मन्त्री संख्या सीमित राख्ने निर्णयले खर्च नियन्त्रणमा मद्दत पुग्ने अपेक्षा गरिएको छ।

तीन दशकको अनुभवले भन्छ- मन्त्रिपरिषद् सानो हुँदा निर्णय छिटो हुन्छ, जिम्मेवारी स्पष्ट हुन्छ। ठुलो हुँदा भने भागबन्डा बढ्छ, प्रभावकारिता घट्छ।

नयाँ पत्रिकाले ०४८ यताको मन्त्रिपरिषद् गठनको अवस्थाबारे अध्ययन गरेको छ। त्यसका लागि मूल रूपमा सरकारले राजपत्रमा प्रकाशित गरेको सूचनालाई आधार मानिएको छ।

सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ का अध्यक्ष तथा अर्थशास्त्री डा. डिल्लीराज खनाल सानो आकारको मन्त्रिपरिषद् अनावश्यक खर्चको बेथितिलाई नियन्त्रण गर्दै अघि बढ्न यो महत्त्वपूर्ण कदम भएको बताउँछन्। उनले खर्च कटौतीका अन्य कदमहरू पनि चाल्न सुझाएका छन्।

'आयोगको प्रतिवेदनमा संघीय मन्त्रालयको संख्या घटाउन स्पष्ट सुझाव दिएका थियौं। खर्च कटौतीको सुरुवात नै मन्त्रालय संकुचनबाट गर्नुपर्छ भन्ने हाम्रो निष्कर्ष थियो। १६ मन्त्रालय पर्याप्त हुने सिफारिस गरिएको थियो। अहिले सरकारको निर्णय त्यही दिशातर्फ उन्मुख देखिन्छ, जसलाई सकारात्मक सुरुवातका रूपमा लिन सकिन्छ। अनावश्यक खर्चको बेथितिलाई नियन्त्रण गर्दै अघि बढ्न यो महत्वपूर्ण कदम हो,' उनी भन्छन्, 'यससँगै विभाग, समानान्तर संरचना, कोष, समिति र परिषद्हरूको पनि पुनरावलोकन र कटौती आवश्यक छ। हाल रहेका करिब ६०-६५ विभागलाई घटाएर कम्तीमा ३५ मा सीमित गर्नुपर्ने सुझाव आयोगले दिएको छ। संघीय संरचनामा देखिएको दोहोरोपन हटाउँदै अनावश्यक कार्यालय खारेज गर्नुपर्छ। यस प्रक्रियामा कर्मचारी दरबन्दीसमेत समायोजन र संकुचन गर्नु अपरिहार्य छ।'

दलहरूले नै हुर्काएको बेथिति

जनआन्दोलनपछि बहुमतप्राप्त कांग्रेस नेता कोइराला नेतृत्वको मन्त्रिपरिषद् सुरुमा १५ सदस्यीय रहेकोमा त्यसको एक महिनापछि २१ असारमा दुई राज्यमन्त्री नियुक्त थपियो। १५ पुसमा पुनर्गठन गरेर कोइरालाले आफूसमेत १० मन्त्री, सात राज्यमन्त्री र सात सहायक मन्त्रीसहित मन्त्रिपरिषद् २४ सदस्यीय पुर्‍याए।

२९ कात्तिक ०५१ मा सम्पन्न मध्यावधि निर्वाचन परिणामपछि एमाले संसदीय दलका नेता प्रधानमन्त्री मनमोहन अधिकारी १३ मंसिरमा प्रधानमन्त्री बने। उनकै सिफारिस र अध्यक्षतामा १४ मंसिरमा राजाले एक उपप्रधानमन्त्री र ६ राज्यमन्त्रीसहित १५ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए।

कांग्रेसले हालेको अविश्वासको प्रस्ताव संसद्बाट २५ भदौ ०५२ मा बहुमतले पारित भएपछि प्रधानमन्त्री मनमोहन अधिकारीले राजीनामा दिए। २६ गते नै कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाको नेतृत्वमा बहुमतको सरकार गठन भयो। राजाले देउवालाई प्रधानमन्त्रीमा नियुक्त गरे। २७ गते देउवाको सिफारिसमा पाँच सदस्यीय मन्त्रिपरिषद् गठन गरी कार्यविभाजन गरियो। ६ असोजमा मन्त्रिपरिषद् हेरफेर र कार्यविभाजन गरेर प्रधानमन्त्रीसहित २० मन्त्री, एक राज्यमन्त्री र पाँच सहायक मन्त्रीसमेत २६ सदस्यीय कायम गरियो। २७ मंसिरमा पाँच मन्त्री, एक राज्यमन्त्री र १२ सहायक मन्त्री थपसहित मन्त्रिपरिषद्को कार्यविभाजन गरियो। त्यस्तै, ४ जेठ ०५३ मा तीन र २८ गते दुई मन्त्री, पाँच राज्यमन्त्री र दुई सहायक मन्त्री नियुक्त गरेर कार्यविभाजन गरिएको थियो। २४ पुसमा प्रधानमन्त्री देउवाको सिफारिसमा पुनः मन्त्रिपरिषद् हेरफेर भयो। यसपटक उनले त ५२ सदस्यीय मन्त्रिपरिषद्को रेकर्ड बनाए। मन्त्रिपरिषद्मा प्रधानमन्त्रीसहित २८ मन्त्री, १६ राज्यमन्त्री र आठ सहायक मन्त्री सहभागी थिए।

११ माघ ०५३ मा भएको प्रतिनिधिसभा निर्वाचनपछि राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द २७ फागुनमा प्रधानमन्त्री नियुक्त भए। २९ गते एक उपप्रधानमन्त्रीसहित आठ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। यसपछि पनि १२ चैतमा हेरफेर र कार्यविभाजन गरेर उपप्रधानमन्त्री र विनाविभागीयसमेत २५ मन्त्री तथा नौ राज्यमन्त्रीसहित ३४ सदस्यीय मन्त्रिपरिषद् कायम गरियो।

१८ असोजमा संसद्मा अविश्वासको प्रस्ताव दर्ता भएर पारित भएपछि चन्दले प्रधानमन्त्रीबाट राजीनामा दिए। संसद्मा बहुमत प्राप्त गरेर राप्रपाकै नेता सूर्यबहादुर थापा २० असोज ०५४ मा प्रधानमन्त्री नियुक्त भए। २१ गते ६ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। २७ असोजमा हेरफेर गरेर मन्त्रिपरिषद्को आकार प्रधानमन्त्रीसमेत १४ मन्त्री र पाँच राज्यमन्त्रीसहित १९ सदस्यीय बन्न पुग्यो। फेरि १८ मंसिरमा हेरफेर, थप र कार्यविभाजनसमेत मन्त्रिपरिषद्को आकार ४७ सदस्यीय पुर्‍याइयो। त्यसमा प्रधानमन्त्रीसहित २७ मन्त्री, १५ राज्यमन्त्री र पाँच सहायक मन्त्री थिए। २८ चैतमा थापाले प्रधानमन्त्रीबाट राजीनामा दिए।

यसपछि पुनः गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री नियुक्त भए, ३० चैत ०५४ मा। २ वैशाख ०५५ मा उनैको सिफारिसमा एक उपप्रधानमन्त्रीसहित तीन सदस्यीय मन्त्रिपरिषद् गठन भयो। ८ गते हेरफेर, थप र कार्यविभाजनसहित २७ सदस्यीय मन्त्रिपरिषद् गठन गरियो। त्यसमा उपप्रधानसहित १८ मन्त्री, आठ राज्यमन्त्री र एक सहायक मन्त्री थिए। फेरि १० भदौमा यस्तै हेरफेर गरेर मन्त्रिपरिषद्को आकार ३२ सदस्यीय पुर्‍याइयो। त्यसमा प्रधानसहित २१ मन्त्री, चार राज्यमन्त्री र सात सहायक मन्त्री थिए। एमालेले समर्थन फिर्ता लिएपछि कोइराला सरकार ढल्यो। ६ पुसमा कोइरालाले राजीनामा दिएका थिए। ८ पुस ०५५ मा फेरि कोइराला नै प्रधानमन्त्री बने। १० पुसमा १० मन्त्रीसहितको कोइरालाले मन्त्रिपरिषद् गठन गरे। यतिखेर भने उनले १० सदस्यीय मन्त्रिपरिषद् बनाए। यो सरकारले आम निर्वाचन गरायो।

२० वैशाख र ३ जेठमा प्रतिनिधिसभाको निर्वाचनमा कांग्रेसले बहुमत प्राप्त गरेपछि त्यसका दलका संसदीय दलका नेता कृष्णप्रसाद भट्टराई १३ जेठ ०५६ मा प्रधानमन्त्री बने। भट्टराईकै सिफारिसमा १७ जेठमा १६ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। त्यसको एक महिनापछि १६ असारमा मन्त्रिपरिषद् हेरफेर गरेर ३२ सदस्यीय कायम गरियो। त्यसमा प्रधानमन्त्रीसहित १९ मन्त्री, आठ राज्यमन्त्री र पाँच सहायक मन्त्री नियुक्त भए। प्रधानमन्त्री भट्टराईले ४ चैतमा राजीनामा दिए।

७ चैत ०५६ मा कांग्रेसकै संसदीय दलका नेता गिरिजाप्रसाद कोइराला पुनः प्रधानमन्त्री बने। उनैको सिफारिसमा ८ गते उपप्रधानमन्त्री र ११ राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। ६ वैशाख ०५७ मा पाँच राज्यमन्त्रीसहित ११ सदस्यीय मन्त्रिपरिषद् पुनर्गठन भयो। यसपछि २५ माघमा प्रधानमन्त्री कोइरालाको सिफारिसमा पुनः मन्त्रिपरिषद् हेरफेर भयो। ३७ सदस्यीय मन्त्रिपरिषद्मा उपप्रधानसहित १८ मन्त्री, १४ राज्यमन्त्री र पाँच सहायक मन्त्री थिए। ४ साउन ०५८ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिए।

७ साउन ०५८ मा राजाले कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरे। ११ साउनमा देउवाकै सिफारिसमा १३ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। यसपछि २ कात्तिकमा देउवाले ४१ सदस्यीय मन्त्रिपरिषद् गठन गरे। त्यसमा १८ मन्त्री, १६ राज्यमन्त्री र सात सहायक मन्त्री थिए।

२७ कात्तिकलाई प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिएकामा अक्षम भएको भन्दै राजाले १८ असोज ०५९ मा देउवालाई पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गरिदिए। तत्कालीन राजा ज्ञानेन्द्र शाहले २५ असोज ०५९ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री नियुक्त गरे। चन्दको सिफारिसमा सोही दिन एक उपप्रधान र दुई सहायक मन्त्रीसहित नौ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। २ मंसिरमा फेरि मन्त्रिपरिषद् हेरफेर गरेर उपप्रधान र सात सहायक मन्त्रीसहित २२ सदस्यीय कायम गरियो। पुनः २८ चैतमा मन्त्रिपरिषद् पुनर्गठन गरेर उपप्रधान र सात सहायक मन्त्रीसहित १९ सदस्यीय कायम गरिएको थियो।

१६ जेठ ०६० मा चन्दले प्रधानमन्त्री पदबाट राजीनामा दिए। २१ गते राजाले सूर्यबहादुर थापालाई प्रधानमन्त्रीमा नियुक्त गरे। उनले १९ सदस्यीय मन्त्रिपरिषद् बनाए। २५ वैशाख ०६१ मा प्रधानमन्त्री थापाले राजीनामा दिए।

२० जेठमा तत्कालीन नेपाली कांग्रेस (प्रजातान्त्रिक) का शेरबहादुर देउवालाई राजाले प्रधानमन्त्री नियुक्त गरे। २८ गते देउवाकै सिफारिसमा तीन सदस्यीय मन्त्रिपरिषद् गठन भएको थियो। २१ असारमा हेरफेर, थप र कार्यविभाजनसहित देउवाको सिफारिसमा ३० सदस्यीय मन्त्रिपरिषद् गठन भयो। त्यसमा उपप्रधानसहित १९ मन्त्री, सात राज्यमन्त्री र चार सहायक मन्त्री थिए।

१९ माघमा ज्ञानेन्द्रले 'कु' गरेर शासनसत्ता आफ्नो हातमा लिए। २० गते आफ्नै अध्यक्षतामा १० सदस्यीय मन्त्रिपरिषद् गठन गरेर ३ फागुनमा दुई उपाध्यक्ष नियुक्त गरिएको थियो। ३० असार ०६२ मा हेरफेर गरेर दुई उपाध्यक्ष र आठ राज्यमन्त्रीसहित २४ सदस्यीय मन्त्रिपरिषद् बनाए।

जनआन्दोलनपछि राजा ज्ञानेन्द्रले १४ वैशाख ०६३ मा आन्दोलनरत सात राजनीतिक दलको सर्वसम्मत निर्णयका आधारमा नेपाली कांग्रेसका सभापति तथा कांग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्रीमा नियुक्त गरिदिए। कोइरालाको सिफारिसमा १९ गते उपप्रधानसहित सात सदस्यीय मन्त्रिपरिषद् गठन भयो। त्यसमा हालका एमाले अध्यक्ष ओली उपप्रधानमन्त्री र पाँच मन्त्री थिए। लगत्तै ८ जेठमा उपप्रधान र ६ राज्यमन्त्रीसहित मन्त्रिपरिषद् पुनर्गठन भएर १८ सदस्यीय बन्यो। जेठकै २८ गते एक उपप्रधान, एक मन्त्री र एक राज्यमन्त्रीसहित पुनः मन्त्रिपरिषद् पुनर्गठन भएको थियो। १८ चैतमा पुनः मन्त्रिपरिषद् भई कार्यविभाजन गरिएको थियो। त्यो पाँच राज्यमन्त्रीसहित २३ सदस्यीय थियो।

गणतन्त्रपछि पनि उस्तै

२८ चैत ०६४ मा संविधानसभा निर्वाचन भयो। ८ साउनमा अन्तरिम प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिए। संविधानसभा निर्वाचनबाट ठुलो दल बनेको माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ३१ साउन ०६५ मा गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री बने। ६ भदौ र १५ भदौ तथा १२ चैतमा गरेर तीन चरणमा उनले एक उपप्रधानसहित २६ सदस्यीय मन्त्रिपरिषद् गठन तथा हेरफेर गरे।

२१ वैशाख ०६६ मा प्रधानमन्त्री प्रचण्डले राजीनामा दिए। ११ जेठ ०६६ मा तत्कालीन एमाले वरिष्ठ नेता माधवकुमार नेपाल प्रधानमन्त्री नियुक्त भए। सोही दिन आफ्नै अध्यक्षतामा तीन सदस्यीय मन्त्रिपरिषद् गठन गरे। यसपछि उनले २१ जेठमा एक उपप्रधानसहित आठजना, असार ३ गते ६ राज्यमन्त्रीसहित १७ जना हुँदै १० गते एक उपप्रधान र आठ राज्यमन्त्रीसहित सहित ३० सदस्यीय मन्त्रिपरिषद् गठन गरे। यसैगरी भदौ १७ मा ६ राज्यमन्त्री र एक सहायक मन्त्रीसहित नौजना र २६ गते एक सहायक र एक राज्यमन्त्री नियुक्ति हेरफेर र कार्यविभाजन गरियो। यसरी उनको मन्त्रिपरिषद् ४४ सदस्यीय बन्यो। १६ असार ०६७ मा प्रधानमन्त्री नेपालले राजीनामा दिए। तर, प्रधानमन्त्री चयन हुन नसक्दा लम्बिएको प्रक्रियाले उनी नै २२ माघसम्म कायम रहे।

२३ माघ ०६७ मा एमाले नेता झलनाथ खनाल प्रधानमन्त्री नियुक्त भए। उनको अध्यक्षतामा फागुन २३ गते दुई र २९ गते उपप्रधानसहित चार, चैत ३ गते उपप्रधानसहित तीन हुँदै २८ गते दुई उपप्रधान र सात राज्यमन्त्रीसहित २० सदस्यीय मन्त्रिपरिषद्को हेरफेर, नियुक्ति र कार्यविभाजन भयो। यसैगरी २१ वैशाख ०६८ मा तीन उपप्रधान र १० राज्यमन्त्रीसहित ३६ सदस्यीय मन्त्रिपरिषद् कायम भयो। अन्तिमपटक १६ साउनमा खनालले मन्त्रिपरिषद् पुनर्गठन गरे। यसरी उनको मन्त्रिपरिषद् ३९ सदस्यीय पुग्यो। २९ साउनमा प्रधानमन्त्री खनालले राजीनामा दिए।

१२ भदौ ०६८ मा तत्कालीन माओवादी नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री बने। सोही दिन एक उपप्रधानमन्त्री उनले नियुक्त गरे। १८ गते अर्का एक उपप्रधानसहित मन्त्रिपरिषद् १८ सदस्यीय हुँदै २९ गतेसम्म मन्त्रिपरिषद् २१ सदस्यीय कायम गरे। कात्तिक २ गते गरेको एक उपप्रधानसहित तीन मन्त्री हुँदै २२ गते प्रधानमन्त्री भट्टराईले पुनर्गठन गरेको मन्त्रिपरिषद् दुई उपप्रधान र २२ राज्यमन्त्रीसहित ४९ सदस्यीय थियो।

२२ वैशाख ०७९ मा प्रधानमन्त्री भट्टराईले राजीनामा दिए। उनीसँगै सबै मन्त्रीले पनि राजीनामा दिए। तर, नयाँ प्रधानमन्त्री चयनको ढिलाइले भट्टराईको पद लम्बियो। यसपछि ३ जेठमा एक उपप्रधानसहित सात मन्त्री, ५ गते केही उनीहरूसमेतलाई समेटेर चार उपप्रधानसहित १९ मन्त्री नियुक्त गरे। ७ गते अरू तीन मन्त्री पनि नियुक्त भए।

३० फागुनमा प्रधानमन्त्री भट्टराईको राजीनामा स्वीकृत भयो। लामो राजनीतिक विवादले गैरदलीय सरकार बन्ने मोडमा देश पुगेको थियो। १ चैत ०६९ मा बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष बने। उक्त गैरदलीय सरकारमा १ चैतमा तीन सदस्यीय र ५ गते ११ सदस्यीय मन्त्रिपरिषद् बन्यो।

४ मंसिर ०७० मा संविधानसभा निर्वाचन भयो। २८ माघमा मन्त्रिपरिषद् अध्यक्ष रेग्मीले राजीनामा दिए र सुशील कोइराला प्रधानमन्त्री नियुक्त भए। त्यही दिन उनले विनाविभागीय एक मन्त्री नियुक्त गरे। उनको कार्यकालमा पनि पटक-पटक मन्त्रिपरिषद् पुनर्गठन भएको थियो। तर, त्यसको अभिलेख राजपत्रमा भेटिँदैन। एकपटक उनको कार्यकालमा २४ सदस्यीय मन्त्रिपरिषद् थियो। नेपालको संविधान जारी भएपछि २४ असोज ०७२ मा कोइरालाले राजीनामा दिए।

संविधान जारीपछि पनि यथावत्

संविधान जारी भएपछि २५ असोज ०७२ मा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री नियुक्त भए। सोही दिन उनले तीन उपप्रधान र दुई राज्यमन्त्रीसहित १९ सदस्यीय मन्त्रिपरिषद् गठन गरे। त्यसपछि पटक पटक मन्त्रिपरिषद् बढाए। यसरी ४१ सदस्यीय मन्त्रिपरिषद् पुग्यो, जसमा ६ उपप्रधानमन्त्री, २२ मन्त्री, १० राज्यमन्त्री र दुई सहायकमन्त्री थिए।

१९ साउन ०७३ मा ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिए। अर्को दिन २० गते माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भए। सोही दिन उनले दुई उपप्रधानसहित पाँच मन्त्री नियुक्त गरे। त्यसपछि उनले मन्त्रिपरिषद्को संख्या बढाउँदै ४३ सदस्य पुर्‍याए। २३ जेठ ०७४ मा प्रचण्डले प्रधानमन्त्रीबाट राजीनामा दिए।

२४ जेठ ०७४ मा शेरबहादुर देउवा पुनः प्रधानमन्त्री नियुक्त भए। ३ फागुनसम्मको आफ्नो कार्यकालको अवधिमा देउवाले ६४ सदस्यीय जम्बो मन्त्रिपरिषद् गठन गरे। उनको सरकारमा चार उपप्रधानमन्त्री, २९ मन्त्री र ३० जना राज्यमन्त्री थिए। जसमा आठ मन्त्री र आठ राज्यमन्त्री त विनाविभागीय थिए। मन्त्रिपरिषद्को इतिहासमा यो एउटा ऐतिहासिक रेकर्ड नै बन्यो। करिब आठ महिने आफ्नो कार्यकालमा देउवाले आठैपटक मन्त्रिपरिषद् हेरफेर गरेका थिए।

देउवापछि ३ फागुन ०७४ मा एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री नियुक्त भए। सोही दिन उनले दुई मन्त्री नियुक्त गरे। २ चैतमा चार राज्यमन्त्रीसहित २२ सदस्यीय, ०७५ को १८ जेठमा दुई उपप्रधान र तीन राज्यमन्त्रीसहित २४ सदस्यीय, १८ साउनमा दुई उपप्रधान र तीन राज्यमन्त्रीसहित २५ सदस्यीय, ४ मंसिर ०७६ मा पनि दुई उपप्रधान र तीन राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् कायम भएको थियो। यसैगरी ०७७ को २८ असोज र १० पुसमा पनि २५-२५ सदस्यीय मन्त्रिपरिषद् ओलीले पुनर्गठन गरे। २७ चैतमा चार मन्त्री र र ५ वैशाख ०७८ मा एकजना मन्त्री नियुक्त गरेका थिए।

संसद् विघटनपछिको परिस्थितिका माझ ३० वैशाख ०७८ मा केपी ओली पुनः प्रधानमन्त्री नियुक्त भए। ३१ गते उनको सिफारिसमा उपप्रधान र तीन राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। ८ जेठमा प्रधानमन्त्री ओलीले फेरि प्रतिनिधिसभा विघटन गरिदिए। जेठ २१ गते उनले तीन उपप्रधान र दुई राज्यमन्त्रिसहित १७ सदस्यीय मन्त्रिपरिषद् कायम गरे। फेरि २७ गते तीन उपप्रधान र तीन राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् कायम गरे।

प्रधानमन्त्री ओलीले गरेको संसद् विघटनविरुद्ध परेको मुद्दामा पनि २८ असार सर्वोच्च अदालतले परमादेश जारी गर्दै विघटन बदर गरेर संसद् पुनर्स्थापना गरिदियो। र, कांग्रेस सभापति देउवालाई प्रधानमन्त्रीमा नियुक्त गर्न परमादेशसमेत दियो। २९ असार ०७८ मा कांग्रेस सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवा पुनः प्रधानमन्त्री बने। सोही दिन उनको सिफारिसमा चारजना मन्त्री नियुक्त भए। यसपछि १० साउनमा एक राज्यमन्त्री र २२ असोजमा उनको सिफारिसमा तीन राज्यमन्त्रीसहित २५ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। ०७९ असार १२ र २० गते २४-२४ सदस्यीय मन्त्रिपरिषद् पुनर्गठन भयो।

देउवाले राजीनामा दिएपछि १० पुस ०७९ मा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड पुनः प्रधानमन्त्री बने। ११ गते उनको सिफारिसमा तीन उपप्रधानमन्त्रीसहित आठ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। त्यसपछि पटक पटक मन्त्रिपरिषद् पुर्नगठन गरियो। यसरी सरकार २३ सदस्यीय बन्यो।

३१ असार ०८१ मा एमाले अध्यक्ष केपी ओली पुनः प्रधानमन्त्री नियुक्त भए। सोही दिन उनको सिफारिसमा दुई उपप्रधानसहित २२ सदस्यीय मन्त्रिपरिषद् गठन भयो। साउन १८ गते तीन राज्यमन्त्री थपेर २५ सदस्यीय नै मन्त्रिपरिषद् कायम गरियो।

०८२ को गत २३ र २४ भदौको जेन-जी विद्रोहको दबाबमा २४ गते ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिए। २७ गते प्रतिनिधिसभा विघटन भयो।

यो शून्यतामा संविधानको संरक्षकको हिसाबले राष्ट्रपति रामचन्द्र पौडेलले ६ महिनाभित्र प्रतिनिधिसभा निर्वाचन गर्ने गरी पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई २७ भदौ ०८२ मा अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा नियुक्ति गरे। कार्कीको सिफारिसमा २९ गते उनको सिफारिसमा तीन मन्त्री नियुक्त भए। ६ असोजमा अरू चारजना मन्त्री नियुक्त भए, ९ कात्तिकमा अरू दुई मन्त्री थपिए, २६ मंसिरमा चारजनासमेत जोडिएर र ११ पुसमा अर्को एक मन्त्री थपिएपछि १५ सदस्यीय मन्त्रिपरिषद् कायम भएको थियो।

निर्वाचनपछि रास्वपाका वरिष्ठ नेता बालेन शाह प्रधानमन्त्री नियुक्त भए। उनले १५ सदस्यीय मन्त्रिपरिषद् बनाएर देश हाँकिरहेका छन्।

ठुला ठेकेदार...

पृष्ठ १ बाट क्रमशः

हालेर ठेक्का कब्जा गर्ने गरिएको थियो। बोलपत्र दर्ताको अन्तिम समयभन्दा केही मिनेटअघि प्रस्ताव संशोधन गरी ठेक्का हात पार्ने अभ्यास चलिरहेको पाइएको छ।

'यसमा संलग्न केहीलाई पक्राउ गरिसकिएको छ भने केही फरार छन्। अर्बौं रुपैयाँबराबरका ठेक्कामा पहुँच जमाउन ठेकेदारहरूले ह्याकरलाई ६० लाख रुपैयाँसम्म खर्च गर्ने गरेको तथ्य पनि खुलेको छ,' स्रोत भन्छ। यस्तो गतिविधि वर्षौंदेखि जारी रहँदा राज्यलाई ठुलो आर्थिक क्षति पुगेको अनुमान गरिएको सार्वजनिक खरिद अनुगमन कार्यालयका अधिकारी बताउँछन्।

पछिल्लो घटनामा काठमाडौं उपत्यका खानेपानी लिमिटेडको करिब १० अर्ब रुपैयाँको ठेक्कामा अनधिकृत पहुँचको आशंका देखिएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रारम्भिक छानबिन गरेको थियो। शंकास्पद देखिएपछि थप अनुसन्धानका लागि प्रहरीलाई जिम्मा दिइएको हो। उक्त ठेक्कामा आशिष निर्माण सेवा र सगुन इन्जिनियरिङले सबैभन्दा कम प्रस्ताव पेस गरेका थिए, जसमा ह्याकिङ संलग्नता भएको आशंका गरिएको छ। छानबिन जारी रहेकाले ठेक्काको अन्तिम निर्णय रोकिएको छ।

सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रवक्ता रामप्रसाद आचार्यले प्रणालीभित्र रहेका 'लुपहोल'का कारण यस्ता अनधिकृत गतिविधि सम्भव भएको स्वीकार गर्दै अब प्रणालीलाई थप सुरक्षित र बलियो बनाउने प्रक्रिया अघि बढाइएको बताए। उनका अनुसार राज्यले छानबिनसँगै सुधारका उपाय पनि कार्यान्वयनमा ल्याइरहेको छ।

'हिजोका दिनमा लुपहोलमा खेलेर गलत गतिविधि भए, अहिले राज्यले नै यसमा अग्रसरता लिएर छानबिन र सुधार अघि बढाएको छ,' उनी भन्छन्, 'प्रहरीबाट पनि विस्तृत अनुसन्धान भइरहेको छ। हामीले पनि सिस्टमलाई बलियो बनाउने काम गरिरहेका छौं।'

विगतमा पनि यस्ता अनधिकृत पहुँचका घटना पत्ता लाग्दै आएका थिए। तर, कडा कारबाहीभन्दा सचेतनामै सीमित रहँदा समस्या दोहोरिएको देखिन्छ। यस प्रकरणमा केही कर्मचारीको अप्रत्यक्ष संलग्नता रहेको हुन सक्ने आशंकासमेत गरिएको छ।

पश्चिम एसियाबाट...

पृष्ठ १ बाट क्रमशः

ल्याउने व्यवस्था गरिएको छ। 'नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सबाट नेपालीलाई पश्चिम एसियाली मुलुकबाट उद्धार गरिनेछ। आपत्कालीन रूपमा नेपाल आउनुपर्नेलाई १५ दिनभित्र उद्धार गरेर ल्याउने व्यवस्था गरिएको छ,' परराष्ट्रका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा भने। नेपालीको सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको पनि उनले बताए। परराष्ट्रमन्त्री शिशिर खनालको पहलमा शुक्रबार नेपाल एयरलाइन्सको जहाज दुबई गएको र शनिबार फर्किने तथा आइतबार साउदी अरबको दमाम उडान भरेर साँझ काठमाडौं फर्किने व्यवस्था मिलाइएको पनि प्रवक्ता क्षेत्रीले बताए।

परराष्ट्रको पश्चिम एसिया महाशाखा प्रमुख रामकाजी खड्काका अनुसार नेपाली नियोगहरूको सिफारिसमा हरेक उडानमा पाँचजनालाई न्यूनतम भाडादरमा आउने व्यवस्था मिलाइएको छ। 'विशेषतः रोजगार गुमाएका, बिरामी परेका तथा विपन्न नागरिकको हकमा हरेक उद्धार उडानमा सम्बन्धित नेपाली नियोगको सिफारिसमा पाँचजनालाई न्यूनतम भाडादरमा स्वदेश आउने व्यवस्था गरिएको छ,' खड्काले भने।

उनका अनुसार पश्चिम एसियाली मुलुकहरूमा कार्यरत नेपालीको अवस्था, उनीहरूको सम्भावित उद्धार, त्यहाँको द्वन्द्वले नेपालमा पर्ने बहुआयामिक प्रभावबारे परराष्ट्रमन्त्री शिशिर खनालको अगुवाइमा अध्ययन सुरु भएको छ। खनाल नेतृत्वमा गठित उच्चस्तरीय कार्यदलले समग्र विषयमा अध्ययन थालेको उनले बताए। संकट बढ्दै गएमा छिमेकी मुलुकसहित अन्य मुलुकले अपनाउने रणनीतिको अध्ययन गर्ने र त्यही अनुसार नेपालले आफ्नो तयारी गर्ने पनि खड्काले बताए। परराष्ट्रमन्त्री खनालले पदबहाली गरेसँगै परराष्ट्रले पश्चिम एसियामा नेपालीलाई परेको प्रभाव र नेपाललाई पर्ने प्रभावबारे अध्ययन गर्नेबाहेक सेवा प्रवाहबारे १० निर्णय गरेको छ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार २१ चैत ०८२
nayapatrikaofficial @naya_patrika

गीतलाई माया, समुदायलाई हेला

जातीय विभेदविरुद्ध गाइएका प्रायः गीत समाजमा हिट हुन्छन्, तर विभेद रोकिँदैन, किन ?



संगीत



● पवन बराइली

● **राजु परियार**, संगीतकर्मी



गीत गाउन थालेको दुई दशक नाघिसक्यो । गीत गाउँदा मानिस रुन्छन्, ताली बजाउँछन् । तर, गीत सकिएपछि फेरि त्यही पानी नचल्ने व्यवहार देखाउँछन् । हामी मान्छे भएर अझै बाँच्न पाएका छैनौं । गायकलाई माया गर्छन्, समुदायलाई घृणा गर्छन् । यस्तै छ, हाम्रो समाज ।

● **जेबी विश्वकर्मा**, अध्येता



विभेदविरुद्धको गीतमा विचार सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । विचारविहीन गीतले भावनात्मक प्रभाव त पार्न सक्छ । तर, समाज परिवर्तनको दिशा दिन सक्दैन । प्रगतिशील र रूपान्तरणमुखी चेतना बोकेका गीत कम हुँदा समाजबाट विभेदका घटना कम हुन नसकेका हुन् ।

माघ ९ गते कञ्चनपुरस्थित वैजनाथ आधारभूत विद्यालयका शिक्षक गजिराम सार्कीमाथि भएको जातीय विभेदको घटना सार्वजनिक भएपछि सामाजिक सञ्जाल एकाएक तरंगित बन्यो । सरस्वती पूजाकै दिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सागरकुमार भण्डारीले शिक्षक गजिरामलाई छुट्टै पातमा टीका लगाएर विभेद गरेको भन्दै उनी रोइरहेको भिडियो सार्वजनिक भयो । भिडियोमा भक्कानिँदै उनले भनेका छन्, 'म दलित जातमा जन्मिएर कुन जुनीको अपराधको सजाय भोग्दै छु ? आमाबुबाले दुःख गरेर पढाए, मैले मिहिनेत गरेर आयोग पास गरेँ । स्थायी जागिर खाएँ, तर यस्तो अपमान सहेर काम गर्नुभन्दा छोडिदिऊँ जस्तो लाग्यो ।'

यो घटना केवल एउटा व्यक्तिगत अपमानको कथा थिएन, बरु नेपाली समाजमा अझै जरा गाडेर बसेको जातीय विभेदको जिउँदो उदाहरण थियो । यो घटनासँगै सामाजिक सञ्जालमा विभेदविरुद्धका गीतका क्लिप सेयर भए । 'मान्छे मान्छे एउटै हो, फरक किन भो' जस्ता गीत राखेर गजिराम रोइरहेको भिडियो सामाजिक सञ्जालमा राखियो ।

नेपालमा जातीय विभेदका घटना सार्वजनिक हुँदा प्रतिरोधी गीत पुनः सामाजिक सञ्जालमा आउँछन् । अजित मिजारको हत्यादेखि नवराज विकसहित युवाको नरसंहार र अहिले इनिसा विकको हत्यासम्म आइपुग्दा सामाजिक सञ्जालमा जातव्यवस्थाविरोधी गीत गुन्जिए ।

जातीय विभेदविरुद्ध संगीत क्षेत्र पनि निकै अघिदेखि जुर्मुराएको देखिन्छ । समाजको यो अमानवीय व्यवस्थाविरुद्ध संगीतकर्मीले दशकौंअघिदेखि संगीतका माध्यमबाट प्रतिरोध गर्दै आएका छन् । विभेदविरुद्ध संगीतको माध्यमबाट प्रतिरोध कहिलेबाट सुरु भयो ? प्रतिरोधी गीत जति नै गाइए पनि समाजबाट किन यो कुरूप व्यवस्था अन्त्य हुँदैन ? जातीय विभेदविरुद्ध गाइएका गीत मानिसका मनमस्तिष्कमा गुन्जिन्छन्, लय जिब्रोमै झुन्डिन्छ तर विभेद किन रोकिँदैन ? के गीतको मर्मले नछुने गरी समाज कठोर हुँदै गएको हो ?

■ विभेदविरोधी गीतको इतिहास

विभेदविरुद्धको गीतको इतिहास केलाउँदा गन्धर्व समुदायको सांगीतिक परम्परा विशेष रूपमा उल्लेखनीय देखिन्छ । तर, सुरुका गीतमा उनीहरूले प्रतिरोध गरेको देखिँदैन । गन्धर्वहरूको जीविका नै गीत-संगीतमा निर्भर भएकाले उनीहरू सत्ताविरोधी गीत गाउने अवस्थामा थिएनन् । राणाशासनमा दरबारका सांगीतिक मेहफिलमा उर्दु र हिन्दी गीत नै धेरै बज्थे । गन्धर्वहरूलाई दरबारका भारदार, साहु-महाजन र शासकले आफ्नै प्रशंसा गाउन लगाउँथे ।

लेखक रणेन्द्र बरालीका अनुसार २००३ सालमा बागलुङमा भएको संगठित संघर्षका क्रममा 'विश्व सर्वजन संघ' स्थापना गर्दा जातीय विभेदविरुद्ध गीत गाइएको थियो । 'संघका संस्थापक भगत सर्वजित विश्वकर्मा, लक्ष्मीनारायण विश्वकर्मालगायतले दलितमाथि हुने विभेदविरुद्ध गीत गाएको इतिहासमा उल्लेख पाइन्छ,' उनी भन्छन्, 'संघ गठनकै क्रममा उनीहरूले पहिलो अभियान गीतमार्फत सुरु गरेको देखिन्छ । सबैभन्दा पहिले जातीय विभेदविरुद्धको गीत २००३ सालमै लेखिएको थियो ।'

गीतमा भनिएको थियो :
मदिनीले मच्याठानी मलेवा छ कि छैन,
दुधको ठेकी, दहीको भाँडो सबै सराबरी भयो,
थाहा छ कि छैन ?

विभेदविरुद्धको प्रतिरोध आन्दोलनसँगै प्रतिरोधी गीतको इतिहास जोडिएको अध्येता बताउँछन् । अध्येता जेबी विश्वकर्माका अनुसार समाजमा विभेदविरुद्ध संघर्ष र आन्दोलन भए, ती आन्दोलनसँगै गीतमार्फत पनि विभेदविरुद्ध आवाज उठ्न थाले । पञ्चायतकालमा साहित्यकार मोदनाथ प्रश्रितले विभेदविरुद्धका गीत लेखेका थिए । उनको एउटा गीतले भन्छ :
म नहुँदा संसार थियो बाँझो पर्ती
मेरै श्रम पसिनाले मुस्कुरायो धर्ती
जंगल फाँड्न मैरै आरन बन्चरो बनाउँछ,
कोदाली र फरुवाले बाँझो जमिन खन्छ ...'

नेपालमा प्रतिरोधी गीतको विस्तार २० को दशकमा 'राल्फा आन्दोलन' सुरु भएपछि भएको देखिन्छ । 'राल्फा आन्दोलन'ले प्रगतिशील साहित्यिक सांगीतिक धारा अघि बढायो । पारिजात, रामेश, रायन, मञ्जुल, अरिमलगायतको टिमले प्रतिरोधी गीत रचना गरे । पञ्चायतको कठोर राजनीतिक संरचनाभित्र जातीय विभेदविरुद्ध उनीहरूले यस्ता गीत बनाए :
मानिस छुत, अछुत हुन्छ
म भन्दै भन्दिनँ
जाति र पाति छुट्याउने रीतलाई
म मान्दै मान्दिनँ...'

गायक शम्भु राई पनि ०३०को दशकमा जातीय विभेदविरुद्ध भूमिगत रूपमा गीत गाउँदै हिँडे । 'गीत गाउँदै हिँड्दा भेटियो भने पक्राउ गर्थ्यो, कुटपिट गर्थ्यो,' उनी सम्झिन्छन्, 'दलित समुदायलाई घरको आँगन टेक्न नदिने, पानीका कुवा अलग हुनेजस्ता अमानवीय व्यवहार समाजमा व्याप्त थियो । त्यसविरुद्ध गीत पनि खुला रूपमा गाउन पाइँदैनथ्यो ।'

रूपलाल विश्वकर्माले गीत संग्रहहरू 'बोल्छ नेपाल' (२०३२), कोसेली (२०३३) र युग फेरिन्छ (२०३५) प्रकाशित गरेका थिए । गायक जीवन शर्माले पनि २०४०-४२ सालतिर जातीय विभेदविरुद्धका गीत गाए । 'त्यसवेला जातीय विभेदविरुद्ध गीत लेख्ने । त्यो समयमा त्यस्ता गीत गाउनु समाजलाई चुनौती दिनुजस्तै थियो,' उनी सम्झिन्छन् ।

२०४६ सालको जनआन्दोलनपछि खुला राजनीतिक वातावरणमा विभेदविरुद्धका गीतले व्यापकता पाउन थाले । दलित आन्दोलन सशक्त बन्दै जाँदा त्यसको प्रभाव संगीतमा पनि देखिए । यस अवधिमा रेडियो, स्टुडियो र सार्वजनिक मञ्चमा समेत यस्ता गीत सुन्न थालियो ।

२०५० पछि रेडियो नेपालमा 'दलित जनजागरण' कार्यक्रम प्रसारण हुन थाल्यो । दलित चेतनाका गीत, कविता र साहित्यिक सिर्जनाले ठाउँ पायो । मोतीलाल नेपालीहरूका जातीय विभेदविरुद्धका गीत रेडियो नेपालबाट बज्न थाले । त्यही अवधिमा मिना स्वर्णकार, तीर्थबहादुर गन्धर्वजस्ता कलाकारले दलित समुदायको पीडा र संघर्षलाई गीतमार्फत प्रस्तुत गरे । उनीहरूले गाएको एउटा गीत यस्तो थियो :
'गाइने दाइको सारंगीले जीवनको कथा भन्छ,
काम गर्ने भोकै मर्ने चलनको अन्त्य हुनुपर्छ ...

मिना स्वर्णकारले गाएको अर्को गीतले दलित समुदायको जीवनको यथार्थ र संघर्षलाई अभिव्यक्त गर्छ । यो गीत पनि रेडियो नेपालमा निकै समय बज्यो । गीतका पंक्तिहरू यस्ता छन् :
जीवन फुल्छ, जीवन झर्छ, आरनको धुलोमा
सपना साँचेर जिन्दगी धार्नै, एक मुठी पिठोमा...'

तीर्थबहादुर गन्धर्वले विभेदविरुद्धका गीत गाएका छन् । गन्धर्व समुदायको पीडा र सामाजिक उपेक्षालाई गीतमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।
दुःख सम्झिँदा हृदय रुन्छ,
यो सारंगीको पीडा पो कसले सुन्छ ?
समाजले कुल्चेको छ मेरो सारंगीलाई,
गाइने भनी हेला गर्छन् मेरै सारंगीलाई....

यसैगरी, पविता परियारले गाएको 'समताको खुसी' बोलको गीतले दलित महिलाको पीडा र सामाजिक असमानतालाई अभिव्यक्त गर्छ । राजेश रिजालको 'मेरो मुरली' गीतले पनि विभेदविरुद्धको स्वर मुखरित गर्छ ।

संगीतकार बिबी अनुरागीका अनुसार राणाशासनदेखि पञ्चायतकालसम्म खुला रूपमा सामाजिक न्याय, जातीय विभेदविरुद्धका गीत गाउन कठिन थियो । उनी भन्छन्, 'रेडियो नेपाललगायत माध्यममा सत्ताअनुकूल गीतलाई मात्र प्राथमिकता दिइन्थ्यो । दलित चेतनाका गीतलाई रेकर्ड गर्नै दिइएन ।'

अध्येता जेबी विश्वकर्माका अनुसार माओवादी जनयुद्धका वेला राजनीतिक तथा सामाजिक आन्दोलन तीव्र बन्दा त्यसको प्रभाव संगीतमा देखिएको थियो । 'त्यसवेला राजनीतिक आन्दोलन सशक्त हुँदै जाँदा त्यसको प्रतिबिम्ब कला, साहित्य र संगीतमा देखिन थाल्यो । त्यही क्रममा जात व्यवस्थाविरुद्धका गीत व्यापक रूपमा सिर्जना भए,' उनी भन्छन् ।

विभेदविरुद्धका गीतको सशक्त उपस्थिति ५० को दशकमा देखिन्छ । ०५२ पछि सुरु भएको जनयुद्धकालभरि विभेदविरुद्धका गीतको उभार आयो । सोही समय कर्णबहादुर पुन (पुनित) लेखेको गीत आज पनि लाखौँ मानिसको स्मृतिमा बाँचिरहेको छ ।
मान्छे मान्छे एउटै हो नि फरक किन भो
श्रम चल्छ सिप चल्छ पानी नचल्ने भो

त्यसवेला भूमिगत सांस्कृतिक टिमहरूले सामाजिक रूपान्तरणका मुद्दासँगै विभेदविरुद्धका गीत सिर्जना गरे, गाउँगाउँमा गाउँदै हिँडे, सडक नाटक, अपेराहरू प्रस्तुत गरे । सदिऔँदेखि जरा गाडेर बसेको जात व्यवस्थाको वृक्षलाई सोही समय धेरै हल्लाए । सयौँ, हजारौँ अन्तर्जातीय विवाह भए । छुवाछुत गर्नेलाई विद्रोहीले दण्डित गरे । यो सामाजिक राजनीतिक विद्रोहलाई दलित सौन्दर्यमा आधारित गीतले धेरै ठुलो भूमिका खेलेको अध्येता विश्वकर्मा बताउँछन् ।

शान्ति प्रक्रियाको सुरुवातसँगै विद्रोहीका अन्तर्जातीय विवाह भत्किन थाले । तर, विभेदविरुद्ध गाइएका गीतको धागो भने छिनेको थिएन । जनवादी कलाकारले मात्रै होइन, अन्य कलाकारले पनि विभेदविरुद्धका गीत रचना गर्न थाले । गायक यशकुमारले जातीय विभेदविरुद्ध सशक्त आवाज उठाए । उनको 'मैले छोएको पानी चल्दैन' गीतले छुवाछुतको गहिरो पीडा उजागर गर्छ । 'म आफ्नै आँगनमा इनार बनाउँछु' ले सामाजिक विभेदप्रति प्रश्न उठाउँछ । उनले जातीय विभेदमा आधारित कथामा 'बाटोमुनिको फूल'जस्ता चलचित्र निर्माण गरी चेतना फैलाउने प्रयास गरे ।

०५२ सालतिर रणेन्द्र बरालीले 'म त अछुत हैन...' भन्ने बोलको गीत रचना गरेका थिए । त्यसताका उक्त गीत दलित आन्दोलनमा व्यापक गाइएको थियो । २०६२ सालमा बिबी अनुरागीको अध्यक्षतामा 'आवाज कलाकार नेपाल' नामक संस्था गठन भयो । यसमा राजु परियार, आशिष अविरल, नरेन्द्र प्यासी, शिव विक, शिव परियार, शंकर बिसीलगायत थिए । यो समूहले विभेदविरुद्धका गीत सिर्जना गर्न थाल्यो । कला केन्द्रले 'रुमाल धोको छु' जस्ता धेरै जातीय विभेदविरुद्धको गीत सिर्जना गऱ्यो । गीतले भन्छ :
कतै कुनै ठाउँ छ र चोखो,
अछुत भन्ने जातले नछोको
रुमाल धोको छु,
यो खोलीको पानी कोही नखानू,
मैले छोको छु....

प्रेम सम्बन्धमा समेत जातीय छुवाछुत कसरी घुस्छ भन्ने कुरा गीतले देखाउँछ । राजु परियारले गाएको अर्को गीत यस्तो छ :
मान्छेभन्दा ठुलो जात कुन छ र ?
मैले छुँदा पानी विष हुन्छ र ?
जति सक्छ्यौ तर्क मायालु,
मैले छुँदा छोइन्छ भने त
सुनपानीले छर्क मायालु...

०६२-०६३ तिर निर्माण भएको 'दलन' टेलिफिल्म नेपाली टेलिभिजन इतिहासमै जातीय छुवाछुतलाई केन्द्रमा राखेर निर्माण गरिएको एक महत्त्वपूर्ण कृति मानिन्छ । यसमा समावेश गीतले विभेदको पीडालाई अत्यन्त संवेदनशील ढंगले प्रस्तुत गर्छ । श्रवण मुकारुङद्वारा लिखित गीतका पंक्ति यस्ता छन् :
माथि माथि अरूहरू, तल छु छाया एक्लै,
जन्म उस्तै, मृत्यु उस्तै, बाँच्नुपर्ने ढंग बेग्लै...'

लेखक तथा विश्लेषक आहुतिले 'तिमीले थुनेको नर्कलाई' बोलको गीत लेखेका छन् । गीतमा बिबी अनुरागीले स्वर दिएका छन् । यो गीतले दीर्घकालीन दमन र विभेदविरुद्धको विद्रोही चेतनालाई सशक्त रूपमा अभिव्यक्त गर्छ । गीतका पंक्ति यस्ता छन् :
तिमीले थुनेको नर्कलाई तोडेर यहाँ आइपुगौं,
हजारौं वर्ष हिँडेर तिमीलाई सोध्न आइपुगौं
ए मन भएको मान्छे,
मनलाई सञ्चै छ कि बिरामी ?
ए ज्ञान भएको मान्छे,
ज्ञानलाई सञ्चै छ कि बिरामी ?

गीतले शताब्दीयौँदेखि थिचिएको दलित समुदायको प्रश्न, प्रतिरोध र चेतनाको आवाजलाई उजागर गर्छ ।

गायक शिव परिवारले विभेदविरुद्ध 'छातीमा हात राखेर' बोलको गीत गाएका छन् । कलाकारहरू कुलेन्द्र विक र सुनितमी परियारले 'विष घोलिन्न मान्छेले छुँदैमा मान्छेले नै पिउने पानीमा' गीत गाएका छन् । लोकगायक बद्री पंगेनीले 'तिम्रो घरमा मेरो छोरी भान्सा चलेन' बोलको गीत गाएका छन् । गायक प्रकाश सपुतले 'मेरो पनि हैन र यो देश' बोलको गीत गाएका छन् । कलाकारहरू खेम सेन्चुरी, राजन भुजेल विश्वकर्मा, रमेशविक्रम रत्न, सुजन बराइली, राजेश बर्देवा, लक्ष्मी परियार, गीता सेन्चुरी, प्रतिमा विश्वकर्मालगायतले विभेदविरुद्ध गीत गाएका छन् ।

■ गीत हिट, मान्छे घृणित !

जातीय विभेदविरुद्ध लेखिएका गीत माथिका केही उदाहरण मात्रै हुन् । कला र शिल्पका धनी दलितले हजारौँ गीत-संगीत रचना गरेका छन् । मानिसका मनमष्तिष्कमा गीतहरू बस्छन् । तर, व्यवहार भने जातीय विभेद जस्ताको तस्तै देखिन्छ । कलाकार राजु परियार भन्छन्, 'मैले गीत गाउन थालेको दुई दशक नाघिसक्यो । गीत गाउँदा मानिस रुन्छन्, ताली बजाउँछन् । तर, गीत सकिएपछि फेरि त्यही पानी नचल्ने व्यवहार देखाउँछन् । हामी मान्छे भएर अझै बाँच्न पाएका छैनौं । गायकलाई माया गर्छन्, समुदायलाई घृणा गर्छन् । यस्तै छ हाम्रो समाज ।'

गायक जीवन शर्माको बुझाइमा स्रष्टा सर्जकले समतामूलक समाज निर्माण गर्न सिर्जना गर्नुपर्छ । उनी भन्छन्, 'गीतले समाज परिवर्तन गर्न सक्छ । भाषणले भन्दा गीतले मान्छेको मन छुन्छ ।' तर, विभेदको क्रम नरोकिएकोप्रति उनको पनि चिन्ता छ । संगीतकार बिबी अनुरागी समाजको मानसिकता बदल्न गीतले मात्रै नपुग्ने मत राख्छन् । उनी भन्छन्, 'पुरातनवादी सोचले ग्रसित समाज छ । त्यसैले गीतले एकैचोटि आमूल परिवर्तन गर्न सक्दैन ।' संगीत अन्वेषक बुलु मुकारुङको बुझाइमा नेपाली संगीतको इतिहासबाट दलित समुदायको योगदानलाई अलग गरेर हेर्नै सकिँदैन । उनीहरूको निकै ठुलो योगदान छ । तर, दलित सौन्दर्यसम्बन्धी यति धेरै गीत गाउँदा पनि समाजमा विभेदको घटना दोहोरिरहनु दुःखद भएको उनी बताउँछन् ।

विभेदविरुद्धका गीत केवल भावनामा सीमित नभई सामाजिक रूपान्तरणतर्फ उन्मुख हुनुपर्ने अध्येता जेबी विश्वकर्मा बताउँछन् । 'गीतले मानिसलाई भावनात्मक बनाउन सक्छ । तर, स्पष्ट विचार नहुँदा त्यसले रूपान्तरण गर्न सक्दैन,' उनी भन्छन् । उनको बुझाइमा प्रतिरोधी गतिमा भावनाभन्दा विचारको आवश्यकता हुन्छ । 'विभेदविरुद्धको गीतमा विचार सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो । गीत-संगीत आफैंमा विचारको अभिव्यक्ति भएकाले त्यसले कस्तो सन्देश बोकेको छ भन्ने निर्णायक हुन्छ,' उनी भन्छन्, 'विचारविहीन गीतले भावनात्मक प्रभाव त पार्न सक्छ । तर, समाज परिवर्तनको दिशा दिन सक्दैन । प्रगतिशील र रूपान्तरणमुखी चेतना बोकेका गीत कम हुँदा समाजबाट विभेदका घटना कम हुन नसकेको हो ।'

विचार र कलाको सही संयोजन भयो भने मात्र गीतले सही सन्देश दिने अध्येता विश्वकर्माको भनाइ छ । 'विभेदविरुद्धका गीत व्यक्तिगत भावनामा मात्र सीमित भयो भने सामाजिक प्रतिरोधमा धेरै काम गर्दैन । विभेदविरुद्ध प्रभावकारी गीत सिर्जना गर्न गहिरो अध्ययन हुनुपर्छ । सतही पीडा मात्र देखाएर पुग्दैन,' उनी भन्छन्, 'विभेदका संरचनागत कारण बुझेर त्यसविरुद्धको दृष्टिकोणसहित गीत बनाउनुपर्छ । त्यसले मात्रै समाज परिवर्तनमा भूमिका खेल्न सक्छ ।'

सरकारका तर्फबाट माफी



सत्तारूढ दल रास्वपाले शासकीय सुधारका सय सूचीमा दलित समुदायसँग माफी माग्ने निर्णय गरेको थियो । सूचीमा भनिएको छ, 'दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसर वञ्चनाको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिनभित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने ।'

बिहीबार प्रतिनिधिसभाको पहिलो बैठकमा सम्बोधन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले दलित समुदायसँग माफी मागेका छन् । सरकारका तर्फबाट उनले दलित समुदायसँग पनि माफी मागेका हुन् । उनले भने, 'यो सरकार शताब्दीऔँदेखि विभेदको, अन्यायको, अत्याचारको, सार्वजनिक र सामूहिक माफी माग्दै छ, त्यो पनि यो सदनबाट ।' उनले आजसम्म दलित समुदायले भोगेको विभेद अन्याय नभई संगठित अपराध रहेको बताए । उनले भने, 'अब कुनै पनि नेपालीले जातका आधारमा अपमानित महसुस गर्नेछैन ।'

स्रोत अभावबिच फेस्टिभल यात्रा



फिल्म



● केपी पाठक, चलचित्रकर्मी

राज्यले नीति, स्रोत र संरचना निर्माणमार्फत फिल्म फेस्टिभललाई सशक्त बनाउनुपर्छ, ताकि नेपाली सिनेमा विश्वमाझ अझ प्रभावकारी रूपमा उभिन सकोस् । पछिल्लो वर्षमा नेपाली फिल्म ग्लोबल मार्केटमा देखिन र सुनिन थालेका छन् ।

नेपाली फिल्म उद्योग आफ्नै कथा र पहिचान निर्माण गर्ने दिशामा अघि बढिरहेको छ । नेपाली फिल्ममेकर आफ्नै शैली, भाषा र कथावाचनको विकास गर्ने क्रममा छन् । विगतमा आयातित सूत्र र शैलीमा आधारित कथा भनिन्थ्यो । अहिले त्यसलाई तोड्ने प्रयास भइरहेको छ । अहिले इन्डिपेन्डेन्ट, सर्ट र डकुमेन्ट्री फिल्म मेकर सक्रिय रूपमा सहभागी भइरहेका छन् ।

विशेषगरी युवा फिल्म मेकरमा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढ्दै गएको छ । फिल्ममेकरमा पहिलेझैं 'म यो कथा मात्र भन्छु' भन्ने शैलीभन्दा अब 'म एउटा सिर्जना गर्छु' भन्ने सोचको विकास भएको छ । डकुमेन्ट्री, सर्ट फिल्म वा फिचर फिल्ममा कथामा विविधता आउन थालेको छ । यसले सिनेमाप्रतिको दृष्टिकोण परिपक्व बन्दै गएको संकेत गर्छ । तर, अर्को पाटो पनि छ । विभिन्न आन्दोलन वा समुदायसँग सम्बन्धित फिल्म मेकरलाई आवश्यक परामर्श, तालिम र क्षमता अभिवृद्धि कार्यक्रम पर्याप्त रूपमा पुग्न सकेको देखिँदैन । जनजाति चलचित्र महासंघजस्ता संस्था भए पनि फिल्म मेकरको आत्मविश्वास र दक्षता वृद्धि गर्न अझै धेरै काम गर्नुपर्ने देखिन्छ ।

फेस्टिबलमा मधेश, पूर्व, पश्चिम र सुदूरपश्चिमबाट पनि फिल्म आउनुपर्छ । मधेशबाट केही राम्रो सहभागिता देखिन्छ । यसले मधेशको कथा पनि आउन थालेको संकेत गर्छ । तर, सुदूरपश्चिमबाट भने अहिलेसम्म कथाको उल्लेखनीय उपस्थिति देखिएको छैन । पूर्वबाट पनि अपेक्षाअनुसार फिल्म आएका छैनन् । तर, यो सम्भावनालाई पूर्ण रूपमा उपयोग गर्न राज्यको नीतिगत सहयोग अपरिहार्य छ ।

पछिल्लो एक दशकमा यस विषयमा बहस र प्रयास भएका छन् । जसमा नेपाली फिल्म फेस्टिबलको भूमिका छ । फिल्म फेस्टिबलले निर्माता र सर्जकबिच पुलको काम गर्छ । नयाँ कथा खोज्ने र कथा भएका सर्जकलाई जोड्ने, पिचिङको अवसर दिने र सहकार्यका सम्भावना खोल्ने काम फेस्टिबलले गर्छ । यसले निर्देशक-निर्मातालाई प्रत्यक्ष लाभ पुऱ्याउँछ ।

■ फेस्टिभलका चुनौती

फिल्म फेस्टिभल नयाँ फिल्ममेकरका लागि सिक्ने थलो मात्र होइन, विश्वसँग जोडिने महत्त्वपूर्ण प्लेटफर्म पनि हो । यसपटक 'निफ'ले 'फ्युचर फरवार्ड' नारा अघि सारेको छ । यसमा स्टुडेन्ट फिल्म अवार्ड, एआई फिल्म अवार्ड र एआईसम्बन्धी पाँचदिने कार्यशालाजस्ता कार्यक्रम समावेश छन् । यसले फिल्म निर्माणका सबै चरणमा प्रविधिको प्रयोगबारे सिकाउने लक्ष्य राखेको छ ।

यसपटक विभिन्न देशबाट आएका सयौँ फिल्ममध्ये ४० देशका ८८ फिल्म छनोट गरिएका छन् । साथै, अन्तर्राष्ट्रिय प्रतिष्ठित फिल्मकर्मीको सहभागिता पनि रहनेछ । फेस्टिबलको अन्तर्राष्ट्रिय पहुँच भने विस्तार हुँदै गएको छ । पर्याप्त स्रोत भए उत्कृष्ट फिल्म, जुरी र फिल्ममेकर ल्याउन सकिन्थ्यो । फिल्म बजार सञ्चालन गरी नेपाली कथालाई विश्व बजारमा पुऱ्याउने सम्भावना पनि छ । जहाँ बायर, सेलर र प्रोड्युसरलाई जोड्न सकिन्छ । यसले नेपालमा पनि ठुला प्रोजेक्ट जन्माउन सक्छ ।

फिल्म फेस्टिभल सञ्चालन गर्दा आर्थिक चुनौती छन् । सरकारले सिनेमा क्षेत्रलाई 'सफ्ट पावर'का रूपमा बुझ्न आवश्यक छ । काठमाडौंलाई युनेस्कोको क्रिएटिभ फिल्म सिटीको रूपमा मान्यता दिइसकेको छ । सिनेमा कला, संस्कृति र पर्यटन प्रवर्द्धनको महत्त्वपूर्ण माध्यम बन्न सक्छ । त्यसैले, चलचित्रमैत्री नीति, स्थायी बजेट र संस्थागत सहयोग आवश्यक छ । चलचित्र केवल मनोरञ्जनको माध्यम मात्र होइन, यो एक शक्तिशाली 'सफ्ट पावर' हो । अझ चलचित्र समाजको सांस्कृतिक उत्पादन पनि हो । यसको क्यानभास विशाल छ, जसले विदेशी मुद्रा आर्जन गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । सिनेमा विकास हुँदा पर्यटनमार्फत आम्दानी गर्न सकिन्छ, फिल्म बेचेर कमाउन सकिन्छ, को-प्रोडक्सनबाट स्रोत भित्र्याउन सकिन्छ । नेपालमा सुटिङ गराएर पनि आर्थिक लाभ लिन सकिन्छ । यसले रोजगारी सिर्जना गर्छ, राज्यलाई राजस्व दिन्छ र धेरै क्षेत्रमा अवसर विस्तार गर्न सक्छ ।

कर्पोरेट क्षेत्र र राज्यले कला क्षेत्रलाई अझै प्राथमिकता दिएको देखिँदैन । वास्तवमा संस्कृति एउटा शक्तिशाली 'सफ्ट पावर' भन्ने बुझेको छैन । कुनै पनि समुदायको पहिचान उसको संस्कृतिसँग जोडिएको हुन्छ र सिनेमा त्यसको सबैभन्दा प्रभावकारी माध्यम हो । आज विश्वभर सिनेमा 'सफ्ट पावर'का रूपमा स्थापित भइसकेको छ । देशको पहिचान, प्रचार र प्रभाव विस्तार गर्न यसको ठुलो भूमिका हुन्छ । नेपालले पनि यसलाई विकास, समृद्धि र अन्तर्राष्ट्रिय पहिचानका लागि प्रयोग गर्नुपर्छ ।

फिल्म फेस्टिबलका लागि आर्थिक स्रोत जुटाउनै मुस्किल हुन्छ । नेपालमा फेस्टिभल सञ्चालनका लागि आवश्यक सरकारी नीति, फन्डिङ एजेन्सी र स्रोतको अभाव छ । स्रोत जुटाउन निकै कठिन हुन्छ । प्रायः व्यक्तिगत प्रयास र खर्चमा कार्यक्रम सञ्चालन गर्नुपर्ने अवस्था छ । यस्ता अन्तर्राष्ट्रियस्तरका कार्यक्रम व्यक्तिगत रूपमा धान्न सकिँदैन । यसका लागि निजी क्षेत्र र अन्य संस्थाको सहकार्य आवश्यक हुन्छ ।

फेस्टिबल सञ्चालनमा हामीले स्वयंसेवकको रूपमा काम गरिरहेका छौं । मलाई कतिपयले फेस्टिबल आयोजना गरेर 'तपाईंलाई फाइदा छ' भनेको पनि सुन्छु । हामीले आर्थिक अभावका बाबजुद फेस्टिभल गरिरहेका छौं । यो हाम्रो प्यासन बनेको छ । फेस्टिबल आयोजना गर्नु सिनेमाको 'मुभमेन्ट'का लागि योगदान दिनु पनि हो ।

तर दुर्भाग्यवश, राज्यका निकाय 'तपाईंहरू आफैं टिक्नुस्' भन्ने धारणा राखिरहेका छन् । यो निरुत्साहित गर्ने प्रवृत्ति हो । आगामी बजेटमा कम्तीमा ४-५ करोड रुपैयाँ अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलका लागि वार्षिक रूपमा छुट्याउनु आवश्यक छ । यसमा राज्यले पिआर र लजिस्टिकमा लगानी गरेमा कार्यक्रमको मूल्य र विस्तार दुवै स्वतः बढ्नेछ । अन्य देशले यस्ता कार्यक्रममा राज्यको ठुलो लगानीमार्फत उल्लेखनीय प्रगति गरेका छन् । फेस्टिभलका लागि हामीसँग सरकारको नीति छैन । जसले गर्दा स्रोत जुटाउन असाध्यै गाह्रो छ ।

नेपाली फिल्म उद्योग अहिले संक्रमणकालीन चरणमा छ । यसले आफ्नै पहिचान निर्माण गर्ने प्रयास गरिरहेको छ । अब नेपाली समाजको जीवनशैली, संस्कृति फिल्ममा देखिनुपर्छ । अरूको शैली नक्कल गरेर बनाइएको फिल्म प्रभावकारी हुँदैन । तपाईंको समुदायको आफ्नै प्रेम गर्ने तरिका हुन्छ, आफ्नै कथा हुन्छ । त्यसलाई नै इमानदारीपूर्वक प्रस्तुत गर्नुपर्छ । त्यसरी बनाइएको फिल्म नै सशक्त बन्छ । त्यसैले, सिनेमा केवल मनोरञ्जन होइन- यो शक्ति पनि हो । यसलाई गहनाको रूपमा होइन, राष्ट्र निर्माणको महत्त्वपूर्ण माध्यमका रूपमा बुझ्नुपर्छ ।

राज्यले नीति, स्रोत र संरचना निर्माणमार्फत यसलाई सशक्त बनाउनुपर्छ । ताकि, नेपाली सिनेमा विश्वमाझ अझ प्रभावकारी रूपमा उभिन सकोस् । पछिल्लो वर्षमा नेपाली फिल्म ग्लोबल मार्केटमा देखिन र सुनिन थालेका छन् । यो नेपाली चलचित्र उद्योगका लागि ठुलो उपलब्धि हो । यो फिल्ममेकरको व्यक्तिगत प्रयास र पहलको परिणाम हो । नेपाली फिल्म मेकर आफैं नेपालको ब्रान्ड एम्बेसडरका रूपमा विश्वभर घुमिरहेका छन् । आफ्नो सिर्जनाबाट नेपाललाई चिनाइरहेका छन् । हाम्रा फिल्म मेकरले पनि आफ्ना फिल्ममार्फत अन्तर्राष्ट्रिय दर्शकसँग नेपाललाई जोड्ने महत्त्वपूर्ण काम गरिरहेका छन् । त्यस्ता फिल्ममेकरलाई हामीले समग्र देशकैतर्फबाट ठुलो सम्मान गर्नुपर्ने हो । यतातिर राज्यले चासो देखाएको पाइँदैन ।

(कुराकानीमा आधारित)

चरा बसाइँ सर्ने मौसम









पक्षी



● हेमसागर बराल, चराविद्

मधेशमा गर्मीयाममा प्रचण्ड गर्मी हुन्छ । अलिकति उत्तरतिर गयो भने शीतल हावा चल्छ । धरानदेखि भेडेटार गयो भने चिसो मौसम भेटिन्छ । भैरहवामा प्रचण्ड गर्मी हुन्छ । अलिकति माथि तानसेन पुग्यो, चिसो हावा भेटिन्छ । यो भौगोलिक विविधता मान्छेले मात्रै महसुस गर्दैनन्, पशुपक्षीले पनि गर्छन् । भौगालिक बनावटअनुसार तापक्रममा पनि विविधता छ ।

नेपालमा थुप्रै रैथाने चरा पाइन्छन् । हिमालदेखि तराईसम्मका फरक-फरक भू-भागमा रैथाने चराको वासस्थान छन्, जसले यहाँको जैविक विविधतालाई अझ समृद्ध बनाएको छ । नेपालमा करिब ९०२ प्रजातिका चरा अभिलेखित छन् । तीमध्ये करिब दुई सय ५० प्रजातिका चरा बसाइँसराइ गरिरहन्छन् । बाँकी करिब ६ सय ५० रैथाने हुन् । चैत-वैशाख चराहरूको जीवनचक्रका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । अधिकांश चरा यतिबेला प्रजननमा व्यस्त हुन्छन् । रैथाने चराका लागि यो बच्चा कोरल्ने समय हो । नेपालभित्रै पनि उचाइअनुसार कतिपय चरा बसाइँ सर्छन् । जसलाई चराको 'लेक-बेसी' पनि भन्ने गरिन्छ । हिउँदमा विशेषगरी चरा चुरे क्षेत्रका नदी किनारमा बस्छन् । गर्मीमा चरा चिसो ठाउँ खोज्दै लेकतिर जाने गर्छन् । फेरि हिउँदको समयमा बेँसीतिर झर्ने गर्छन् ।

■ मधेशबाट पहाड उक्लिने समय

अहिले चराहरू मधेशबाट पहाड उक्लिने समय हो । यतिबेला धेरै चराहरू गुँड बनाउने, अन्डा पार्ने र बच्चा हुर्काउने काममा व्यस्त छन् । त्यसैले, बच्चा कोरल्ने समयमा माथि उक्लिछन् र हिउँ पर्न थालेपछि उपत्यकातिर झर्छन् । चुइया प्रजातिका दुई चरा छन् । यी चरा अहिले पहाड उक्लिन्छन् । फिस्टा प्रजातिका पनि थुप्रै चरा छन् । यी जराहरूले पनि लेकबेंसी गर्छन् । चिबे चरा पनि गर्मीको समय पहाडतिर उक्लिन्छ, त्यहि बच्चा कोरल्छ । ताँबे ढुकुरले पनि यस्तै व्यवहार देखाउँछ । गर्मीको समय पहाडतिर प्रजनन गरेर हिउँदमा तराई झर्छ । भद्राई पनि हिमाली क्षेत्रमा प्रजनन गरेर हिउँदमा पहाडतिर आउँछन् । 'पितोदर फिस्टो', ध्वाँसे फिस्टोले लेकबेंसी गर्छन् ।

■ लोकल माइग्रेसन

नेपालका केही चराले 'लोकल माइग्रेसन' गर्छन्, अर्थात् सानो क्षेत्रमा मौसमअनुसार स्थान परिवर्तन गर्छन् । जस्तै- चितवन क्षेत्रमा पाइने केही चरा घाँसको अवस्थाअनुसार स्थान बदल्छन् । बकुल्लाले पनि यस्तो व्यवहार देखाउँछ । प्रजननको समयमा एकै ठाउँमा जम्मा हुन्छन् र अन्य

साप्ताहिक राशिफल

२१ चैत (शनिबार)
२७ चैत (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा नयाँ कार्यको जिम्मेवारी बढ्नेछ । भविष्यका लागि लगानीको समय छ । टाढाको यात्रा निकै फलदायी हुनेछ । भाग्यले साथ दिनेछ भने काममा सोचेअनुसारकै सफलता मिल्नेछ । नयाँ काम सुरु गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । वैदेशिक यात्राको अवसर मिल्नेछ । साताको अन्त्यमा पारिवारिक यात्राको योग छ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

साताको प्रारम्भमा आतिथ्यपूर्ण सम्मान मिल्नेछ । महत्त्वपूर्ण निर्णय सोचेअनुसार नै अगाडि बढ्नेछन् । नयाँ कार्यको थालनी नगर्दा नै राम्रो हुनेछ । अरू कसैका कार्यमा लाग्दा सफलता पाउनुहुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । साताको अन्त्यमा धार्मिक यात्राबाट सोचेजस्तै सफलता मिल्नेछ । पारिवारिक सहयोग र सद्भाव बढ्नेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्ने योग छ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

रोकिएका काम सुचारु हुने साता रहेको छ । रमाइलो यात्राका बिच आतिथ्यपूर्ण सम्मानको योग रहेको छ । पारिवारिक सहयोगमा नयाँ योजना बन्नेछन् । सौन्दर्यतामा धन खर्च हुनेछ । मनोरञ्जनका साथै धार्मिक कार्यमा रुचि बढ्नेछ । घरमा अतिथिको आगमन हुनेछ । सेयर कारोबार गर्नेहरूका लागि अलि कमजोर समय रहने योग देखिएको छ । क्रियाकलापमा धन खर्च हुने योग रहेको छ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

महत्त्वाकांक्षी योजनामा हात हाल्नु राम्रो देखिँदैन । कृषि-चौपायाबाट हानि पुग्न सक्छ । सामाजिक कार्यको जिम्मेवारी प्राप्तिको समय रहेको छ । पारिवारिक सम्बन्ध नजिकिँदै जानेछ । मन मिल्ने साथीको सुझावले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । साताको अन्त्यमा काममा अवरोध हुन सक्ने सम्भावना रहेकाले संघर्षको सामना गर्नुपर्नेछ । धनार्जनका नयाँ स्रोत पत्ता लाग्नेछन् ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

प्रशस्त धनआर्जन गर्ने अवसर पाउनुहुनेछ । महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नुपर्ने समय आएको छ । सामाजिक कार्यमा नेतृत्वदायी भूमिका वहन गर्नुपर्नेछ । साताको उत्तरार्द्धबाट व्यापार-व्यवसायमा बाधाको संकेत देखिएको छ । घर-व्यवहारको समस्याले सताउनेछ । प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । आर्थिक कारोवारमा सफलता मिल्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

मन पर्ने वस्त्र, अलंकार आदि पाइने योग रहेको छ । मनमा हर्ष,उमंग र उत्साह छाउला । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ । भाइबहिनीका तर्फबाट खुसीको खबर प्राप्त हुनेछ । अध्ययन-अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त हुनेछ । साताको अन्त्यमा महत्त्वपूर्ण सूचना गोप्य राख्नुपर्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको प्रारम्भमा मातृशक्तिको सल्लाह, सहयोगले फाइदा हुने योग रहेको छ । प्रतिस्पर्धामा विजयी हुने संकेत देखिएको छ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । धार्मिक यात्राको योग रहेको छ । व्यापार-व्यवसायमा सफलता मिल्नेछ । आफन्तसँग रमाइलो भेटघाट पनि हुनेछ । आकस्मिक धनलाभ हुनाले मनमा हर्ष, उमंग र उत्साह छाउनेछ । साताको अन्त्यमा नजिकका मित्रसँग भेटघाट हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा सरकारी कार्यमा मानसम्मान प्राप्तिको योग रहेको छ । धर्म, तथा समाजसेवामा मन लाग्नेछ । इच्छा र आकांक्षा पूर्ण हुनेछन् । आकस्मिक धनलाभ हुनेछ । मनमा हर्ष,उमंग र उत्साह छाउनेछ । नजिकका मित्रसँग भेटघाटले नयाँ कार्यको थालनी हुनेछ । साताको अन्त्यमा चोटपटकको योग रहेकाले सावधानी अपनाउनु नै उपयुक्त हुनेछ । समाजसेवाका कामबाट लाभ हुनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

लगनशीलताले काम अगाडि बढ्नेछन् । कर्मसिद्धिको समय छ । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ ठाउँमा लगानीका योजना बन्नेछन् । आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्त्वपूर्ण कार्य सम्पन्न हुने संकेत देखिएको छ । आफन्तले तपाईंका विचारलाई समर्थन गर्नेछन् । साताको अन्त्यमा टाढिएका मित्रसँग नजिकिने समय छ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । स्थानान्तरण र टाढाको यात्राको सम्भावना रहेको छ । नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्ने योग रहेको छ । आदर्श व्यक्तिसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । नाता-कुटुम्बको आगमन हुने र परिवारमा नयाँ सदस्य थपिन पनि सक्ने सम्भावना रहेको छ । अनावश्यक ठाउँमा धन खर्च बढ्न सक्छ ।


कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

लामो समय देखि रोकिएका अधुरा कार्यले पूर्णता पाउनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । धार्मिक तथा महत्त्वको क्षेत्रको भ्रमणको अवसर मिल्नेछ । रोकिएका अधुरा काम पूरा हुनेछन् । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । साताको अन्त्यमा परोपकारका क्षेत्रमा सहयोगको भावना जागृत हुनेछ । रोकिएका काम सम्पादन हुने र नयाँ काम पाइने योग छ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

श्रमको उचित मूल्यांकन हुने साता रहेको छ । पढाइमा प्रगति हुनुका साथै नयाँ कार्यको थालनी हुनेछ । समय उत्साहवर्द्धक नै रहनेछ । स्वास्थ्य क्षेत्र निर्बल रहने भएकाले सजगता अपनाउनु नै उचित हुनेछ । सामाजिक कामको दायित्व बढ्नेछ । साताको अन्त्यमा भूमि र वाहनबाट लाभ मिल्ने योग रहेको छ । प्रेम र मित्रताको बन्धन पनि कसिन सक्छ ।


समीक्षा



● धनकुमारी सुनार

महिलाको दुःखको कथा कहिलेबाट सुरु भयो होला ? मान्छेको सभ्यता र विकासक्रमको अन्वेषक गर्ने मानवशास्त्री भन्छन्- जब समाजमा परिवार र निजी सम्पत्तिको उदय भयो, समाजमा निजी स्वास्नी र निजी सन्तान भन्ने नियम सुरु भयो, तबदेखि महिला शासित भई । मानव सभ्यताको मोटामोटी आठ हजार वर्षदेखि महिला दोएम भए । त्यसयता पितृसत्ताले महिलाको यौनिकताभित्र उसको सम्पूर्ण अस्तित्वलाई सीमित गऱ्यो । सँगसँगै हरेक युगका महिलाले दमन र अत्याचारविरुद्ध प्रतिरोध गर्दै आए । आफ्नो अधिकार र स्व-अस्तित्वका लागि महिलाले विद्रोह मात्रै होइन, बलिदानसमेत गर्दै आएका छन् ।

लेखक अर्चना थापाको उपन्यास 'अग्निगर्भा' पढिरहँदा लाग्छ, यो मेरो कथा हो । अपवाद छाडेर हरेक महिलाको कथा हो, अग्निगर्भा । आफू छोरी, बहिनी, श्रीमती र आमा भइरहँदा कैयौंपटक घरधन्दाको बोझले थिचेर









तस्बिर सौजन्य : सञ्जय था श्रेष्ठ

समयमा फैलिन्छन् । जुरेली, पात सिउने, कागजस्ता चराले लेकबँसी गरेको पाइँदैन ।

मधेशको मयूर धेरै ठाउँ हिँडडुल गर्दैनन्, उनीहरू आफ्नो क्षेत्रमै बस्न रुचाउँछन् । डाँफे चराले हिमाल र पहाडबिच मात्रै बसाइँ सर्छ । हिमालको फेदमा 'तिलहरी चरा'को प्रजाति भेटिन्छ । हिमालमै बच्चा कोरल्छ । माछा खाने 'माटी कोरे' प्रजातिको चरा लामो दूरी माइग्रेसन गर्दैन ।

मानव बस्ती क्षेत्रमा पाइने जुरेलीले पनि लेकबँसी गर्दैन । अर्को, पात सिउने फिस्टो चरोले पनि लेकबँसी गर्दैन । भगेराले लेकबँसी गर्दैन, मानवबस्ती वरिपरि नै बस्छ ।

■ आगन्तुक चरा फर्किने समय

विशेषगरी नेपालमा चराका दुई प्रकारका बसाइँसराइ हुने गर्छ । जुन हिउँदे आगन्तुक र ग्रीष्मकालीन आगन्तुक । हिउँदे आगन्तुक चराहरू साउन-भदौदेखि नेपाल आउन थाल्छन् । अर्को, चैत-वैशाखतिर पुनः आफ्नो गन्तव्यतर्फ फर्किन्छन् । त्यसैले, यो आगन्तुक चराहरू फर्किने र बच्चा कोरल्न नेपाल आउने समय हो । आगन्तुक चराहरू नेपाल आइपुग्छन् । उनीहरू धेरै टाढा-टाढाका भूभाग पार गर्दै नेपाल आइपुग्छन् । चीन, मंगोलिया, रुस, कोरिया, किर्गिस्तान पूर्वी युरोपसम्मबाट नेपाल आइपुग्छन् ।

दक्षिण भारत, श्रीलंका, दक्षिण-पूर्व एसियाबाट आउने चराहरू नेपालमै बच्चा कोरल्छन् । यस समयमा दक्षिणबाट ग्रीष्मकालीन आगन्तुक चराहरू पनि नेपाल आउन थाल्छन् । यस्ता चराहरू दक्षिण भारत, श्रीलंका, उत्तर-पूर्वी भारत, थाइल्यान्ड, मलेसिया र इन्डोनेसियासम्मका क्षेत्रबाट नेपाल आइपुग्छन् । करिब पाँच दर्जनजति प्रजातिका ग्रीष्मकालीन आगन्तुक चराहरू नेपालमा प्रवेश गर्छन् । हिउँदे आगन्तुकभन्दा फरक, यी ग्रीष्मकालीन चराले नेपालमै प्रजनन गर्छन् । यी चराले यहीं बच्चा कोरल्छन् । थाइल्यान्ड, मलेसिया, इन्डोनेसियाबाट चराहरू नेपाल आउने क्रम जारी छ । कति चराहरू नेपाल आइसके ।

'जुरे कोइली' विशेष उदाहरण हो, जुन अफ्रिकासम्मबाट नेपाल आउँछ । यसले मनसुनी हावालाई प्रयोग गरेर यात्रा गर्छ, जसलाई 'टेल विन्ड' पनि भन्ने गरिन्छ । यही कारण यसलाई 'मनसुन बर्ड' पनि भनिन्छ ।

कोइलीका धेरै प्रजाति आगन्तुक हुन् । कोइलीले किरा-फट्यांग्रा खाएर आफ्नो प्रजनन चक्र पूरा गर्छ । नेपालमा कोइलीका करिब १७-१८ प्रजाति पाइन्छन्, जसमा केही रैथाने भए पनि अधिकांश ग्रीष्मकालीन आगन्तुक चरा हुन् ।

नेपाल विविधतामा समृद्ध हुँदाहुँदै पनि चराहरू गम्भीर संकटमा छन् । यसको मुख्य कारण मानवीय गतिविधि हो । वन फँडानी, सिमसारको अतिक्रमण, नदी-ताल प्रदूषण, चोरी-सिकारीजस्ता कारणले चराको वासस्थान खुम्चिएको छ । जलवायु परिवर्तनले चराको वासस्थानलाई झनै जटिल बनाएको छ । सिमसार सुक्दै गएका छन्, वन क्षेत्र सुक्खा हुँदै गएको छ । जलवायु परिवर्तनले गर्दा नेपालमा चराहरूको वासस्थानमा असर गरिरहेको छ । 'क्लाइमेट चेन्ज'ले गर्दा ताल, कुवा, झर्नाहरू सुक्न थालेका छन् । यसपालि हिउँदे पानी कम परेर वनहरू झन् सुक्खा भए । जसले गर्दा तालको संकुचन भइरहेको छ ।

नेपालमा जंगलक्षेत्रमा आगलागीको जोखिम बढेको छ । पहिलेभन्दा अहिले आगोको तीव्रता बढी छ, जसले चराहरूको गुँड र वासस्थान नष्ट गर्छ ।

■ चरालाई पासो ट्रान्समिसन लाइन

चरालाई पूर्वाधार विकासले पनि ठुलो असर पारेको छ । विकासको विरोध गर्न खोजेको होइन । विशेषगरी, हाइटेन्सन ट्रान्समिसन लाइनहरूले गिद्ध, चिल र अन्य चरालाई मारिरहेका छन् । नेपालका हाइटेन्सन लाइन अथवा ट्रान्समिसन लाइन चराको पासो जस्तो बनेको छ । रामेछापको तामाकोशी-सुनकोशी र कोशीहरूआसपासका क्षेत्रमा यस्तै देखिन्छ । अर्को, जलविद्युत् आयोजनाका बाँधहरूले नदीको प्राकृतिक बहाव रोक्दा माछा र अन्य जीवको बसाइँसराइ प्रभावित हुन्छ, जसले गर्दा चराहरूको वासस्थानमा असर परिरहेको छ । नदीहरू निर्माण भएका त्यस्ता ड्यामले असर गरिरहेका छन् । एउटै नदीमा पाँचवटा ड्याम बनेको देखिन्छ । ड्याम बनाउनेबित्तिकै माछाको माइग्रेसन रोकिन्छ । माछाको माइग्रेसन रोकिनु अरू साना किरा फट्यांग्राको माइग्रेसन रोकिनु हो । जसले जैविक विविधतामा ह्रास ल्याउँछ । चराहरूको आहारमा पनि असर पुगिरहेको छ ।

सहरीकरण, विमानस्थल विस्तार र अव्यवस्थित विकासले पनि समस्या थपेको छ । विमानसँग ठोक्किने चराहरू (बर्ड स्ट्राइक) अहिले ठुलो चुनौती बनेको छ ।

विश्वव्यापी रूपमा पनि चराको संख्या घटिरहेको छ । युरोपमा गरिएको अध्ययनले १९७० को तुलनामा अहिले चराको संख्या निकै घटेको देखाउँछ । नेपाल पनि यसबाट अछुतो छैन । यस अवस्थामा संरक्षणका लागि जनचेतना आवश्यक छ । प्रजननको समयमा वनमा आगो नलगाउने, रुख नकाट्ने, सिमसार जोगाउने र चराका लागि पानीको व्यवस्था गर्नेजस्ता साना कदमले ठुलो योगदान दिन सक्छ । नेपालको चरा विविधता यसको प्राकृतिक सम्पदा मात्र होइन, पारिस्थितिक सन्तुलनको आधार पनि हो । त्यसैले, यसको संरक्षण सबैको साझा दायित्व हो ।

महिलाको शालीन विद्रोह


उकुसमुकुस भएकी छु । महिला हुँदाको दायित्वले वेलावेला आफैँ 'म को हुँ ?' भनेर खुट्याउन गाह्रो भएको छ ।

समाजमा घरेलु महिला भन्ने निम्छरो मानक, जसलाई आजको महिला आफैँले पनि सहज रूपमा ग्रहण गर्न सकेको देखिँदैन । न त यो पहिचानलाई समाजले नै सम्मानजनक रूपमा लिन सकेको छ । तर पनि संसारभरि महिलाको अवैतनिक श्रमको शोषण भइरहेको छ । उपन्यासकारका अनुसार आज पनि विश्वका ६२.२ प्रतिशत महिला बेतलबी श्रम गर्छन् ।

उपन्यासमा तेजश्री डुम्री गाउँकी कथित खानदानी काजी परिवारकी बुहारी, जो हैसियतले मात्रै पानी दुलहीमा सीमित छे । ऊ बुहारी हुनुको नाताले चुपचाप परिवारको सेवामा २४ घण्टा खटिन्छे । परिवारमा तेजश्रीलाई न कुनै आर्थिक अधिकार छ, न कुनै सम्मान ।

उपन्यासमा थुप्रै उपकथा छन् । दर्जनबढी भिन्न उमेर, जात, पठित र साधारण महिलाका संघर्षका कथा छन् । उपन्यास ग्रामीण लयको भाषिक चयन, शब्दहरूको संरचनागत विशिष्टता, मिथकीय भाव, दर्जनौँ उखानटुक्काको संयोजनले स्वादिलो बनेको छ ।

उपन्यासकार एक ठाउँ अत्यन्तै मिठो तरिकाले कथाबारेको अन्तर्य खोल्छिन् । कसको कथा ? र कथावाचक को हो ? भन्ने कुराले कथाको चोला फेरिन सक्छ । जसले कथा सुनाउँछ, उसले कथा घुमाउन पनि सक्छ । हुन पनि हो, महिलाले समाजमा आफ्नो कथा निर्धक्क भन्न थालेको कति पो भयो र ? अनि महिलाको



कथा सुन्न र विश्वास गर्न लायक ठानिएको कति पो भयो र ? अहिलेसम्म महिला अरूले गरिएको परिभाषामा कैद हुन बाध्य छन् ।


लेखकले पछिल्लो समय नेपाली समाजमा बढ्दो भूमाफिया, पुँजीवाद र बजारले कसरी मौलिक संस्कृति र संरचनालाई निल्दै गएको छ भन्ने कुरा जक्तिसिह टोल र डुम्रीबस्तीको उदाहरणबाट देखाउन खोजेकी छिन् । नेपाली समाजमा महिलामाथि हुने चरम घरेलु हिंसाका घटना, तेजश्री र उसको घरमा भएको आपराधिक पुरुषको जत्थाले गरेको आक्रमण र आगलागी डरलाग्दो छ ।

एक्काइसौँ शताब्दीमा पनि श्रमको उचित मूल्य नपाएकी महिलाको कथा हो, 'अग्निगर्भा' । उपन्यासकारले कथा बुन्नमा आफ्नो आमा प्रेरणाको स्रोत हुन् भनेर स्वीकार गरेकी छिन् । उपन्यासमा भान्सा र खानपिनका परिकारबारे मसिनो गरी व्याख्या गरिएको छ । किनकि, तेजश्रीले आफ्नो पकवानमा भएको दक्षतालाई नै आयको माध्यम बनाएकी छे । पकवानमा खसआर्य स्वाद प्रशस्त देखिन्छ ।

उपन्यासमा केही अन्तर्विरोध पनि देखिन्छ । अनु र तेजश्री आमाछोरी हुन्, यहाँ उनीहरूबिचको सम्बन्ध प्रेमिल लाग्दैन, किनकि श्रीमान्बाट टाढा भएकी तेजश्री र छोरीबिच भावनात्मक रूपमा जुन लगाव अपेक्षा गरिन्छ, त्यो देखिँदैन । त्यसैगरी, सिमोन र अमनबिचको प्रेम र यौन सम्बन्ध पनि त्यति सहज लाग्दैन ।

तेजश्रीका मनमा थुप्रै प्रश्न छन् ? उसले पितृसत्ता टिकाउने विचार र व्यवस्थामाथि प्रश्न गरेको देखिँदैन । उपन्यासको अन्त्यतिर 'यो आगो त म आफैँ हुँ' बिम्बको प्रयोगले सबैभन्दा ठुलो अर्थ दिन्छ, जसले महिला लरतरो जिनिस होइन । यो आफैँमा एउटा विद्रोह हो, नायक हो भन्ने सन्देश दिन खोजेको देखिन्छ । उपन्यासमा आफ्नो स्वाभिमानका लागि तेजश्रीले गरेको विद्रोह मध्यमवर्गीय खसआर्य महिलाको शालीन विद्रोह हो । यो विद्रोह कुनै पिँधमा भएको दलित, मधेशी वा जनजाति महिलाले गरेको भए यसको स्वादमा कस्तो भिन्नता आउँथ्यो होला ? पक्कै फरक स्वादको हुन्थ्यो ।

गोर्खालीको गौरव र राज्यको उपेक्षा



तस्बिर : एजेन्सी

इतिहास

● देवराज राई

संसारले चिनेका तर आफ्नै राष्ट्रले नचिनेका वीर गोर्खालीले आज आफ्नो परिचय गुमाउँदै छन् । २१० वर्षभन्दा लामो अक्षुण्ण इतिहास बोकेका गोर्खालीले न त आफ्नै देशबाट उचित संरक्षण पाएका छन्, न त उनीहरूले सेवा गरेका विदेशी राष्ट्रबाट नै । आफ्नै देश र बेलायत वा भारतको इतिहासमा समेत उनीहरूलाई उचित स्थान दिइएको छैन र अपवादका रूपमा 'भाडाका सिपाही'सरह मात्र उल्लेख गरिएको छ ।

नेपाल सरकारले जसरी दलित समुदायप्रति माफी मागेको छ, त्यसरी नै गोर्खाहरूप्रति राज्यले गरेको हेपाहा प्रवृत्ति र इथनिक क्लिन्जिङका लागि सरकारले माफी माग्नुपर्छ । इथनिक क्लिन्जिङ यसकारण कि प्रथम र दोस्रो विश्वयुद्धमा मृत्युवरण गर्ने समुदाय आदिवासी जनजाति समुदायका गुरुङ, मगर, राई र लिम्बू समुदायका ९५ प्रतिशत अधिक थिए ।

गोर्खा भर्ती केवल रहर वा संयोग मात्र थिएन, बरु नेपालका तत्कालीन शासकको आफ्नो सत्ता जोगाउने स्वार्थको उपज थियो । वीरशमशेर र चन्द्रशमशेरजस्ता शासकले आफ्नो शक्ति र क्राउन जोगाउन राई, लिम्बू, गुरुङ र मगरजस्ता आदिवासी जनजाति युवालाई अग्रमोर्चामा मर्न पठाए । शासकले 'घरलौरी' उर्दी जारी गरेर नेपाली गाउँघरलाई मसानघाटमा परिणत गरिदिए ।

प्रथम विश्वयुद्धमा त्यसवेलाको नेपालको जनसंख्याको २० प्रतिशत नेपाली युवा सहभागी थिए । यो २० प्रतिशत नेपालीमा को-को संलग्न थिए ? किन र केका लागि आत्माबलिदानी थियो ? यो त्याग, बलिदानी नेपालका लागि थियो । रगत हाम्रै लागि बगेको थियो । विश्वकै सोझा, इमानदार हाम्रा पूर्वजले नेपालका लागि रगत बगाए । जहाँ जुन अवस्थामा लडे पनि त्यो नेपालका लागि थियो ।

शासककै स्वार्थका कारण महासमरमा सबैभन्दा सानो उमेरका सेना भएर हाम्रा गोर्खाली सेनाले ज्यान गुमाए । आज नेपाल राष्ट्रले उनीहरूको बलिदानलाई के-कति सम्मान गऱ्यो ? नालापानी काँगडामा भएका युद्धभन्दा कैयन् गुणा ठुलो त्याग भएको गोर्खाली इतिहासलाई हामीले के-कति सम्मान गर्न सक्यौँ ?

■ आर्थिक शोषण र राज्यको उदासीनता

विगत दुई सय वर्षदेखि नेपाल सरकारले गोर्खाको नाममा आएको पैसा चलाइरखेको छ, तर यसको कुनै पारदर्शी हिसाबकिताब सार्वजनिक गरिएको छैन । प्रथम विश्वयुद्धको समयमा नेपालले बर्सेनि १० लाख रुपैयाँ बुझ्ने गरेको थियो, जुन सन् १९२३ मा दोब्बर भयो र दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) पछि अझ बढ्यो । गोर्खालीको यो अमूल्य बलिदानको हिसाब नदेखाउनु उनीहरूप्रतिको ठुलो अपमान र बेइमानी हो । यसका लागि नेपाल सरकारले विशेष समिति निर्माण गरेर सम्पूर्ण हिसाबकिताब सार्वजनिक गर्नुपर्छ । आज २१औँ शताब्दीमा पशुको समेत तथ्यांक राखिन्छ, तर नेपाल सरकारसँग आफ्ना निर्दोष नागरिक गोर्खाहरूको बलिदानीको तथ्यांक संकलन गर्ने कुनै निकाय छैन ।

नेपालको राष्ट्रिय सग्रहालयमा समेत गोर्खा योगदानको नामोनिसान छैन । वर्तमान शासकले बेलायत र भारतलाई मात्र दोष दिएर इतिहासका भूल ढाकछोप गर्नुको साटो, निर्दोष जनतालाई युद्धमा पठाएको जिम्मेवारी लिई संसद्मा उभिएर माफी माग्नुपर्छ । साथै, गोर्खा भर्तीले ल्याएको सामाजिक, पारिवारिक, भौतिक र मानसिक विचलनको गहिरो समाजशास्त्रीय अध्ययन हुनु नितान्त आवश्यक छ ।

प्रथम र दोस्रो विश्वयुद्धलगायत अन्य युद्धमा मारिएका गोर्खालीको समाधि संसारका विभिन्न देशमा छरिएर रहेका छन् । सन् १९१७ मा स्थापित कमनवेल्थ वार ग्रेभ्स कमिसनले यस्ता समाधिको संरक्षण गर्दै आएको छ । कमिसनको नीतिअनुसार समाधि स्थायी, एकैखालेा र रंगभेदरहित हुनुपर्छ । यसको संरक्षण खर्च बेलायत (७.४३%), क्यानडा (१०.७%), न्युजिल्यान्ड (२.१४%), दक्षिण अफ्रिका (२.११%), भारत (१.२%) र अस्ट्रेलिया (१.०५%) ले व्यहोरिरहेका छन् । हाल विश्वका १४९ देशमा रहेका २३ हजार २६४ समाधिस्थलमा १६ लाख ९५ हजार १७४ समाधि रहेका छन्, जसमध्ये दुई लाख ११ हजार ९२९ समाधि अझै सनाखत हुन सकेका छैनन् र यीमध्ये धेरै गोर्खाहरू रहेका छन् ।

> शासकहरूकै स्वार्थका कारण महासमरमा सबैभन्दा सानो उमेरका सेना भएर हाम्रा गोर्खाली सेनाले ज्यान गुमाए । आज नेपाल राष्ट्रले उनीहरूको बलिदानलाई के-कति सम्मान गऱ्यो ? नालापानी काँगडामा भएका युद्धभन्दा कैयन् गुणा ठुलो त्याग भएको गोर्खाली इतिहासलाई हामीले के-कति सम्मान गर्न सक्यौँ ?

समाधिस्थलको अवस्था विश्वभर फरक-फरक छ । पूर्वी जर्मनीको जेरेनड्रोफमा सन् १९८९ मा बर्लिनको पर्खाल ढलेपछि मात्र खोजी गर्दा गोर्खालीका समाधि फेला परेका थिए । भारतको दिल्ली र टर्कीको ग्यालिपोलीमा रुण्ड मौसमले समाधिलाई असर पारिरहेको छ । फ्रान्स र बेल्जियममा वर्षे बाढीबाट समाधिलाई जोगाउन गाह्रो भइरहेको छ । इजिप्टमा पानीको अभावले समाधि उद्यान सुक्ने स्थितिमा छन् भने बेलायतमै धेरै समाधिस्थल निजी जग्गामा परेकाले संरक्षणमा कठिनाइ भइरहेको छ ।

विश्वभरका युद्ध समाधिस्थलमध्ये हडकङको गोर्खा समाधिको संरक्षणमा 'गोर्खा सिमेट्री ट्रस्ट हडकङ' र त्यहाँका सचेत नेपालीले विशेष चासो देखाएका छन् । हडकङको क्यासिनो लाइनमा अवस्थित ताम्मी क्याम्पमा एक ठुलो क्षेत्रफलभित्र बेलायती सैनिक सेवा कालमा मृत्युवरण गरेका गोर्खालीका पाँच सय ८० भन्दा बढी समाधि संरक्षणमा रहेका छन् । जसको सुरक्षा वार ग्रेभ्स कमिसनले गरिरहेको छ ।

साँघुरो हडकङमा ११ वटा समाधिस्थल दर्ता भए पनि 'नर्वेजियन फार्म सिमेट्री'जस्ता ठाउँको नामोनिसान छैन, जहाँ राइफलम्यान लिम्बू (सर्भिस नम्बर २११४५३६०) को समाधि परेको छ र हाल यसको तीव्र खोजी भइरहेको छ । जग्गा अभावका कारण कृष्णबहादुर थापा, खड्गसिंह गुरुङ र पूर्णवीर राईजस्ता हिन्दु सैनिकलाई ह्याप्पी भ्याली हिन्दु मन्दिरको समाधिस्थलमा जथाभावी राखिएको छ । हडकङमा हताहत भएका एक हजार ८२५ गोर्खामध्ये ६२१ जना अझै सनाखत हुन बाँकी छन् ।

नेपाली इतिहासमा यतिन्जेलसम्म छायामा पारिएको गोर्खा इतिहासलाई अब न्याय दिई इतिहास पुनर्लेखन गर्नुपर्ने टड्कारो आवश्यकता छ । यदि हामीले गोर्खाहरूलाई साँचो अर्थमा सम्मान गरेका छौँ भने भावी पुस्ताले पुष्पगुच्छा अर्पण गर्न सक्ने र श्रद्धाले शिर झुकाउन सक्ने एउटा विशाल स्मृतिस्तम्भ काठमाडौँमा निर्माण गरिनुपर्छ । पुर्खा दिवसलाई वार्षिक पर्वका रूपमा विश्वव्यापी रूपमा मनाउँदै नेपाली एकताका लागि एउटा बलियो इन्स्टिट्युसनको रूपमा विकास गर्नुपर्छ ।

हडकङमा विद्यालयस्तरमा पाठ्यक्रममा समावेश गरी गोर्खा इतिहास र गोर्खा विभूतिलाई नेपाली शैक्षिक पाठ्यक्रमभित्र ल्याएर आमविद्यार्थीलाई जानकारी दिने सानै भए पनि प्रयास भइरहेको छ । पुर्खा दिवसमा विभिन्न विद्यालय तथा विश्वविद्यालयका विद्यार्थी पनि सहभागी हुँदै आएका छन् । साहित्य र कलाको विकासः गोर्खा साहित्य, कला र संगीतको उत्थान र विकास गर्दै पुर्खाहरूलाई सजाउने काम गरिरहेका छन् । आयोजक गोर्खा सेमेइट्रिज ट्रस्टले गोर्खाहरूको तथ्यांक संकलन र अनुसन्धान गरी प्रथम र दोस्रो विश्वयुद्धमा हताहत भएका लगभग ४० हजार गोर्खालीको तथ्यांक प्रकाशित गरिसकेको छ । सनाखत नभएका गोर्खाहरूको नामावली तयार पार्ने र बेलायत सरकार, कमनवेल्थ वार ग्रेभ्स कमिसनसँग मिलेर सांख्यिकी निकाल्ने काममसेत भइरहेको छ ।

अन्त्यमा, गोर्खालीहरूको यो २०० वर्षभन्दा लामो इतिहासलाई कवि, लेखक र राज्यले यथार्थपरक मूल्यांकन नगरेका कारण आज भावी सन्ततिले यसप्रति गहिरो चासो लिनुपर्ने वेला आएको छ । ६० हजारभन्दा बढी हताहत भएका शूरवीर गोर्खाहरूको इतिहास केवल समाधिस्थलको ढुंगामा 'एक योद्धाले मृत्युवरण भयो' भन्ने एक लाइनमा सीमित हुनुहुँदैन । आफ्नो देशका जनतालाई युद्धमा पठाएर त्यसको क्षतिपूर्ति नदिने राज्यले अब आफ्नो दायित्व बुझ्दै सुगौली सन्धि र त्रिपक्षीय सन्धिको स्पष्टीकरण दिनुपर्छ र यो महान् इतिहासलाई राष्ट्रको मूलधारमा ल्याउनुपर्छ ।

रञ्जनाको पारा साइक्लिङ रोड वर्ल्डकप यात्रा

खेल



● शान्ति तामाङ

के शरीरको सीमितताले सपनाको आयतनलाई खुम्च्याउन सक्छ ? रञ्जना धामीको जीवनले यसको बलियो उत्तर दिन्छ- सक्दैन । रञ्जनाको दायाँ हातको कुहिनोभन्दा तलको भाग छैन । तर, उनका लागि दायाँ हात कहिल्यै बाधक बन्न सकेन । उनले आफ्नो दैनिकीलाई त सहज बनाइन् नै, शारीरिक रूपमा बल प्रयोग गर्नुपर्ने खेलमा समेत हात हालेर समाजलाई चकित बनाइन् ।

हप्ता दिनअघि मात्र थाइल्यान्डमा भएको पारा साइक्लिङ रोड वर्ल्डकपमा सहभागी भएर रञ्जना फर्किएकी छिन् । उनले प्रतिस्पर्धा गरेको पारासाइक्लिङअन्तर्गत व्यक्तिगत विधामा दश देशको सहभागिता थियो । उक्त विधामा नवौँ स्थानमा रहिन् । यो प्रतिस्पर्धा १६ दशमलव ७ किलोमिटरको दूरीमा भएको थियो । ५८ दशमलव ७ किलोमिटर व्यक्तिगत रोडरेसमा उनले आठौँ स्थान हासिल गरिन् । उनी यस्तो प्रतिस्पर्धामा सहभागी हुने पहिलो नेपाली पाराखेलाडी हुन् । 'मैले च्याम्पियनसिपमा त सहभागी जनाएँ नै पाँच दिनको तालिमसमेत लिएँ । तालिममा रोडबाइकले गर्ने कामबारे सिकेँ । सिक्दै गर्दा लर्डे । चोटै लागे पनि आफूले सकेको राम्रो गरौँ,' उनले भनिन् ।

उनका अनुसार अन्य देशका खेलाडीले जस्तै राज्यबाटै पाराखेलाडीका लागि पनि तालिम र सुविधा पाएको भए नतिजामा सुधार हुन सक्थ्यो । 'थाइल्यान्डमा भएको च्याम्पियनसिपमा खासै तयारी गर्न पाएको होइन । बाहिरको खेलाडीसँग प्रतिस्पर्धा गर्न मैले गरेको तालिमले पुग्दै पुग्दैन । केही नहुनुभन्दा केही हुनु राम्रो भन्ने मात्र भयो,' उनी भन्छिन्,'मैले पूर्ण रूपमा अभ्यास गर्ने समय नै पाइनँ । आठ घण्टाको अफिस भ्याउनुपर्‍यो । बिहान र बेलुकाको समय हुन्छ, त्यो समयमा पनि आफ्ना विभिन्न काम गर्नुपर्ने हुन्छ । पूर्ण रूपमा तालिम गर्न नपाउँदा भनेजस्तो प्रस्तुति हुने सक्दैन ।'

उनलाई लाग्छ, पूर्ण रूपमा अभ्यास गर्न पाएको भए, धेरै राम्रो गर्न सकिन्थ्यो । मुख्यतः उनको अभ्यासको समय भनेको अलि लामो बिदामा ४० देखि ५० किलोमिटर र अफिस बिदा हुँदा त्योभन्दा अलि कम दूरीमा साइकल कुदाउनु हो । बिदाका दिन उनी धोबीघाटदेखि फुल्चोकी, लाकुरीभन्ज्याङ, गोकर्णेश्वर, बुढानिलकण्ठतिर दिनभर साइकल कुदाउँछिन् । अफिस आउने जाने साइकलमै गर्छिन् । अफिसको कामका लागि साइकल नै प्रयोग गर्छिन् । समय अभावले गर्दा अभ्यास गर्न पाउँदिनन् । 'आठ घण्टा काम गर्ने पर्‍यो । काम गरेन भने कसरी खाने ?, जीविका कसरी चलाउने ?, कसैले स्पोन्सर पनि गर्दैन,' आफ्नो सीमितताबारे उनले भनिन् ।

अपांगता भएका व्यक्तिहरूलाई गम्भीरताका आधारमा चार रंगका परिचयपत्र प्रदान गरिन्छ । उनले पहेँलो रंगको परिचयपत्र पाएकी छिन् । पहेँलो कार्ड पाएकै कारण उनले राज्यबाट कुनै सुविधा पाउँदिनन् । तैपनि आफ्नो बलबुताले अरू अपांगता भएकाहरूका लागि समेत प्रेरणाको स्रोत बनिरहेकी छिन् ।

■ अनि साइक्लिङ...

रञ्जना बाराको निजगढमा जन्मिइन् । उनको हात जन्मदै सामान्य थिएन । उनी दुई वर्षको हुँदा उनको परिवार चितवन सर्‍यो । 'मेरो हात जन्मदै यस्तो भए पनि खासै फरक अनुभव गरिनँ । तर, स्कुल पढ्दा साथीहरूले मेरो हातमा हेरिरहन्थे । तैपनि मैले त्यस्तो नराम्रो भोग्नुपरेन,' उनले विगत सम्झने प्रयास गरिन् ।

चितवनमै रमाउँदै थिइन्, उनको परिवार फेरि काठमाडौं लाग्यो । उनी काठमाडौंको भिडभाडमा हराउँदै थिइन् । सन् २०१५ मा भखेरै प्लस टु सकाएर बसेकी उनको यात्रा तेक्वान्दोतर्फ मोडियो । शारीरिक रूपमा कठिन मानिने खेल खेल्नका लागि परिवारले पनि मञ्जुरी दियो । 'तिमीले गर्न सक्छौ । तिम्रो इच्छा छ भने खेल्दा हुन्छ भनेपछि नै खेलेको हुँ,' उनले भनिन् ।

त्यसपछि उनी आफ्नो पढाइसँगै तेक्वान्दो सिक्न थालिन् । तेक्वान्दो खेल्दै गर्दा उनले विभिन्न देशमा गएर पदक ल्याउनसमेत सफल भइन् । उनले सफलताको ग्राफ बढ्दै जाने क्रममा आठवटा देशमा नेपालको प्रतिनिधित्व गरिन् । एसियन पारातेक्वान्दो च्याम्पियनसिप खेलिन् । उनले पटक-पटक गरी एक रजत र दुई कांस्य हात पारिन् । लन्डनमा भएको वर्ल्ड च्याम्पियनसिपमा कांस्य जितिन् । पदक प्राप्त भएसँगै उनलाई हेर्ने सामाजिक मान्यतामा परिवर्तन आउन थाल्यो । 'मैले खेलकुदमा पदक जितेपछि मलाई हेर्ने नजरमा परिवर्तन आयो,' उनी भन्छिन्, 'गाउँको मान्छेले फलानो त्यहाँ गएर जितेछिन् । राम्रो गरेछ भनेर कुराहरू आउँथ्यो । अहिले पनि आउँछ ।'

रञ्जना खेलमा अघि बढिरहिन् । तर, उनलाई भने आफ्नो शारीरिक उचाइकै कारण तेक्वान्दो छोड्नुपर्छ भन्ने लाग्यो । उनलाई तेक्वान्दोमै अगाडि बढिरहनका लागि उचाइ बाधक बन्न थाल्यो । 'मेरो हाइट अलि कम थियो । मैले खेल्नुपर्ने विदेशी खेलाडीहरू अग्ला हुन्थे । मैले किक हान्दा खेलाडीको चेस्टप्याडमा नपुग्ने, त्यसले मेरो नम्बर नै आउन गाह्रो भयो,' उनी भन्छिन्, 'खेलकुद संघले पनि खेलाडीलाई जीवनयापनका लागि अवसर दिएन । आर्थिक रूपमा पनि अभाव हुन थाल्यो । त्यसैले मलाई तेक्वान्दो छोडनुपर्छ भन्ने लाग्यो ।'

तेक्वान्दो छोड्नुभन्दा अघि नै उनले आफूलाई साइकलमा बानी पार्न थालिसकेकी थिइन् । चितवन





हामीले खेलेर पनि केही पाउँदैनौँ । म यहाँ आठ घण्टा काम गर्छु । जीविकोपार्जनका लागि आफैँले संघर्ष गर्दै खेललाई समय दिनुपर्छ । सरकारले पनि केही गरिदिएहुन्थ्यो ।

हुँदै उनले अलि-अलि साइकल चलाउन सिकेकी थिइन् । त्यही सिपलाई निखार्दै उडान भरिन् । 'तेक्वान्दो सिक्ने क्रममा एकजना दाइ पनि सधै साइकल चलाएरै आउनुहुन्थ्यो । मलाई पनि आर्थिक र सामाजिक हिसाबले साइकल उपयुक्त होला भन्ने लागेर चलाउन थालेँ । साइकल चलाउन थालेपछि गाडी भाडामा खर्च हुने पैसा अरू आवश्यक ठाउँमा खर्च गर्न पाएँ,' उनले भनिन् ।

सबैभन्दा ठुलो कुरा साइकलले उनलाई स्वतन्त्रता अनुभव गरायो । कसैलाई कुर्न नपर्ने, कुराउन नपर्ने, हतार र हतासविना मनमौजी रूपमा जिउन साइकलले सिकायो । 'साइकल प्रयोग गर्दै गएपछि पारास्पोर्टसमा साइकल पनि भएको जानकारी पाएँ । तेक्वान्दो छोडेपछि साइकल खेलमै अवसर पाएँ भने प्रतिनिधित्व गर्छु भन्ने लागेको थियो । त्यसैले यतै लागेँ,' उनले भनिन् । उनले चलाउने साइकल सामान्य मानिसले चलाउने साइकलभन्दा केही फरक छ । उनको साइकलको दुवै ब्रेक बायाँमै छ । ब्रेक पछाडिको माथि छ । अगाडिको मुनि छ । त्यसलाई उनी आफ्नो सहजताअनुसार प्रयोग गर्छिन् । अरू संरचना सामान्य मानिसले चलाउने साइकलको जस्तै हुन्छ ।

रञ्जना साइकलमा जम्दै गर्दा बुबाआमा भने गाउँ फर्किए । बहिनी र भाइ अध्ययनका लागि बिदेसिए । त्यसपछिको काठमाडौं बस्ने उनी मात्र भएकी छिन् । बिहानै उठ्नु, आफ्नो कोठा सफा गर्नु, भात पकाएर खानु, भाँडा माझ्नु अनि अफिस जानु उनको दैनिकी हो । दैनिकीअन्तर्गत नै पर्छ, साइकल कुदाउँदै अफिस जानु । साइकल कुदाएर अफिस जाँदाजाँदै उनी साइकल नै कुदाउन थाइल्यान्डसम्म पुगेकी छिन् ।

पारातेक्वान्दो हुँदै पारासाइक्लिङमा जम्न थालेकी उनले पाराखेलकुदमा दशक लामो समय बिताइसकिन् । त्योभन्दा अघिदेखि पारा खेलकुद अभ्यासमा आयो । तैपनि उनलाई यो क्षेत्रमा खासै परिवर्तन आउन नसकेजस्तो लागेको छ । उनलाई हाम्रो परिवार, समाज र भौतिक संरचनाले नै अपांगता भएका व्यक्तिलाई रोक्ने गरेको भन्ने लाग्छ । त्यसैले अपांगता भएका व्यक्तिलाई खेलकुदमा आउन चुनौतीपूर्ण भएको उनी बताउँछिन् । 'मलाई त हिँडडुल गर्न अप्ठ्यारो छैन । तर, अरूको हकमा हाम्रो संरचना, स्पोर्टस् क्वल पनि अपांगतामैत्री छैन । ह्विलचियर प्रयोगकर्ताले आफ्नो कोठाभन्दा बाहिर निस्किन धेरै सोच्नुपर्छ । हाम्रो संरचनाले बाहिर आउन दिँदैन,' उनले भनिन् ।

गत वर्ष पेरिस पाराओलम्पिकमा पलेशा गोवर्धनले कांस्य पदक जितिन् । यो पदक नेपाली खेलकुद इतिहासकै सबैभन्दा ठुलो पदक हो । यसले पाराखेलाडी पनि अरू सामान्य खेलाडीभन्दा कति पनि फरक छैन भनेर प्रमाणित गरिसकेको छ । यति हुँदा पनि अपांगता भएका खेलाडीलाई महत्त्व नदिएको उनको गुनासो छ । 'खेल इतिहासमा हेर्दा अपांगता भएका खेलाडीले नै ओलम्पिकमा मेडल ल्याएको छ । त्यति ठुलो पदक ल्याउँदा समेत सरकारी क्षेत्रबाट खासै काम हुन सकेको छैन । अपांगता भएका व्यक्तिले पाउनुपर्ने सेवा-सुविधा पनि खासै केही छैन,' उनी भन्छिन्,'पदक ल्याउनेबाहेक अरू पनि अपांगता भएका खेलाडी छन् । उनीहरूलाई पनि हेर्नुपर्‍यो नी । उनीहरूलाई पनि सेवा-सुविधा दियो भने आउने दिनमा पदक ल्याउन सक्छन् ।' अहिले बनेको सरकारप्रति उनमा केही आशा जागेको छ । तर, त्यो पनि प्रमाणित हुन बाँकी भएको उनले बताइन् ।

पाराखेलकुदमै कुनै-कुनै रूपमा रहिरहने उनको योजना छ । यसका लागि सरकारसँग सहयोगको अपेक्षा पनि गरेकी छिन् उनले । विभागीय टोलीबाट विभिन्न खेलका खेलाडी भएजस्तै पाराखेलाडीका लागि पनि त्यस्तै केही व्यवस्था भएमा राहत हुने उनलाई लागेको छ ।

'सन् २०२२ मा तेक्वान्दो छोडे पनि मलाई खेलकुद क्षेत्र छोड्नै मन लागेन । निश्चित समयसम्म खेल्छु । त्यसपछि पनि खेलकुदमा कुनै न कुनै रूपमा रहिरहन्छु,' उनी भन्छिन्, 'हामीले खेलेर पनि केही पाउँदैनौँ । म यहाँ आठ घण्टा काम गर्छु । जीविकोपार्जनका लागि आफैँले संघर्ष गर्दै खेललाई समय दिनुपर्छ । सरकारले पनि केही गरिदिए हुन्थ्यो ।'

चन्द्रमामा फेरि मानिस जान किन भइरहेछ ढिला ?

विश्व



● एमिली ए. मार्गोलिस

जनवरी २०२६ मा म 'नेसनल एअर एन्ड स्पेस म्युजियम'को भ्रमण दलको नेतृत्व गर्दै थिएँ । एकजना आगन्तुकले एक विचारणीय प्रश्न गरे, 'चन्द्रमामा फर्कन किन यति लामो समय लाग्यो ?' हुन पनि नासाले मानिसलाई चन्द्रमामा उतार्ने प्रविधि र ज्ञान ५० वर्षभन्दा अघि नै हासिल गरिसकेको थियो । तर, धेरैलाई थाहा नहुन सक्छ, अमेरिकी अन्तरिक्ष अभियानमा प्रविधिजत्तिकै महत्त्वपूर्ण भूमिका राजनीतिको पनि हुन्छ । अन्तरिक्ष अभियानमा राजनीतिलाई जोड्ने काम यसमा लाग्ने विशाल बजेटले गरेको हुन्छ । नासाका कुनै पनि कार्यक्रम कार्यान्वयन गर्न विशाल बजेट आवश्यक पर्छ । त्यति ठुलो बजेटको आवश्यकता पूरा गर्न अमेरिकाका एकभन्दा बढी राष्ट्रपतिको राजनीतिक इच्छाशक्ति र कांग्रेसबाट वित्तीय सहयोगको आवश्यकता पर्दछ । मानिसहरूलाई चन्द्रमामा फर्काउने नासाको प्रयासको कथा लामो र घुमाउरो छ, जसले महान् महत्त्वाकांक्षालाई वास्तविक मिसनमा परिणत गर्ने जटिलतालाई उजागर गर्छ ।

■ अपोलोपछि के भयो ?

सन् १९७० को सुरुवातको कुरा हो, दुई सफल चन्द्र अवतरणपछि, तत्कालीन अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको सरकारी खर्च कटौती नीतिअनुरूप नासाको बजेट घटाइयो । यो निर्णयले नासाको आर्थिक स्थिति उल्लेख्य कमजोर बन्यो । आर्थिक कठिनाइबिच एजेन्सीले तीनवटा पूर्वनिर्धारित अपोलो मिसन रद्द गर्नुपरेको थियो । बचेको कोषलाई उसले पृथ्वीको तल्लो कक्षमा दीर्घकालीन मानव गतिविधि कायम राख्ने योजनालाई बचाउन सफल भयो । नासाले यस कठिन समयमा चन्द्र अभियानका लागि तयार बनाएको 'स्याटर्न भी' रकेटलाई 'स्काइल्याब' नामक पहिलो अमेरिकी अन्तरिक्ष केन्द्र निर्माण गर्नका पुनः प्रयोग गरेको थियो । स्काइल्याब सन् १९७३ देखि १९७४ सम्म सञ्चालन रह्यो । त्यस्तै, चन्द्र अभियानअन्तर्गतका 'स्याटर्न आइबी' शृंखलाका बचेका रकेट तथा अपोलोको कमान्ड तथा सेवा मोड्युल प्रयोगमा ल्यायो ।

त्यसपछिका ३० वर्षमा नासा मुख्यतः स्पेस सटलको विकासमा केन्द्रित रह्यो । पटक-पटक प्रयोग गर्न सकिने स्पेस सटलले अन्तरिक्षको तल्लो कक्षमा उपग्रह राख्नेदेखि सूक्ष्म गुरुत्वाकर्षण अनुसन्धानमा ठुलो सहयोग पुऱ्यायो ।

यी काम भविष्यमा लामो समयसम्म चल्ने मानव अभियानलाई सक्षम पार्ने उद्देश्यका साथ भइरहेको थियो । स्पेस सटल कार्यक्रमले सन् १९९८ देखि अन्तरिक्षमा बन्दै गरेको 'इन्टरनेसनल स्पेस स्टेसन (अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र)'को निर्माण, मर्मतसम्भार र त्यहाँ बस्ने अन्तरिक्षयात्री ल्याउने लाने कामलाई सहज बनायो ।

■ बुसको 'भिजन फर स्पेस क्प्लोरेसन'

नयाँ सहस्राब्दी नजिकिँदै गर्दा, विल क्लिन्टनको सरकारले नासालाई अन्तरिक्ष केन्द्रभन्दा पर सोच्ने जिम्मेवारी दियो । रोबोट र मानिसले मिलेर अन्तरिक्षमा के गर्न सक्छन् ? र, यो संयुक्त शक्तिलाई कहाँ लगाउन सकिन्छ ? उल्लेखनीय रूपमा, ह्वाइटहाउसले त्यतिबेला पृथ्वीको वायुमण्डलको तल्लो कक्षभन्दा पर चासो व्यक्त गर्‍यो । र, नासा तत्कालीन सरकारको अनुरोध पूरा गर्न तयारी अवस्थामा थियो ।

नासाका तत्कालीन प्रमुख (एड्मिनिस्ट्रेटर) डेनियल गोल्डिन आफैँले नयाँ आउने राष्ट्रपतिसामु लाने प्रस्ताव तयार गर्नेबारे सोचिरहेका थिए र उनले केही समयअघि मात्र चन्द्रमामा मानव फिर्तीको अध्ययन गराएका थिए ।



नासाका कुनै पनि कार्यक्रम कार्यान्वयन गर्न विशाल बजेट आवश्यक पर्छ । त्यति ठुलो बजेटको आवश्यकता पूरा गर्न अमेरिकाका एकभन्दा बढी राष्ट्रपतिको राजनीतिक इच्छाशक्ति र कांग्रेसबाट वित्तीय सहयोगको आवश्यकता पर्छ ।

सन् १९९९ मा गोल्डिनले २१औँ शताब्दीका लागि नयाँ प्रविधि, अन्तरिक्ष अभियान र गन्तव्यको अनुसन्धान गर्न एक टोली गठन गरे । फेब्रुअरी २००३ मा कोलम्बिया स्पेस सटलको दुर्घटनापछि यस प्रयासले थप महत्त्व पायो । नयाँ राष्ट्रपति जर्ज डब्लु बुसको सरकारका सदस्यसमेतले मानव दलसहितको अन्तरिक्ष उडान कार्यक्रमको निरन्तरतामाथि विमर्श सुरु गरे ।

बुस सरकारभित्रको छलफलको निचोडका रूपमा अन्ततः सन् २००४ मा 'भिजन फर स्पेस एक्प्लोरेसन' जारी भयो । यसले नासालाई बन्दै गरेको अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रको निर्माण पूरा भएपछि कोलम्बियाजस्तो अन्तरिक्ष सटललाई बन्द गर्ने निर्देशन दियो । साथै, यसले मानिसलाई पुनः चन्द्रमामा फर्काउने लक्ष्य लियो । यसका लागि नासालाई अन्तरिक्षको तल्लो कक्षभन्दा परको गन्तव्यका लागि डिजाइन गरिएको चालक दलसहितको अन्तरिक्षयान केन्द्रित हुन भन्यो । त्यस अतिरिक्त 'भिजन फर स्पेस एक्प्लोरेसन'ले मंगलग्रहमा रोबोटमार्फत भइरहेको अन्वेषण जारी राख्न भन्दै अन्तरिक्षको काममा निजी कम्पनी र अन्तर्राष्ट्रिय साझेदारलाई सहकार्य गर्न आह्वान पनि गर्‍यो ।

उसो त त्यसको १५ वर्षअघि, जर्ज डब्लु बुसका पिता जर्ज एच डब्लु बुसले पनि चन्द्रमा र मंगलग्रहको अन्वेषण कार्यक्रमको घोषणा गरेका थिए । तर, कार्यक्रमको उच्च लागतबारे कांग्रेसमा प्रश्न उठेपछि त्यो अघि बढ्न सकेको थिएन ।

■ 'कोन्स्टिलेइसन' कार्यक्रमको विरासत

'भिजन फर स्पेस एक्प्लोरेसन'को लक्ष्यअनुरूप नासाले सन् २००४ डिसेम्बरमा चालक दलसहितको अन्वेषण यानको निर्माण कम्पनी खोज्ने प्रक्रिया सुरु गर्‍यो । अगस्ट २००६ सम्म, अन्तरिक्ष एजेन्सीले लकहिड मार्टिनलाई क्याप्सुल निर्माण गर्ने ठेक्का प्रदान गर्‍यो । क्याप्सुलको नाम ओरियन दिएको छ र त्यसैमा सवार भएर आर्टिमिसमा सवार अन्तरिक्ष यात्रीहरू चन्द्रमा लगिँदै छन् । ओरियनलाइ 'एअरिज प्रथम' मानवयान र 'एअरिज पाँचौँ' कार्गोयानसँगसँगै वर्षौं लामो अनुसन्धान, विकास र परीक्षण गरियो । यी प्रविधिहरू मिलेर 'कोन्स्टिलेइसन'(जसको अर्थ नक्षत्र भन्ने हुन्छ) कार्यक्रम घोषणा गरिएको थियो ।

'कोन्स्टिलेइसन' कार्यक्रमका दुई प्राथमिक उद्देश्यहरू थिए: छोटो अवधिका लागि, स्पेस सटलको प्रयोग बन्द गरिएपछि भएपछि अन्तरिक्षयात्रीलाई अन्तरिक्ष केन्द्रसम्म लान र ल्याउन महत गर्नु र लामो कालमा मानिसलाई पुनः चन्द्रमा फर्किन सक्षम बनाउने । पृथ्वीको कक्ष तथा चन्द्रमावरिपरि काम गर्न सक्ने प्रणाली निर्माण गर्न सके दुई फरक उद्देश्यका लागि अलग रकेट विकास गर्नुपर्ने समय र खर्च बचत हुने अपेक्षा गरिएको थियो । त्यसबाहेक प्रयोगबाट हटाइएको स्पेस सटलका पार्टपुर्जालाई उपयोगमा ल्याएर खर्च घटाउने प्रयास पनि गरियो ।

सन् २००९ मा बाराक ओबामा राष्ट्रपति बनेलगत्तै उनको सरकारले नासाको मानव अन्तरिक्ष उडान योजनाको स्वतन्त्र समीक्षा सुरु गर्‍यो । सेवानिवृत्त अन्तरिक्षयात्री नर्मन अगस्टिनको अध्यक्षतामा रहेको 'अगस्टिन समिति'ले अध्ययनमार्फत नासाको महत्त्वाकांक्षा यसको सीमित बजेटभन्दा बढी रहेको र न्यून बजेटले योजना कार्यान्वयनमा ढिलाइ भइरहेको पत्ता लगायो । अवस्था सुधार नभएर अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रको सञ्चालन बन्द भएपछि मात्र पहिलो ओरियन अन्तरिक्षयान सञ्चालन आउने सम्भावना देखियो ।

अगस्टिन समितिले तत्कालीन बजेटलाई यथावत् राखेर अगाडि बढ्ने विभिन्न विकल्पको प्रस्ताव गर्‍यो, जसमा मुख्यत नयाँ अन्तरिक्षयान र अन्तरिक्ष केन्द्रसम्बन्धित कार्यक्रमलाई प्राथमिकता दिइयो । तीन अर्ब अमेरिकी डलरको अतिरिक्त वार्षिक लगानीले पृथ्वीको तल्लो कक्षभन्दा परसमेत मानव अन्वेषण सम्भवतः हुने समितिले औंल्यायो । अन्ततः, कार्यान्वयन गर्न कठिन भएको भन्दै ओबामा सरकारले कन्स्टिलेसन कार्यक्रम नै खारेज गरिदियो । तथापि, त्यसका दुई प्रविधि भने कायम रहे ।

सन् २०१० मा जारी भएको 'नासा अथोराइजेसन एक्ट'ले ओरियनको निरन्तर विकासलाई बजेट छुट्यायो । तथापि, त्यस विधेयकले अन्तरिक्ष केन्द्रमा चालक दल ल्याउने-लग्ने कामको जिम्मेवारी व्यावसायिक अन्तरिक्षयानलाई दियो । यसले नासालाई चन्द्रमामा ओरियनलाई चन्द्रमा पठाउने 'अन्तरिक्ष प्रक्षेपण प्रणाली' विकास गर्न निर्देशन दियो । यसका लागि रद्द भएको 'एअरिज पाँचौँ' को हेभी बुस्टरको पुनः डिजाइन गरेर काम चलाउन भनिएको थियो । यो प्रविधि रणनीतिले कैयौं कांग्रेसले क्षेत्रमा अन्तरिक्षसम्बन्धी ठेक्कालाई निरन्तरता दिने भएकाले यसले रोजगारी गुम्न दिएन, जसले अन्ततः राजनीतिक फाइदा पनि रह्यो ।

डिसेम्बर २०१४ मा, 'डेल्टा चौथो' नामक हेभी रकेटले परीक्षण उडानमा पहिलोपटक ओरियन क्याप्सुल प्रक्षेपण गर्‍यो । यसले इन्जिनियरहरूलाई अन्तरिक्षयान प्रणाली र त्यसमा प्रयोग हुने ताप ढालसम्बन्धी महत्त्वपूर्ण तथ्यांक दियो । अक्टोबर २०१५ सम्ममा, उक्त अन्तरिक्ष प्रक्षेपण प्रणालीले एक महत्त्वपूर्ण डिजाइन समीक्षा पूरा गरेको थियो, जसलाई निर्माण सुरु हुनुअघि अन्तिम चरण मानिन्छ ।

■ के हो आर्टिमिस शृंखला ?

डिसेम्बर २०१७ मा, ट्रम्पले पहिलो कार्यकाल सम्हालेपछि उसको सरकारले नासालाई मानवसहित चन्द्रमामा फर्कने अभियान सुरु गर्न नीतिगत निर्देशन जारी गर्‍यो । लगत्तै अमेरिकी अन्तरिक्ष एजेन्सी(नासा)ले सन् २०२४ सम्ममा मानिसलाई चन्द्रमामा उतार्ने महत्त्वाकांक्षी अवतरण मिति तय गर्‍यो । 'ओरियन' र नासा अथोराइजेसन एक्ट'अनुरूप बनेको 'अन्तरिक्ष प्रक्षेपण प्रणाली' प्रयोग गरिने यस कार्यक्रमलाई नासालेे मे २०१९ मा आधिकारिक रूपमा ग्रिक मिथकअनुरूप सिकारकी देवी 'आर्टिमिस'बाट नाम दियो ।

यसमा नोभेम्बर २०२२ मा २५ दिने 'आर्टिमिस प्रथम' अभियान प्रमुख कोसेढुंगा रह्यो । मानवरहित सो उडान 'अन्तरिक्ष प्रक्षेपण प्रणाली'को पहिलो उडान थियो । साथै, यो उडान अन्तरिक्ष प्रक्षेपण प्रणाली र ओरियनले पहिलोपटक एकीकृत अभियान थियो । त्यही उडानले गत बुधबारको मानवसहित चन्द्रमावरपर चक्कर लगाउन पठाइएको 'आर्टिमिस द्वितीय'का आधार तयार पारेको थियो । आर्टिमिस द्वितीयले अब आर्टिमिस चतुर्थको चन्द्रमा धरातलमा अवतरणका लागि आधार तयार गर्नेछ ।

(मार्गोलिस अमेरिकाको अन्तरिक्षसम्बन्धी संग्रहालय 'नेसनल एअर एन्ड स्पेस म्युजियम (स्मिथसोनियन इस्टिच्युट)'मा समकालीन अन्तरिक्ष उडानकी संग्रहाध्यक्ष हुन् । द कन्भर्सेसनमा प्रकाशित यो आलेख ***श्रवण उप्रेती****ले अनुवाद गरेका हुन् ।)*

१८ खर्ब ९० अर्बको सिलिङमा बजेट लेख्न बन्यो समिति

अर्थतन्त्र सुधारका एजेन्डालाई समावेश गरी बजेट लेख्न अर्थ मन्त्रालयका पाँच सहसचिव रहेको समितिलाई जिम्मेवारी, चाँडै बजेट निर्माण कार्यतालिका आउने

समितिको कार्यक्षेत्र

- बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता तयार गर्ने
- बजेट वक्तव्यको मस्यौदा लेखन
- नीति तथा कार्यक्रमका लागि सुझाव उपलब्ध गराउने
- बजेटमार्फत कार्यान्वयन गरिने आयोजनाको प्राथमिकीकरण
- अर्थमन्त्रीसँग समन्वय गरी सरोकारवालासँग छलफल गर्ने

पवन तिमिल्सिना/नयाँ पत्रिका

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट लेख्न मस्यौदा समिति गठन गरेको छ। राष्ट्रिय स्रोत अनुमान समितिले दिएको १८ खर्ब ९० अर्ब ४४ करोड रुपैयाँको सीमाभित्र रहेर बजेटको मस्यौदा तयार गर्न मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखाका प्रमुख उत्तरकुमार खत्रीको संयोजकत्वमा पाँच सदस्यीय समिति बनाइएको छ।

समिति सदस्यहरूमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुख डा. सुमन दाहाल, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमख डा. धनीराम शर्मा, आर्थिक नीति विश्लेषण महाशाखा प्रमुख महेश भट्टराई र वित्तीय संघीयता समन्वय महाशाखा प्रमुख सेवन्तक पोखरेल रहेका छन्। समिति गठन भएसँगै आगामी वर्षको बजेट निर्माण प्रक्रियाले गति लिएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए। 'अर्थमन्त्रीज्यू आफैं निजी क्षेत्रका प्रतिनिधिसँग संवाद गर्न वीरगन्ज पुगुभएको छ। सुधारका एजेन्डा सम्बोधन गर्ने उद्देश्यले बजेट तर्जुमा प्रक्रिया सुरु भएको छ,' उनले भने।

बजेट लेखन मस्यौदा समिति



उत्तरकुमार खत्री, संयोजक



डा. सुमन दाहाल



डा. धनीराम शर्मा



महेश भट्टराई



सेवन्तक पोखरेल

समितिले आर्थिक वर्ष ०८३/८४ को बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता तयार गर्नेछन्। त्यस्तै, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबाट संघीय संसदमा पेस गर्ने बजेट वक्तव्यको मस्यौदासमेत समितिले नै तयार गर्नेछ। समितिलाई आगामी वार्षिक नीति तथा कार्यक्रमका लागि सुझाव उपलब्ध गराउने कार्यक्षेत्र पनि तोकिएको छ। त्यस्तै, आगामी बजेटमार्फत कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने जिम्मेवारी पनि दिइएको छ।

आगामी बजेटका लागि राष्ट्रिय स्रोत अनुमान समितिले अर्थ मन्त्रालयलाई चालूतर्फ सात खर्ब ५५ अर्ब २४ करोड, तीन खर्ब ६७ अर्ब १० करोड पुँजीगत र तीन खर्ब ४८ अर्ब ९५ करोड वित्तीय व्यवस्थातर्फ सीमा निर्धारण गरिदिएको छ। त्यस्तै, प्रदेश र स्थानीय तहमा हस्तान्तरणका लागि चार खर्ब १९ अर्ब १५ करोड सीमा तोकिएको छ।

भोलि आर्थिक स्थितिपत्र सार्वजनिक

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पद सम्हाल्नुअघिसम्मको तथ्यांकलाई समेटेर आइतबार 'आर्थिक स्थितिपत्र' सार्वजनिक गर्ने कार्यतालिका रहेको छ। अर्थमन्त्री वाग्लेले पद सम्हाल्ने क्रममा पनि उक्त निर्णय गरेका थिए।

अर्थ मन्त्रालयका अनुसार १२ चैतसम्म सरकारले सात खर्ब ८० अर्ब १२ करोड २० लाख रुपैयाँ राजस्व संकलन गरिसकेको छ। गत आवको १२ चैतसम्म सात खर्ब ४४ अर्ब ८० करोड ४८ लाख राजस्व उठेको थियो। ४.७४ प्रतिशतले राजस्व संकलनमा वृद्धि भएको तथ्यांक छ।

गत आर्थिक वर्षको १२ चैतसम्मको तुलनामा सरकारलाई आयकर संकलन कमजोर छ। अन्य शीर्षकका राजस्व संकलनमा वृद्धि भएको देखिन्छ। आयकर संकलन भने ०.८६ प्रतिशतले घटेको छ। भन्सार महसुल संकलन ९.०७ प्रतिशतले बढेको छ। मूल्य अभिवृद्धि कर (भ्याट) संकलन ८.२४ प्रतिशतले बढेको छ। अन्तःशुल्क संकलन १२.३५ प्रतिशतले बढेको छ। शिक्षा सेवा शुल्क संकलनमा ६७.१९ प्रतिशतको वृद्धि छ। गैरकर राजस्व संकलनमा १२.६ प्रतिशतको गिरावट छ।

महालेखा नियन्त्रकको कार्यालयअनुसार १२ चैतसम्मको कुल बजेट खर्च भने नौ खर्ब ६७ अर्ब ४५ करोड रुपैयाँ छ। यो कुल विनियोजनको ४९.२६ प्रतिशत मात्रै हो। पुँजीगत खर्च २०.५५ प्रतिशत मात्रै छ। चार खर्ब सात अर्ब ८८ करोड रुपैयाँको पुँजीगत बजेटमा ८३ अर्ब ८१ करोड मात्रै खर्च भएको छ।

मन्त्रालयले चालू आवका लागि जेन-जी आन्दोलनपछिको सरकारी भवन पुनर्निर्माणमा चार अर्ब रुपैयाँ भुक्तानी दिने प्रतिबद्धता जनाए पनि सहरी विकास मन्त्रालयले हालसम्म काम थाल्न सकेको छैन। जसकारण यसपालि अपेक्षित पुँजीगत खर्च नहुने अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन्। खर्चको तुलनामा आम्दानी कमजोर हुँदा फागुन मसान्तसम्म सरकारको सञ्चित कोष एक खर्ब २७ अर्ब रुपैयाँले घाटामा छ। पश्चिम एसियाली मुलुकहरूमा जारी सैन्य तनावले नेपाली अर्थतन्त्रमा असर पार्ने चुनौती बढाएको छ।

आर्थिक रूपान्तरण प्रमुख एजेन्डा : अर्थमन्त्री वाग्ले

वीरगन्जमा **तिवारी यादव**



आगामी आर्थिक वर्ष ०८३/८४ को पूर्वसन्ध्यामा आयोजित अन्तर्क्रियामा सहभागी भएका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक रूपान्तरणलाई प्रमुख एजेन्डा बनाएर काम थालिसकेको बताएका छन्।

पर्सा र बाराका उद्योगी-व्यापारीसँग अन्तर्क्रियामा उनले आर्थिक रूपान्तरणका लागि नै रास्वपाले अभूतपूर्व जनादेश पाएकाले त्यसैलाई प्रमुख एजेन्डा बनाएर काम थालिसकेको बताएका हुन्। 'आगामी बजेट आर्थिक रूपान्तरणका लागि हुनुपर्छ भन्ने मूल ध्येय राखेर अगाडि बढेका छौं,' उनले भने। कार्यक्रममा सहभागी उद्योगी-व्यापारीबाट आएका सुझाव अध्ययन गरेर सम्भव भएसम्म आगामी बजेटमा समेट्न प्रयास गरिने पनि उनले आश्वासन दिए। मुलुकको अर्थतन्त्रलाई सबल बनाउन नयाँ सरकार गठन भएलगतै राजस्व विभागसहितका केही निकायहरू सरकारले खारेज गरेर काम सुरु गरिसकेको उनको भनाइ थियो। रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार समितिले बुझाएको प्रतिवेदनअनुसार धेरै सुधारका काम गरिने उनले बताए। 'सरकार मुलुकको समग्र अर्थतन्त्र सुधारको बाटोमा अगाडि बढिसकेको छ,' उनले भने। वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले नीतिगत समस्याबारे ध्यानाकर्षण गराएका थिए।

संक्षेप

लगानीकर्ता सहजीकरण तथा गुनासो सुनुवाइ डेस्क



काठमाडौं/ लगानी बोर्ड नेपालले लगानीकर्ता सहजीकरण तथा गुनासो सुनुवाइ डेस्क स्थापना गरेको छ। एकल विन्दु सेवा केन्द्र सञ्चालनसम्बन्धी सेवा प्रवाहका लागि सुनुवाइ डेस्क स्थापना गरेको हो। लगानी बोर्डका सहसचिव हेमराज तामाङले लगानी बोर्डले डिजिटल रूपमा एकल विन्दु सेवा केन्द्र सञ्चालन गर्ने तयारी गरिरहेको र त्यसको प्रारम्भिक चरणअन्तर्गत लगानीकर्तालाई थप सहज वातावरण मिलाउन डेस्क स्थापना गरेको जानकारी दिए। तामाङका अनुसार डेस्कमार्फत लगानीकर्ताले लगानीसम्बन्धी जानकारी लिन, समस्या राख्न र गुनासो गर्न सक्नेछन्।

विद्युत् नीति ल्याउन ऊर्जामन्त्रीले सुरु गरे छलफल

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले विद्युत् नीतिमाथि आन्तरिक छलफल सुरु गरेका छन्। छलफलमा उनले समग्र ऊर्जा क्षेत्रको विकास, संरचनागत एवं संस्थागत सुधार, ऊर्जा उपयोग, वातावरण संरक्षणलगायतका विषयलाई समेट्नुपर्नेमा जोड दिएका हुन्। शुक्रबार भएको उक्त छलफलमा मन्त्री श्रेष्ठले विद्युत् नीति ल्याउँदा ऊर्जा क्षेत्रको समग्र तथ्य र तथ्यांकसमेत स्पष्ट हुने गरी अगाडि बढाउन मातहतका निकायलाई निर्देशन दिए। उनले नीतिको मस्यौदामाथि सरोकार पक्षहरूसँग बृहत् छलफल गरी दीर्घकालीन सोचका साथ अगाडि बढाउनुपर्ने बताए।

साताको बजार

सुन र सेयर वृद्धि, डलर कमजोर

नयाँ पत्रिका

■ एक डलरबराबर १४८.६७ रुपैयाँ

यो साता नेपाली बजारमा सुनचाँदीकोको मूल्य बढेको छ। साताको पहिलो दिन आइतबार सुनको मूल्य प्रतितोला दुई लाख ८६ हजार रुपैयाँ रहेकोमा साताभर उतारचढाव हुँदै शुक्रबारसम्म आइपुग्दा प्रतितोला दुई लाख ९४ हजार कायम भयो। शुक्रबारको भाउ आइतबारको तुलनामा प्रतितोलामा आठ हजार रुपैयाँ बढी हो।


भूराजनीतिक तनाव बढ्दै जानु, इजरायल-अमेरिका र इरान युद्धले हर्मुज जलक्षेत्र प्रभावित रहनु, क्रुड आयलको भाउ उच्च रूपमा बढ्नु, डलर कमजोर बन्नु, मौद्रिक नीतिलाई सहज बनाउने उद्देश्यले फेडेरल बैंकले ब्याजदर कटौती गर्ने सम्भावनाले गर्दा सुनचाँदीको मूल्यमा उतारचढाव आएको विश्लेषकको भनाइ छ।

यो साता चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला चार हजार सात सय २० रुपैयाँ कायम रहेकोमा उतारचढाव हुँदै शुक्रबार प्रतितोला चार हजार आठ सय ३० रुपैयाँ कायम भएको छ। समग्रमा साताभर चाँदी तोलामा प्रतितोला एक सय १० रुपैयाँ बढेको हो।

त्यसैगरी, साताभरमा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक एक सय ६७.९८ अंकले घटेको छ। निर्वाचनयता वृद्धि भएको बजारमा नाफा बुक गर्ने लहरसँगै नयाँ सरकारको सेयर बजारमैत्री नीतिको पर्खाइका कारण सेयर बजारमा गिरावट आएको हो।

गत साता बिहीबार २९५०.१६ विन्दुमा रहेको बजार परिसूचक यो साताको बिहीबारसम्म आइपुग्दा २७८२.१८ विन्दुमा पुगेको हो। सर्वाधिक सेयर कारोबार सोमबार १४ अर्ब ७८ करोड रुपैयाँको भएको थियो। सबैभन्दा कम कारोबार बिहीबार आठ अर्ब ६९ करोडमा सीमित भएको थियो। बजार पुँजीकरण ४७ खर्ब ३० अर्ब कायम भएको छ।





मंगलबार, बुधबार र बिहीबार डलर सामान्य बढेर खरिद दर एक सय ५१ रुपैयाँ ४४ पैसा र बिक्री दर एक सय ५२ रुपैयाँ चार पैसा कायम रह्यो। तर, शुक्रबारमा भने डलरको मूल्य घटेर खरिद दर एक सय ४८ रुपैयाँ ६७ पैसा र बिक्री दर एक सय ४९ रुपैयाँ २७ पैसामा झरेको छ। डलरको विनिमय दर भारतीय रुपैयाँसँग जोडिएकाले भारतीय मुद्रा बलियो हुँदा नेपालमा डलर सस्तो हुन्छ। अन्तर्राष्ट्रिय बजारमा डलर कमजोर हुँदा भारतीय रुपैयाँ बलियो भएकाले यस्तो उतारचढाव देखिने गर्छ। डलर घट्दा विदेशबाट सामान आयात गर्ने व्यवसायी, विदेशमा पढ्ने विद्यार्थी, विदेश भ्रमण गर्ने नेपालीलाई फाइदा हुने गर्छ। तर, रेमिट्यान्स पठाउने कामदार र निर्यातकर्तालाई भने घाटा हुन सक्छ।

युनियन हाइड्रोपावर लिमिटेड
Union Hydropower Limited
Lalitpur-3, Dhobighat, Tel : 01-5425406
E-mail : unionhppl@gmail.com, Web : www.unionhydropower.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८२/१२/२१ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको संचालक समितिको मिति २०८२/१२/२० को निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभाको कार्यक्रम :

मिति : २०८३ साल बैशाख ०६ गते आइतबार (तदनुसार अप्रिल १९, २०२६)
समय : बिहान ११:०० बजे
स्थान : सिद्धार्थ कटेज, ललितपुर-३, धोबिघाटमा भौतिक तथा विद्युतिय माध्यम Virtual (Zoom App) मार्फत एक साथ सभा संचालन गरिनेछ ।

छलफलका विषयहरु :

विशेष प्रस्ताव

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी नाम परिवर्तन तथा उद्देश्य थप गर्ने सम्बन्धमा।
२. कम्पनीको हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धमा।
३. अख्तियारी दिने सम्बन्धमा।
४. विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

अन्य जानकारीहरु :

१. कम्पनीले प्रविधिको अधिकतम प्रयोग गरी धेरै भन्दा धेरै शेयरधनी महानुभावहरुलाई देशका विभिन्न स्थान र विदेशवाट समेत विशेष साधारण सभामा उपस्थिति जनाउने तथा कम्पनीको वारेमा अधिकतम जानकारी लिई कम्पनीको स्तर उन्नतीको लागी शेयरधनीवाट अधिकतम सुझाव लिई कम्पनीको प्रगतीको लागी थप उर्जा थप्नका लागी दुवै माध्यमलाई प्रयोग गर्ने निर्णय भएकाले सोही बमोजिम भर्चुअल माध्यमबाट भएको उपस्थितीलाई अभिलेख गराउन चाहने शेयरधनी महानुभावले विशेष साधारण सभा हुनु भन्दा तिन दिन अगावै देखी कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी कापीमा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछि भर्चुअल माध्यमबाट उपस्थित हुन सक्नु हुनेछ।
२. विशेष साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहनेछ।
३. विशेष साधारण सभामा प्रवेशका लागि आफ्नो परिचय खुल्ने प्रमाण कागज वा DEMAT Account Statement लिई आउनु हुन अनुरोध छ।
४. भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थिति सभा हलमा उपस्थित भए सरह मान्यता दिइने छ र निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ। उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ।
५. Meeting ID र Password को निमित्त कम्पनीको इमेल unionhppl@gmail.com मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा पनि जानकारी गराउँदछौ। साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान Verification गरि ID र Password समयमै पठाउन आई पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तिमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ।
६. भर्चुअल माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनुहुने शेयरधनी महानुभावहरुले कम्तिमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक इमेल unionhppl@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनु हुन अनुरोध छ।
७. विशेष साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयर दर्ता किताव (शेयर दाखिल खारेज) मिति २०८२/१२/२६ गते एक दिनका लागी बन्द रहने छ। साथै शेयरधनी दर्ता किताव बन्द हुने मिति २०८२/१२/२६ गते भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको विशेष साधारण सभामा भाग लिन पाउनेछन्।
८. विशेष साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचा अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधिपत्र भरी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ। यसरी नियुक्त प्रतिनिधिले सो प्रोक्सी काठमाण्डौ, नयाँ बानेश्वर स्थित शेयर रजिष्ट्रार लक्ष्मी सन्राइज क्यापिटल लि. बाट प्रमाणित गराई सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीमा दर्ता गर्नुपर्नेछ। सो समयावधी नघाई प्राप्त हुन आएको प्रोक्सी मान्य हुने छैन। प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधिपत्र स्वत: बदर हुनेछ।
९. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
१०. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ। तर त्यस्तो प्रस्ताव विशेष साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ।
११. विशेष साधारण सभा सम्बन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ललितपुर-३, धोबीघाटमा सम्पर्क राखी लिन सकिने छ। थप जानकारीको लागि कम्पनीको वेब साइट www.unionhydropower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ।

विदेशमा आकर्षक रोजगारीको प्रलोभनमा युवामाथि ठगी

३६ करोड ठगी गर्ने ३५२ विरुद्ध अनुसन्धान

अजित अधिकारी/नयाँ पत्रिका

वैदेशिक रोजगार विभागले विदेशमा आकर्षक रोजगारी लगाइदिने भन्दै युवाहरूलाई ३६ करोड ५७ लाख ६३ हजार रुपैयाँ ठगी गर्ने तीन सय ५२ व्यक्तिविरुद्ध अनुसन्धान थालेको छ। अनुसन्धानमा रहेका व्यक्तिको सूचीसमेत विभागले सार्वजनिक गरेको छ।

विभागकी महानिर्देशक मीरा आचार्यले ठगीमा परेका युवाले दिएको उजुरीका आधारमा गरेको अनुसन्धानपछि तीन सय ५२ आरोपितको नाम, ठेगाना र ठगी गरेको रकम सार्वजनिक गरिएको बताइन्। 'उजुरीपछि गरिएको प्रारम्भिक अनुसन्धानमा ठगी गरेको पुष्टि भएकाले संदिग्धहरूको नाम सार्वजनिक गरिएको हो,' उनले भनिन्, 'यीमध्ये कतिपयलाई अनुसन्धानको दायरामा ल्याउन अदालतबाट पक्राउ पुर्जी जारी भएको छ। केहीको पक्राउ पुर्जीका लागि अनुमति लिने काम भइरहेको छ।'

उनले श्रमिक युवालाई ठगी गर्नेविरुद्ध कानुनी कारबाहीमा उत्रिएको पनि बताइन्। 'श्रमिक ठगेर व्यवसाय चलाउन खोज्नेविरुद्ध हामी निरन्तर कारबाही गरिरहेका छौं,' उनले भनिन्, 'अब भने अलि एग्रेसिभ भएर अनुसन्धान र कारबाहीलाई अघि बढाउन लागिएको छ।'





● **मीरा आचार्य**, महानिर्देशक, वैदेशिक रोजगार विभाग

❝ प्रारम्भिक अनुसन्धानमा ठगी गरेको पुष्टि भएकाले संदिग्धहरूको नाम सार्वजनिक गरिएको हो। श्रमिक युवालाई ठगी गर्नेविरुद्ध कानुनी कारबाहीमा उत्रिएका छौं। श्रमिक ठग्न खोज्नेविरुद्ध निरन्तर कारबाही गरिरहेका छौं। अहिले एग्रेसिभ भएका हौं।

उनले ठगीमा परेका श्रमिकलाई यथेष्ट प्रमाणसहित उजुरी दिन पनि आग्रह गरेकी छिन्। दिनहुँ उजुरीको चाप बढिरहेकाले थप कर्मचारी व्यवस्थापनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय भइरहेको पनि बताइन्। विभागका अनुसार अधिकांश युवालाई युरोपका देश पठाइदिने प्रलोभन देखाएर ठगी गरिएको छ। श्रममन्त्री दीपक साहको निर्देशनपछि विभागले आवश्यक कागजात उपलब्ध गराएको खण्डमा एक दिनमै श्रम स्वीकृति दिन थालेको जनाएको छ।

युरोपेली देश पठाईदिने नाममा धेरै ठगी

विभागको तथ्यांकअनुसार रोमानिया, सर्बिया, अजरबैजन, क्यानडा, क्रोएसिया, टर्की, बुल्गेरिया, क्यामन, आइसल्यान्ड, न्युजिल्यान्ड, युके, स्लोभाकिया, ग्रिस, साइप्रस, जर्जिया, अस्ट्रेलिया, लक्जमबर्ग, डेनमार्क, माल्टा र चेक रिपब्लिक पठाइदिने भन्दै ठगीमा संलग्नलाई अनुसन्धानमा तानिएको छ। त्यसैगरी, स्पेन, बोलारुस, आयरल्यान्ड, अल्बानिया, जर्मनी, बुल्गेरिया, फ्रान्स, पोर्चुगल, पोल्यान्ड, मौरिससलगायतका देश पठाउने नाममा पनि युवालाई ठगिएको छ। विभागका अनुसार कतार, मलेसिया, दुबई, लिथुनिया, जापान, कोरिया, सिंगापुर, माल्दिभ्सलगायत पठाइदिने नाममा ठगी भएको भन्दै परेको उजुरीमा छानबिन अघि बढाइएको छ।

पीडितलाई सजिलो हुने गरी ऐन संशोधन हुँदै

विभागले वैदेशिक रोजगार ऐन, ०६४ को संशोधन कार्य अघि बढाएको छ। ठगिएका श्रमिकलाई सम्बन्धित जिल्लाबाटै न्याय पाउन सजिलो हुने गरी ऐन संशोधन अघि बढाइएको महानिर्देशक आचार्यले जानकारी दिइन्। 'अहिले पीडित श्रमिक उजुर दिन काठमाडौंस्थित विभाग धाउनुपर्ने बाध्यता छ। यो खर्चिलो भइरहेको छ,' उनले भनिन्, '५० हजारदेखि एक लाख रुपैयाँसम्म ठगिएको रकमको क्षतिपूर्ति पाउन काठमाडौं आउजाउ गर्ने र बस्ने खर्चले झन् पीडा दिइरहेको छ।

का.नि.इ.नं.१२८/०६३/६४, म.के.हु.नि.इ.न. १७/०६९/०७७

यस्तो हुनेछ २३औँ संस्करणको फिफा विश्वकप

पहिलोपटक ४८ राष्ट्रले स्थान बनाउँदा उपाधि दाबेदार राष्ट्र इटाली भने छनोट भएन, नवप्रवेशी राष्ट्रहरू जोर्डन, उज्वेकिस्तान, कुरासाओ र केप भर्डे विश्वकप खेल्दै

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आगामी जुनदेखि जुलाईसम्म विश्वकप फुटबल प्रतियोगिता आयोजना गर्दै छन् । फिफाले पहिलोपटक विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउन सहभागी संख्या पनि बढाएको छ । योपटक फुटबल समर्थकले ४८ राष्ट्रले उपाधिमाथि दाबेदारी दिएको हेर्न पाउनेछन् । यसअघिका संस्करणमा ३२ राष्ट्रले भाग लिएका थिए । फिफाका अध्यक्ष इन्फाटिन्होले विश्वकपमा सहभागी संख्या बढाउँदा नयाँ उदयीमान राष्ट्र आउने विश्वास गरेका छन् ।

विश्वकपमा पहिलोपटक ४८ राष्ट्रले स्थान बनाउँदा शक्तिशालीसँगै उपाधि दाबेदार राष्ट्र भने पुग्न सकेन । आश्चर्यजनक रूपमा चारपटकको विजेता इटाली विश्वकपको टिकट काट्न असफल भयो । योभन्दा बढी स्तब्धकारी नतिजा भनेको इटाली लगातार तेस्रोपटक विश्वकपसम्म पुग्न सकेन । सन् २०१८ यता विश्वकपमा इटालीको उपस्थिति शून्य रहेको छ । पछिल्लो समयमा इटालीको फुटबल बलियो नहुँदा उनीहरू विश्वकपको युरोपियन छनोट चरण पार गर्न नसकेको विज्ञहरूको भनाइ छ । इटालीमा अहिले फुटबलभन्दा पनि टेनिसले राज गरिरहेको छ ।

फेरि अर्को कुरा, इटालीमा पहिलाको जस्तो स्टार खेलाडी भर्नौं वा खेल जिताउन सक्ने खेलाडी छैनन् । इटाली मात्र नभएर पोल्यान्ड, डेनमार्क, चिली र क्यामरुन, नाइजेरियाजस्ता शक्तिशाली देशले विश्वकपको अन्तिम स्थान बनाउन सकेनन् । जहाँ फुटबल जगत्मा आफ्नो उपस्थिति दरिलो बनाएका राष्ट्रहरू अन्तिम चरणमा पुगेनन् । त्यही पृष्ठभूमिमा कंगो, इराक र बोस्निया हर्जगोभिना राष्ट्रले विश्वकप खेल्ने पक्का गरेका छन् । ५२ वर्षपछि कंगोले विश्वकप खेल्दै छ ।

बलिया राष्ट्र विश्वकपमा नपुग्दा उसका स्टार खेलाडीको प्रतियोगिता खेल्ने सपना पनि तुहिएको छ । यसमा पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, चिलीका एलेक्सिस सान्चेज, डेनमार्कका क्रिस्टियन एरिक्सन, इटालीका सान्ड्रो टोनालीजस्ता खेलाडी आगामी जुन-जुलाईमा हुने विश्वकपमा देखिनेछैनन् । आयोजकसँगै फिफाले विश्वकपको तयारी पूरा भएको जनाएका छन् । फिफाले यसपटकको विश्वकप इतिहासकै सबैभन्दा ठुलो हुने दाबी गरेको छ । फिफाले यसपटकको विश्वकप फाइनल खेलको सामान्य टिकट मूल्य ११ हजार डलर तोकेको छ । जबकि चार वर्षअघि कतारमा भएको फाइलन टिकट मूल्य १२ सय डलर मात्र थियो ।

१०४ खेल ३९ दिन चल्ने

फिफाले गत डिसेम्बरमा विश्वकपको 'ड्र' निकालेको थियो । प्ले अफबाट आउने टोलीबाहेक समूह विभाजन गरेको फिफाले गर्‍यो । फिफाले ३२ बाट ४८ संख्या पुर्‍याएको यो नै पहिलोपटक हो । सहभागीहरू बढेपछि खेल संख्या बढ्ने स्वाभाविक हो । योपटक समर्थकले एक सय चार खेलको मज्जा लिन पाउनेछन् । यो लगतार ३९ दिनसम्म चल्नेछ भने १०४ खेल हुने छन् । सहभागीलाई १२ विभिन्न समूहमा राखिएको छ । प्रत्येक समूहमा चार टोली हुनेछन् । प्रत्येक समूहका शीर्ष दुई र उत्कृष्ट तेस्रो स्थानमा रहने आठ टोलीले राउन्ड अफ ३२ खेल्नेछन् । यसअघिका विश्वकपमा सिधै प्रि-क्वार्टरफाइनल हुन्थ्यो । अब विश्वकपको फाइनलसम्म पुग्न त्यति सहज छैन ।

उद्घाटन मेक्सिकोमा र फाइनल अमेरिकामा

तीन आयोजक राष्ट्र भए पनि उद्घाटन र फाइनल खेल फरक-फरक मैदानमा हुनेछन् । दक्षिण अमेरिकी राष्ट्र मेक्सिकोले विश्वकपको उद्घाटन खेल आयोजना गर्नेछ । ११ जुनमा मेक्सिकोले उद्घाटन खेलमा दक्षिण अफ्रिकाको सामना गर्नेछ । यो खेल मेक्सिकोको विश्वप्रसिद्ध रंगशाला एस्टाडियोमा हुनेछ । यसैगरी, उपाधि भिडन्त भने अमेरिकाको न्यु जर्सीको मेटलाइफ रंगशालामा हुनेछ । यो खेल १९ जुनमा हुनेछ । अर्को आयोजक राष्ट्र क्यानडाले समूह चरण तथा नकआउट चरण खेल गर्नेछ । फिफाका अनुसार विश्वकप १६ विभिन्न सहरमा आयोजना हुनेछन् । जसमध्ये अमेरिकामा सर्वाधिक ११ सहरले विश्वकप गर्नेछन् । क्यानडा र मेक्सिकोमा समान तीन सहरले विश्वकप खेल सञ्चालन गर्नेछन् ।

चार राष्ट्र पहिलोपटक खेल्दै विश्वकप

विश्वकप खेल्ने हरेकको सपना पूरा हुँदैन । कहिलेकाहीं भने नसोचेको सफलता पनि प्राप्त हुन्छ । फेरि त्यस विश्वकपमा पहिलोपटक स्थान बनाउँदा छनोट चरणमा उत्कृष्ट प्रदर्शन गरेको मान्नुपर्छ । योपटकको विश्वकपमा चार यस्ता राष्ट्रहरू छन्, जसले पहिलोपटक प्रतिस्पर्धा गर्नेछन् । एसियाबाट जोर्डन र उज्वेकिस्तानले विश्वकपमा डेब्यु गर्नेछन् ।

छनोटमा ओमानलाई ३-० ले हराएपछि जोर्डनले इतिहास बनाएको थियो । क्यारेबियन टापुबाट कुरासाओ पनि पहिलोपटक विश्वकपमा पुगेका छन् । आश्चर्यजनक रूपमा यो राष्ट्रको कुल जनसंख्या उक लाख ५० हजार मात्र रहेको छ । विश्वकप खेल्ने अहिलेसम्मकै सबैभन्दा सानो देश कुरासाओ हो । यसैगरी, दक्षिण अफ्रिकी छनोटमा क्यामरुनलाई स्तब्ध बनाएको केप भर्डेले पनि पहिलोपटक विश्वकप खेल्ने तयारी गरेको छ ।

दाबेदार प्रभाव पार्न सक्ने राष्ट्र

कुनै पनि बृहत् अन्तर्राष्ट्रिय प्रतियोगिता चल्दा त्यहाँ उपाधि दाबेदार र प्रभाव पार्ने टोली आकलन गरिएको हुन्छ । यसपटक पनि फुटबल विश्लेषकले विश्वकपको उपाधि दाबेदार र चुनौती दिने राष्ट्रहरू उल्लेख गरेका छन् । उनीहरूले स्पेनलाई उपाधिको प्रमुख दाबेदार राष्ट्रका रूपमा राखेका छन् । युरोपेली च्याम्पियन स्पेन उत्कृष्ट फर्ममा छ । सन् १९९६ देखि विश्वकप नजितेको इंग्ल्यान्ड पनि दाबेदार राष्ट्रमै पर्छ । युरोकपमा उत्कृष्ट प्रदर्शन गरेको इंग्ल्यान्ड योपटक राम्रो सेपमा छ । यसैगरी, युरोपियन राष्ट्र फ्रान्स पनि यो पंक्तिमा अगाडि नै छ । साबिक विजेता अर्जेन्टिना उपाधि रक्षा गर्ने अभियानमा छ । कप्तान लियोनल मेसीको सम्भवतः आगामी विश्वकप अन्तिम हुन सक्छ । विश्वकपमा उपाधि दाबेदारमा ब्राजिल सदाबहार राष्ट्र हो । ब्राजिलले सर्वाधिक पाँचपटक विश्वकप जितेको छ । सन् २००२ देखि ब्राजिल विश्वकप उपाधिविहीन छ ।

जहाँ विश्वकपको दाबेदार राष्ट्रको चर्चा गरिरहँदा उनीहरूलाई कडा चुनौती दिन सक्ने राष्ट्रहरू पनि छन् । युरोपियन राष्ट्र नर्वे यसमा अगाडि छ । २८ वर्षपछि नर्वेले विश्वकपमा स्थान बनाएको छ । नर्वेको मुख्य हतियार नै एर्लिङ हाल्यान्ड हुन् । एसियाली राष्ट्रमा जापान पनि कम होइन । एसियाली छनोटमा उत्कृष्ट प्रदर्शन गरेको जापानले इंग्ल्यान्डलाई समेत मैत्रीपूर्ण खेलमा हराएको छ ।

नेपाली समयअनुसार मध्यरातमा खेल

फुटबलका पारखीहरूले योपटकको विश्वकपमा एक महिनाभन्दा बढी निद्रा बिगार्नुपर्ने हुन्छ । अमेरिका, क्यानडा र मेक्सिकोले विश्वकप आयोजना गरिरहँदा खेलहरू मध्यरातिदेखि सुरु हुनेछन् । फिफाले निकालेको खेलतालिकाअनुसार सबैजसो खेल नेपाली समयअनुसार मध्यरातिदेखि बिहानसम्म चल्नेछन् । जसका कारण एसिया र युरोपका समर्थक रातभरि जाग्राम बस्नुपर्ने हुन्छ । फिफाले अमेरिकी समयअनुसार खेलतालिका सार्वजनिक गर्दा मध्यरात १२ बजेदेखि बिहान पाँच बजेसम्म खेलहरू चल्नेछन् ।

(एजेन्सीहरूको सहयोगमा)



खेल संक्षेप

२८ चैतदेखि विराट गोल्डकप

विराटनगर / विराट गोल्डकप फुटबल प्रतियोगिता २८ चैतबाट सुरु हुने भएको छ । विराटनगरको सहिद रंगशालामा आगामी ५ वैशाखसम्म हुने गोल्डकपमा स्वदेशी र विदेशी टोलीले प्रतिस्पर्धा गर्ने ट्रस्टका प्रवक्ता धनकुमार लामाले बताए । मोरङ जिल्लाको लिग विजेता सम्राट स्पोर्टिङ क्लबदेखि भारतको अल झारखण्ड बिर्सा मुन्डा एकेडेमीसहित आठ टोलीले भाग लिने लामाले बताए । विजेताले ११ लाख रुपैयाँ पाउनेछन् । उद्घाटन खेलमा पूर्वविजेता झापा ११ र त्रिभुवन आर्मी क्लबबिच प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताको दोस्रो खेलमा नेपाल एपिएफले साबिक उपविजेता चर्च ब्वाइजको सामना गर्नेछ । साबिक विजेता थ्रीस्टार क्लबको अनुपस्थिति रहँदा तेस्रो खेलमा नेपाल पुलिसले ०८० को विजेता मच्छिन्द्र फुटबलको सामना गर्नेछ ।

आचार्यले दिए राखेपको उपाध्यक्षबाट राजीनामा

काठमाडौं / राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले राजनीमा दिएका छन् । उनले युवा तथा खेलकुद मन्त्रालयलाई राजीनामा दिएका हुन् । उनलाई तत्कालीन केपी ओली सरकारले ०८१ को पुसमा उपाध्यक्षमा नियुक्त गरेको थियो । रुपन्देहीका उनी मदन भण्डारी स्पोर्टस् एकेडेमीका अध्यक्ष पनि छन् । 'मेरो कार्य व्यस्तता एवं वर्तमानको आवश्यकता, बदलिँदो राजनीतिक परिवेशलाई मध्यनजर गर्दै उपाध्यक्ष पदको जिम्मेवारीमा रही निरन्तर रूपमा कार्य गर्न असमर्थ भएकाले राखेपको उपाध्यक्ष पदबाट राजीनामा पेस गरेको छु,' उनको राजीनामा पत्रमा उल्लेख छ ।

कबड्डीसँग सहकार्य गर्दै नेपहपको श्रीपेच

काठमाडौं / नेपाल कबड्डी लिग (एनकेएल)मा नेपहपको श्रीपेच रियालिटी सो पार्टनर बनेको छ । जेन-जी पुस्तामा लोकप्रिय रियालिटी सो नेपहपको श्रीपेचसँग एनकेएल आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टले शुक्रबार साझेदारी गर्ने घोषणा गरेको हो । एस्ट्रोनिक्सका सिइओ विकास अग्रवाल र नेपहपको श्रीपेचका संस्थापक सुदीप पोखरेलले साझेदारी पत्रमा हस्ताक्षर गरेका छन् । दोस्रो कबड्डी लिग आगामी २२ जेठदेखि राखेपको कभर्डहलमा हुनेछ । जसमा ६ सहरका ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्नेछन् । अहिलेसम्म १६ देशका सयभन्दा बढी विदेशी खेलाडीले नाम दर्ता गरेका छन् ।

महिला गोल्डकपको तयारी अन्तिम चरणमा

भद्रपुर / चन्द्रगढी अन्तर्राष्ट्रिय आमन्त्रित महिला गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको आयोजकले जनाएको छ । भद्रपुरको मेची रंगशालामा शुक्रबार पत्रकार सम्मेलनमा च्याम्पियन टोलीले ११ लाख रुपैयाँ हात पार्ने चन्द्रगढी क्लबका अध्यक्ष रोहित सुब्बाले जानकारी दिए । यसैगरी, उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछ । प्रतियोगिताको मुख्य प्रायोजक भद्रपुरकै ओम साई पाथीभरा हस्पिटल रहेको छ । प्रतियोगिता आगामी ५ देखि १४ वैशाखसम्म हुने सुब्बाले बताए ।

प्रतियोगिताका प्लेयर अफ दी म्याचले ११ हजार रुपैयाँ प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीलाई ५० हजार र विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार प्रदान गरिनेछ । आयोजकको एक टोलीले पनि भाग लिने सुब्बाले बताए ।

म्याक्सवेल अस्ट्रेलियाको केन्द्रीय सम्झौताबाट बाहिर

एजेन्सी / विश्वचर्चित अलराउन्डर ग्लेन म्याक्सवेल अस्ट्रेलियन क्रिकेटको केन्द्रीय सम्झौता २०२६/०२७ बाट बाहिरिएका छन् । अस्ट्रेलियन क्रिकेट बोर्ड (सिए)ले नयाँ सिजनका लागि २१ खेलाडीलाई अनुबन्ध गर्दा म्याक्सवेल बाहिरिएका हुन् । सम्झौताअनुसार तीनवटै फर्म्याट खेलिरहेका खेलाडीलाई समावेश गरिएको संघले जनाएको छ । योपटक म्याक्स वेलसँगै म्याथ्यु सर्ट, रिचर्डसन, लान्स मोरिस र उस्मान खुवाजा बाहिरिएका छन् । युवा ब्याट्सम्यान सैम कोंस्टास पनि सम्झौतामा अटाएनन् । रिचर्डसन पछिल्लोपटक केन्द्रीय सम्झौतामा थिए । उनी एक वर्षमै सम्झौताबाट बाहिरिए ।



इंग्ल्यान्डविरुद्धको एसेजमा उत्कृष्ट प्रदर्शन गरेका बलर माइकल नेसर भने पहिलोपटक केन्द्रीय सम्झौतामा रहे । उनले तीन टेस्टमा १५ विकेट लिएका थिए । एक इनिङ्समा पाँच विकेटसमेत लिएका थिए । केन्द्रीय सम्झौतामा स्टिभ प्याट कमिन्स, टेबिस हेड, मिचेल मार्स र मिचल स्टार्क रहेका छन् । एलेक्स क्यारी, क्यामरुन ग्रिन, जोस हेजलउड, जोस इंगिस र एडम जाम्पा रहेका छन् ।

अस्ट्रेलियाले एक वर्षको अवधिमा १५ टेस्ट खेल्यो । बंगलादेशसँग घरेलु मैदानमा दुई, दक्षिण अफ्रिकामा तीन, न्युजिल्यान्डविरुद्ध घरेलु मैदानमा चार टेस्ट खेलेको अस्ट्रेलियाले भारत भ्रमणमा पाँच टेस्ट खेलेको थियो । मेलबर्न क्रिकेट मैदानको १५०औँ वार्षिक उत्सवमा अस्ट्रेलियाले एक विशेष खेल खेल्यो । यस सिजनमा अस्ट्रेलियाले इंग्ल्यान्डमा पाँच टेस्ट सिरिज पनि खेल्दै छ ।

■ लिगमा रोयल र प्लेबक्स विजयी



काठमाडौं / हिमालयन जाभा बास्केटबल लिग २०२६ मा शुक्रबार रोयल र प्लेबक्स ऐनाले जित हात पारेका छन् । दशरथ रंगशाला कभर्डहलमा रोयलले सोलो बास्केटबल क्लबलाई ७८-६७ ले हरायो । रोयलले १३ खेलमा १५ अंक जोडेको छ । दिनको दोस्रो खेलमा प्लेबक्स ऐनाले कीर्तिपुरलाई ८३-७१ ले पराजित गर्‍यो । प्ले बक्सको यो तेस्रो जित हो । प्लेबक्सले १३ खेलबाट १६ अंक जोडेको छ । कीर्तिपुरको भने यो दसौं हार हो । कीर्तिपुरको पनि समान १५ अंक छ । रोयल र प्लेबक्स प्लेअफ पुग्ने होडबाट बाहिरिसकेका छन् ।

एरिका र स्यान्टु वर्षका सर्वोत्कृष्ट खेलाडी



नयाँ पत्रिका

करौंतेकी एरिका गुरुङ र टेबलटेनिस खेलाडी स्यान्टु श्रेष्ठ २०औँ एनएनआइपिए स्पोर्टस् अवार्ड २०८१ मा सर्वोत्कृष्ट खेलाडी बनेका छन् । नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघको आयोजनामा शुक्रबार बनेपा नगरपालिकास्थित चन्डेश्वरी मन्दिरपरिसरमा भएको अवार्डमा टेबलटेनिसका स्यान्टुले ओलम्पिकको दक्षिण एसियाली छनोट चरण पार गर्दै पेरिस ओलम्पिकमा स्थान बनाएका थिए । छनोट चरणबाट ओलम्पिक स्थान बनाएका कारण स्यान्टु सर्वोत्कृष्ट खेलाडीको अवार्डबाट सम्मानित भएका हुन् । उनी टेबलटेनिसको वर्षका उत्कृष्ट खेलाडी पनि बनेका छन् ।

यसैगरी, करौंते खेलाडी एरिकाले विश्व करौंते वान युथ लिगमा ऐतिहासिक रजत पदक जितेकी थिइन् । उनले अस्ट्रेलियन ओपन करौंतेमा नेपाललाई ऐतिहासिक स्वर्ण दिलाएकी थिइन् । एरिका लगातार दोस्रो वर्ष महिलातर्फ सर्वोत्कृष्ट खेलाडी बनिन् । उनी करौंतेकी वर्षको उत्कृष्ट खेलाडी भइन् । सर्वोत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ प्राप्त गरेका छन् । यसैगरी, प्रतिभावान् पुरुषको अवार्ड तेक्वान्दोका अभिषेक बराल र बक्सिङकी स्वस्तिका तिरुवाले जितेका छन् ।

अभिषेकले छैटौं कासाद एसियन तेक्वान्दो च्याम्पियनसिपमा ८० केजी तौलमुनि समूहमा स्वर्ण जितेका थिए । स्वस्तिकाले आइएसएफ जिम्नासाइड समर खेलमा स्वर्ण पदक जितेकी थिइन् । यसअघि उनले सन् २०२१ मा दुबईमा भएको एसियाली जुनियर बक्सिङमा पनि कांस्य पदक हात पारेकी थिइन् । अभिषेक तेक्वान्दोका र स्वस्तिका बक्सिङकी उत्कृष्ट खेलाडी पनि बने ।

२६ खेलाडी आ-आफ्ना खेलका उत्कृष्ट

ओलम्पिकमा आबद्ध २७ मध्ये २६ खेलका खेलाडी वर्ष उत्कृष्ट खेलाडी बनेका छन् । संघले एनओसीमा आबद्ध सबै २७ खेललाई पत्राचार गरेको थियो । तर, सुटिङबाट ०८१ मा कुनै खेल आयोजना नभएको भन्दै खेलाडीको नाम पठाउन असमर्थ रहेको जनायो । जसका कारण सुटिङका कोही पनि खेलाडी अवार्डमा सहभागी नभएको आयोजकले जानकारी दिएको छ ।

अवार्डमा पौडीका एर्बिन श्रेष्ठ, च्याफ्टिङ एन्ड क्यानोइङका रबिन चेपाङ, स्कीकी लक्ष्मी राई, आर्चरीका तिलक पुन, फेन्सिङका मीन कार्की, जिम्न्यास्टिकका सुमित तनाखु र भारोत्तोलनका दिलीप यादव वर्षका उत्कृष्ट खेलाडी बनेका छन् । यसैगरी, उसुका शिवजी सिल्वाल, कुस्तीका अमरेशकुमार यादव, जुडोकी दीक्षा मगर, बास्केटबलका मुकेश राखल मगर, भलिबलकी सुमित्रा रेग्मी, फुटबलकी प्रीति राई र ह्यान्डबलकी निशा राई आ-आफ्नो खेलमा उत्कृष्ट खेलाडी बने ।

यसैगरी, ब्याडमिन्टनकी रशिला महर्जन, टेनिसकी सुनिरा थापा, गल्फका सद्भाव आचार्य, हकीकी नीलिमा पाण्डे, ट्रायथलनका मौलिक महर्जन, साइक्लिङका अच्युतकृष्ण खरेल, एथलेटिक्सकी सन्तोषी श्रेष्ठ र कबड्डीकी रबिना चौधरी वर्षका उत्कृष्ट खेलाडी भएका छन् ।

पाराकी प्रभा र भलिबलका कुमार सम्मानित

पारा खेलाडी सम्मानबाट एथलेटिक्सकी प्रभा आड्दाम्बे सम्मानित भएकी छिन् । राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा भएको विश्वविद्यालय खेलकुदमा १५ सय मिटर दौडपछि उनी पारा खेलतर्फ आकर्षित भएकी थिइन् । उनले दुबई ग्रान्ड प्रिक्सबाट अन्तर्राष्ट्रिय डेब्यु गरेकी थिइन् । उनले नयाँदिल्लीमा ३.९६ मिटर जम्प गर्दै टी ४७ लङ जम्पमा रजत जितिन् । जुन नेपाली पारा एथलेटिक्सकै सबैभन्दा ठुलो पदक हो । भलिबल प्रशिक्षक कुमार राईले गजराज जोशी आदर्श खेल व्यक्तित्वबाट सम्मानित हुँदै ३५ हजार रुपैयाँ प्राप्त गरे । यसैगरी, यस वर्ष एनएनआइपिए पत्रकारिता पुरस्कारबाट सिनियर फोटो पत्रकार उदिप्तसिंह क्षेत्री सम्मानित भएका छन् । उनले ३५ हजार रुपैयाँ पाएका छन् । उनीसँग दुई दशक लामो खेलकुद फोटो पत्रकारिताको अनुभव रहेको छ । स्थानीय आयोजक बनेपा नगरपालिका रहेको अवार्ड कार्यक्रम पहिलोपटक काठमाडौं उपत्यकाबाहिर भएको हो ।



■ इन्डियन प्रिमियर लिग

चेन्नईमाथि पन्जाबको सानदार जित

एजेन्सी

१९औँ इन्डियन प्रिमियर लिग (आइपिएल)मा पन्जाब किंग्सले चेन्नई सुपर किंग्सलाई पाँच विकेटले हराएको छ । घरेलु मैदानमा चेन्नईले पहिलो ब्याटिङ गरी २० ओभरमा पाँच विकेट गुमाएर दुई सय नौ रनको विशाल योगफल बनाएको थियो । पन्जाबले लक्ष्य पछ्याउँदा १८.४ ओभरमा पाँच विकेटको क्षतिमा दुई सय १० रन बनाउँदै सानदार जित निकाल्यो । चेन्नईको यो लगातार दोस्रो हार हो । पन्जाबको यो दोस्रो जित हो ।

पन्जाबले लक्ष्य पछ्याउँदा शीर्ष चार ब्याट्सम्यानले गतिलो प्रदर्शन गरेका थिए । प्रियांश आर्या र प्रभसिंरन सिंहले पहिलो विकेटका लागि ४.२ ओभरमा ६१ रनको साझेदारी गर्दै पन्जाबलाई उत्कृष्ट सुरुवात दिलाउन सफल भए । आर्याले ११ बलमा चार छक्का र तीन चौका प्रहार गरी ३९ रनको योगदान दिए । प्रभसिंरन र कुपर कोनोलीले दोस्रो विकेटनिम्ति ३४ रन साझेदारी गरी टोलीलाई ८.५ ओभरमा ९५-२ को स्थितिमा राखे ।

पन्जाबका लागि पहिलो पाँच विकेटसम्म राम्रो साझेदारी भएको थियो । प्रभसिंरनले ३४ बलमा ६ चौका र एक छक्का प्रहार गरी ४३ रनको योगदान दिए । कुपरले २२ बलको सामना गरी ६ चौकाको मद्दतमा ३६ रन जोडे । त्यसपछि कप्तान श्रयश अयर र नेहाल वाधेराले चौथो विकेटका लागि ५९ रनको साझेदारी गरी पन्जाबलाई १६.६ ओभरमा १८६-४ को स्थितिमा राखेका थिए । सोही ओभरमा नेहालले पनि विकेट गुमाएका थिए । श्रयशले २९ बलमा चार चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ५० रनको योगदान दिए । नेहालले नौ बलमा १० रन बनाए ।

आयुष र दुबेका आक्रामक ब्याटिङ

घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको चेन्नईले दोस्रो खेलमा उत्कृष्ट ब्याटिङ गर्‍यो । ओपनिङ गतिलो नभए पनि मध्यक्रमका ब्याट्सम्यानले उत्कृष्ट ब्याटिङ गरेका कारण चेन्नईले पन्जाबलाई दुई सयमाथिको लक्ष्य प्रस्तुत गरेको हो । ओपनर सन्जु सामसनले केवल सात रन मात्र बनाए । इनिङ्सको १.६ ओभरमा उनी क्याचआउट भएका थिए ।

त्यसपछि कप्तान रितुराज वैकवाड र आयुष महत्रेले दोस्रो विकेटका लागि ५५ बलमा ९६ रनको साझेदारी गर्दै चेन्नईलाई ११.१ ओभरमा ११०-२ को बलियो स्थितिमा राखे । रितुराजले २२ बलमा दुई चौकाको सहयोगमा २२ रन बनाए । आक्रामक ब्याटिङ गरिरहेका आयुषले आफ्नो विकेट १२.३ ओभरमा गुमाए । उनी आउट हुँदा चेन्नई १२३-२ को स्थितिमा रह्यो । आयुषले ४३ बलमा पाँच छक्का र ६ चौका प्रहार गरी सर्वाधिक ७३ रन जोडेका थिए ।

शिवम दुबे र सर्फराज खानले चेन्नईको डेथ ओभर सम्हाले । फिनिसिङ ओभरमा शिवम र सर्फराज आक्रामक देखिए । शिवमले २७ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ४५ रन बनाए । सर्फराजले प्रशान्त वीरसँग छैटौं विकेटका लागि २० बलमा ४१ रन जोड्दा चेन्नईले आफ्नो दोस्रो खेलमा दुई सय योगफल कटाउन सफल भयो । सर्फराजले १२ बलमा ६ चौका र एक छक्काको सहयोगमा ३२ रनको योगदान दिए ।